श्री

# काठमाडौं जिल्ला अदालत

## इजलास

## माननीय न्यायाधीश श्री शिशिर राज ढकाल

## फैसला

**मुद्दा नं. ०७९-C१-०७८६**

**रजिष्ट्रेशन नं. ३९-०७९-०८५३७**

**दायरी मितिः-२०७९।०७।१४**

**कसूर ठहर मितिः-२०८०।०९।१३**

**सजाय निर्धारण मितिः-२०८०।०९।२५**

**कसूर ठहर निर्णय नं.- १०७**

**सजाय निर्धारण निर्णय नं.- ६**

**परिवर्तित नामथर वतन गौशाला २६ (छ)(०७९/०८०) को जाहेरीले वादी नेपाल सरकार.....................................................................................१** } **वादी**

**विरुद्ध**

**जिल्ला स्याङ्जा जन्मस्थान भई हाल स्थायी वतन चितवन जिल्ला रत्ननगर न.पा. वडा नं.८ भई ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. २८ हात्तीवन पवित्र आवास बस्ने चन्द्र नारायण लामिछानेको छोरा बर्ष २२ को सन्दिप लामिछाने..१** } **प्रतिवादी**

**मुद्दाः- जवरजस्ती करणी ।**

**वादीका साक्षीः-**

जाहेरवाला परिवर्तित नाम गौशाला २६ (छ)(०७९।०८०), पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९।०८०), घटना विवरण कागज गर्ने साहव आलम, देव खनाल, राजन राणा, बाबुकाजी थापा मगर, सविन श्रेष्ठ, अनिश श्रेष्ठ, समिर पुरी, सन्तोष प्रसाद अधिकारी, लालबहादुर बानिया समेत ।

**प्रमाण कागजः-**

अभियोगपत्रको कागज महलमा उल्लेखित कागजहरु ।

**प्रतिवादीका साक्षीः-**

पृथ्वीराज पोखेल, सलिना शर्मा लामिछाने, साहव आलम समेत ।

**प्रमाण कागजः-**

बसाई सराई दर्ता कितावको प्रतिलिपि समेत ।

## अदालतबाट बुझेको साक्षीः-

**वादीका साक्षीः-**
जाहेरवाला परिवर्तित नाम गौशाला २६(छ) (०७९/०८०), पीडित परिवर्तित नाम गौशाला २६(छ)(१) (०७९/०८०), घटना विवरण कागज गर्ने साहव आलम, देव खनाल, राजन राणा, बाबुकाजी थापा मगर, सविन श्रेष्ठ, समिर पुरी, सन्तोष प्रसाद अधिकारी, लाल बहादुर बानिया, नारायण बहादुर बलामी, ईन्द्र विक्रम थापा, प्रकृति गिरी, पवन ढुंगाना, विशेषज्ञ डा. अनामिका झा र डा. मनिषा यादव समेत ।

**प्रतिवादीका साक्षीः-**
सलिना शर्मा लामिछाने र पृथ्वीराज पोखेल ।

## प्रमाण कागजः-

बसाई सराई दर्ता रजिष्टर समेत ।

**न्याय प्रशासन ऐन, २०७३ को दफा ७(१) तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ ले यसै अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ ।**

## मुद्दाको संक्षिप्त तथ्य

१. स्न्याप च्याट भन्ने एप मार्फत चिनजान भएका प्रतिवादी सन्दिप लामिछानेले मिति २०७९।०५।०१ गतेबाट निजले पारिवारिक पृष्ठभूमी समेतको बिषयमा सोधखोज गरी बिभिन्न बहानामा नजिक हुन खोजी परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई बिभिन्न फोटो भिडियोहरु समेत पठाउन लगाई भेट्ने प्रस्ताव राखी भेट गर्नको लागि बोलाउने गरेकोमा परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) ले विभिन्न कामहरु भएको भनी भेट गर्न नमान्दा निजले कर गरी मिति २०७९।०५।०६ गते बेलुका ८:०० बजे केन्याको लागि फ्लाईट भएको र त्यसपछि केन्याबाट नेपाल नफर्किकन क्यारेबियन प्रिमियर लिग खेल्नका लागि क्यारेबियन आईल्यान्डतर्फ जाने र सोको दुई महिनासम्म पनि नेपाल फर्कन पाउँदिन भेट गरी कतै घुम्न जाउँ Mental Refreshment पनि हुन्छ भनी जोडबल गरी मिति २०७९।०५।०५ गते भेटौं भनी फोन गरी कर गरेकोले मिति २०७९।०५।०५ गते १९:०० बजेको समयमा भेट भई निजको ०२६च ४४४ नम्बरको निशान X Trail गाडीको अगाडी बसी जाने क्रममा Nice

To Meet You भनेर साईडबाट अंगालोमा राखी जाँदै गर्दा परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) ले कहाँ जाने भनी सोध्दा Let's See भनेर सिनामंगलतर्फ गाडी मोडी भित्री बाटोबाट तिनकुने हुँदै कोटेश्वरतर्फ जाँदै गर्दा कता जान लागेको हो ? भनेर सोध्दा समेत केही नभनी परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) को मञ्जुरी बिना भित्री बाटो हुँदै भक्तपुर दरबार स्क्वायर नजिकबाट नगरकोट जाने बाटोतर्फबाट नगरकोटको बोजिनी नगरकोट रिसोर्टमा रातको करिब २०:२० बजेको समयमा पुऱ्याई सोही होटलको भि.आई.पी. रुम बुक गर्ने सम्बन्धमा पटक-पटक कुराकानी गर्दा परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) ले मिति २०७९।०५।०६ गते बिहान काम र कलेज रहेकाले बस्न नमिल्ने भनी होटलमा बस्न नमानेपछि गाडीमा बसी फर्कने क्रममा नगरकोटबाट ओरालो झर्दा एउटा हातले निजी अङ्गमा छुन खोजी, नगरकोटबाट सल्लाघारीको बाटो हुँदै काठमाण्डौं फर्कदा राती अबेर भईसकेका कारणले परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) को होस्टलमा सिधै प्रवेश मिल्दैन भन्ने कुराकानी हुँदा कतिवटा रुम बुक गर्ने भनी निजले सोधेकोमा परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) ले दुई वटा रुम लिनु भनी आग्रह गरेकोमा प्रतिवादीले परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) को मोबाईल समेत आफूले कब्जामा लिई राती करिब २३:५५ बजेको समयमा गाडी सिधै का.जि. का.म.न.पा. वडा नं.९ पिंगलास्थान स्थित होटल काठमाडौं ईनमा ल्याई कोठा नं.३०५ बुक गरी परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई सिधै होटल कोठामा लगी रुमको कोठामा ए.सी. खोली बेडमा गएर आराम गर भने अनुसार परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) आराम गर्न बेडमा पल्टिएको अवस्थामा प्रतिवादी आफु सोफामा बसी मोबाईल चलाईरहेकोमा परिवर्तित नाम गौशाला २६ (छ)(१) (०७९/०८०) सोही बेडमा निदाएको अवस्थामा प्रतिवादी सोही बेडमा आई सुती जबरजस्ती जिउमा छाम्न थालेकोमा ज्यान चल्न नसक्ने जस्तो भई सुतेकै अवस्थामा मिति २०७९।०५।०६ गते बिहानको राती करिब ००:२५ बजेको समयमा प्रतिवादीले परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) ले लगाएको पाईन्ट जबरजस्ती खोली आफूले लगाएको पाईन्ट समेत खोली जबरजस्ती करणी गरी परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) को शरीरमा बिर्य समेत झारी बाथरुम गई पुनः बेडमा नै आई सुतेकोमा त्यसको करिब एक घण्टा पछाडी निज प्रतिवादीले परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) को शरीरमा छाम्ने, कपाल तान्ने र ढाडमा पिट्दा परिवर्तित नाम गौशाला २६ (छ)(१) (०७९/०८०) डर लागेर रुँदा समेत प्रतिवादीको बलियो जिउले चल्न नदिई रुँदा

कराउँदा समेत नछाडी पुनः जबरजस्ती करणी गरी मिति २०७९।०५।०६ गते बिहान प्रतिवादी उठी ०७:०० बजे पी.सी.आर. परिक्षण छ भनी होटल कोठाबाट सँगै निस्कने क्रममा परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) लाई गाह्रो भई बिस्तारै झर्दै गर्दा निज प्रतिवादीले गाडी निकाली परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई गाडीमा बस्न भनी तिलगंगा कोरिडोरको बाटो हुँदै रिङरोड निस्किई पुरानो बानेश्वरतर्फ लगी होस्टल अगाडी लगेर छाडि दिई फरार भएको हुँदा निज प्रतिवादीले परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) लाई जबरजस्ती करणी जस्तो जघन्य अपराध गरेकाले निजलाई पक्राउ गरी जबरजस्ती करणी सम्बन्धी कसूरमा हदैसम्मको कारबाही र सजाय गरी क्षतिपूर्ति समेत दिलाई पाउँ भन्ने बेहोराको जाहेरवाला परिवर्तित नाम गौशाला २६ (छ) (०७९/०८०) को जाहेरी दरखास्त ।

२. जिल्ला काठमाडौं का.म.न.पा. वडा नं.९ शम्भुमार्ग स्थित अन्डरग्राउन्ड सहितको ६ तले लाल बहादुर बानियाँ समेतले सञ्चालन गरेको होटल काठमाडौं ईनको भवन, पीडित समेतले बताए अनुसार तेस्रो तलामा उक्त होटलको लिफ्ट प्रयोग गरी गई हेर्दा तेस्रो तलाको बिच भागमा प्यासेज रही उत्तर र दक्षिण गेष्ट हाउस पाहुना बस्ने कोठाहरु भएको, उक्त तलाको प्यासेजको पूर्वतर्फको भित्ता र पश्चिम भित्तामा सि.सि.टि.भी. जडान गरिएको, उक्त तलाको लिफ्ट सहित दक्षिणतर्फ ५ वटा कोठा र उतरतर्फ ४ वटा कोठा भएको, उक्त कोठाहरुमध्ये प्यासेजको दक्षिणतर्फ रहेको ५ वटा कोठाहरुमध्ये दक्षिण पश्चिमको कोठा नं.३०५ मा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भनिएको कोठाको ढोका बन्द अवस्थामा रहेकोमा होटल सञ्चालक, स्थानिय जनप्रतिनिधी, पीडित समेतको उपस्थिति रोहबरमा उक्त कोठाको ढोका खोल्ने क्रममा कोठाको ढोका उत्तरतर्फ फर्किएको, उक्त कोठा चाबिद्वारा खोली भित्र प्रवेश गर्दा ढोका सिधा अगाडी बाथरुम रहेको, कोठाबाट भित्र प्रवेश गरेपश्चात बायातर्फ भित्तामा सटाएर राखिएको काठको दराज रहेको, कोठाको ढोकाबाट भित्र प्रवेश गरे पश्चात दाहिनेतर्फ अर्थात पश्चिममा बेडरुमतर्फ प्रवेश गर्ने बिना खापाको ढोका रहेको, उक्त ढोकाभित्र प्रवेश गरी भित्र हेर्दा कोठाको दक्षिणतर्फ गोल्डेन रङको पर्दा भएको आल्मुनियमको झ्याल भएको झ्यालको मुनि सानो टि-टेबुलमा किस्तिमा Liberty लेखिएको नखोलिएको अवस्थाको पानीको बोतल र स्ट्रे रहेको र उक्त टेबुल माथि टेलिफोन सेट र टि.भी.को रिमोट रहेको, कोठाको पश्चिम भित्तामा टि.भी.र्‍याक सहितको ३२ इन्चको Videocon लेखिएको टि.भी. रहेको, उक्त कोठाको उत्तरतर्फ ढोका छेउ भित्तामा ऐना राखिएको, उक्त कोठाभित्र टि.भी. र्‍याक नजिक पूर्व भित्ता र टेलिफोन सेट सहित भएको टेबुल नजिक

१/१ वटा कुर्चि रहेको, उक्त कोठामा उत्तरतर्फको भित्ताबाट २१ इन्च, दक्षिणतर्फको भित्ताबाट ३ फिट खाली भुई भइ पश्चिचमतर्फको भित्तामा सटाएर राखिएको पलङ् रहेको, उक्त पलङको सिरानीको भाग पश्चिम र गोडाको भाग पूर्वतर्फ भएको, उक्त पलङ माथी ८ इन्च अग्लो सेतो तन्ना राखिएको म्याट्रेस भएको, सेतो खोल भएको सिरक म्याट्रेस माथी र सिरानीको भागमा सेतो खोल भएको २ वटा सिरानी मिलाई पट्याई राखिएको, सिरकमाथि सेतो तौलिया पट्याई राखेको अवस्थाको बिस्तरा रहेको, उक्त अवस्थाको कोठाको बिस्तरामा प्रतिवादी सन्दिप लामिछानेले पीडित परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) लाई घुम्न जाने भनी ललाई फकाई आफ्नो गाडीमा राखी विभिन्न स्थानमा घुमाई अन्तिममा मिति २०७९।०५।०५ गते रातको अन्दाजी २३:५५ बजेको समयमा विभिन्न बाहनामा ल्याई राखी मिति २०७९।०५।०६ गते बिहानको राती पीडितको ईच्छा बिपरित ००:२५ बजेको समयमा जबरजस्ती करणी गरेको र पहिलो पटक जबरजस्ती करणी गरेको करिब १ घण्टा पछाडी नाबालिका पीडितले नमान्दा नमान्दै रुँदा कराउँदा समेत नियन्त्रणमा लिई अन्तिम पटक जबरजस्ती करणी गरेको भनी पीडित समेतले देखाएको घटनास्थल मुचुल्का ।

३. मैले सन् २०१६ देखि निरन्तर रुपमा नेपालको लागि अन्तर्राष्ट्रिय खेल खेल्दै आएको छु । सन् २०२१ डिसेम्बर देखि नेपाल क्रिकेट संघको आग्रहमा नेपाल क्रिकेट टिमको क्याप्टेनको रुपमा मलाई जिम्मेवारी दिई टिमको नेतृत्व गर्दै आएको छु । त्यस्तैमा निज पीडित भनिएकी परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) र हाम्रो क्रिकेट टिमका खेलाडी देव खनालबिच एक आपसमा चिनजान रहेछ । देव खनालले मसँग फोटो खिचेका थिए । सो फोटो निजले पीडित भनिएकी परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई स्न्याप च्याटमा पठाएका रहेछन । त्यसपछि निज पीडित भनिएकी परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) ले मलाई स्न्याप च्याटमा friend request पठाएकी थिईन् । मलाई मिति र समय याद भएन पछि देव खनाल र परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) साथी रहेको कुरा पनि थाहा पाएपछि friend request accept गरेको थिएँ । निज पीडित भनिएकी परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) ले मलाई समय समयमा स्न्याप च्याटमार्फत केही भिडियो र फोटो पठाउने गरेको र मैले त्यसको बदलामा सामान्य उत्तर दिने गरेको थिएँ । सोही क्रममा सामान्य कुराकानी हुँदै गर्दा निजले मलाई विभिन्न कुराकानी गरी भेट्ने प्रस्ताव गर्नुको साथै म तपाईको Fan हुँ, तपाईसँग एकदमै धेरै भेट्ने ईच्छा छ भनेकी थिईन । मैले निजलाई जवाफमा अहिले मसँग भेट्ने time छैन, म करिब २ महिना पछी खेल

सक्काएर फर्किन्छु त्यतिबेला भेटौंला नि भन्दा निजले मलाई बारम्बार स्न्याप च्याट मार्फत म्यासेज गरी भेट्न कर गरेको र आफू दयनीय स्थिति रहेकोले मलाई तपाईबाट केही help चाहिएको हुँदा तपाईलाई भेटी केही व्यक्तिगत कुराहरु share गर्न मन छ भनेकोमा मैले के भयो how can I help you ? भनी म्यासेज गर्दा होईन म भेटेर मात्रै यो कुराहरु भन्न सक्छु भनेको हुँदा मैले निजलाई ठिकै छ मलाई अहिले त फुर्सद छैन फुर्सद मिल्यो भने भेटौंलानि भनेको थिएँ । मिति २०७९।०५।०५ गते साँझ करिब १६:००/१६:१५ बजेको समयमा निज पीडित भनिएकी परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई मैले फोन गरेको थिएँ । कुराकानीकै बिचमा निजले फेरी पटक पटक भेट्ने प्रस्ताव गरेकी थिइन् । मेरो केही मिटिङ पनि थियो र म व्यस्त पनि भएकोले मैले निजलाई म आज अली व्यस्त छु, मेरो केही मिटिङहरु पनि छन्, आज तिमीलाई भेट्न सम्भव छैन भन्दा निजले ठिक छ तपाई काम भ्याएर आउनु म होस्टेलमै पर्खी बस्छु भनेकी थिइन् । मेरो साँझ मिटिङ सक्कियो र मैले बेलुका करिब १९:०० बजेतिर होस्टेल पुग्नुअघि होस्टेलको लोकेशन माग्नको लागि निज परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई फोन गरी तिमी कहाँ हो म तिम्रो होस्टेलको बाटो हुँदै आउँदैछु भनेको थिएँ । निजले तपाई होस्टेल तिर नआउनुस् होस्टेल नजिकै little Kathmandu restaurant छ, तपाई त्यहि कुरेर बस्नुस म त्यहि आउँछु भनेकोले म little Kathmandu restaurant नजिकै सडकमा मेरो ०२६ च ४४४४ नम्बरको गाडीमा कुरी बसेको थिएँ । त्यसको करिब २/३ मिनेटपछि निज पीडित भनिएकी परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) त्यहाँ आइन् र सिधै मेरो गाडीको अगाडीको सिटमा बसिन् । गाडीभित्र बसेपछि मैले निजलाई Hello/ Hi गरी निज परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) ले आफूलाई बोलाएकोले what's your plan ? भनी सोधेकोमा निजले मलाई let's go to nagarkot भनेकोमा मैले नगरकोट जान त सम्भव छैन बरु दरबारमार्गतिर जाउँ अनि कफि खाउँ भन्दा हैन मैले आज बिहानदेखि नै नगरकोट जाने mood बनाएको छु let's go to nagarkot भनेकोमा मैले फेरी पनि आज सम्भव छैन भोली म game खेल्न केन्या जानुपर्ने छ र त्यसका लागि तयारी पनि गर्नुपर्ने छ भन्दा निजले मलाई होईन मैले होस्टेलबाट साथीहरुलाई पनि नगरकोट जाँदैछु भनी बताएर आएको छु एकछिन भएपनि नगरकोट गएर आउनुपर्छ भनी कर गरेको गऱ्यै गरेपछि मैले खाजा खाएर फिर्ता आउने शर्तमा निजको चित्त नदुखोस् भनी निजको कुरामा सहमत भई हामी दुबैजना नगरकोट गएका थियौं । निज पीडित भनिएकी परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) को नगरकोट जाने पूर्व तयारीको बारेमा मलाई केही जानकारी थिएन । त्यहि पनि मैले

निजको चित्त नदुखोस भनी गएको थिएँ । नगरकोट जाने क्रममा बाटोमा सामान्य कुराकानी हुँदा मैले निज पीडित भनिएकी परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) को बारेमा सोध्दा निजले मलाई आफु होस्टेलमा बसी १२ कक्षामा अध्ययन गर्दै गरेको र आफु १९ वर्षमा चलिरहेको कुरा बताएकी थिईन् । बाटोमा जाँदै गर्दा भक्तपुरको दरबार स्क्वायर पुग्दा निजलाई मैले नगरकोट पुग्दा ढिलो हुन्छ फेरी तिम्रो होस्टेल पनि बन्द हुन्छ फेरी पनि यतैकतै खाजा खाउँ र फर्किउँ भन्दा निजले होईन मेरो होस्टेल बन्द हुदैन जति बेला पनि खुल्ला हुन्छ र मलाई नगरकोटबाट साँझको View अवलोकन गर्न पनि ईच्छा रहेको भनेको हुनाले हामी नगरकोट गएका थियौं । नगरकोट जाने क्रममा मैले देव खनाल र निज परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) को मित्रताको बारेमा समेत राम्रोसँग सोध्दा निजले देव खनालको खेलबाट प्रभावित भएर सन् २०२२ मार्चमा सोसल मिडियामार्फत देव खनालसँग चिनजानमा भएको कुरा बताएकी थिइन् । नगरकोट जाने क्रममा हामी बिच धेरै जसो कुरा क्रिकेट र मेरो संगीतको बारेमा भएको थियो । हामीले नगरकोटमा बस्ने योजना बनाएका थिएँनौं । म प्राय जसो आफ्नो family र साथीहरुसँग कहिले काँही नगरकोट घुमघाम गर्न जाने गरेको हुँदा नगरकोटमा रहेको बोजिनी रिसोर्टमा पूर्व चिनजान रहेको भए तापनि हामी दुईजना बिच खाजा खाएर फिर्ता हुने कुरा भएकोले मैले रिसोर्टमा पनि जानकारी गराएको थिइन । करिब २०:३० बजेतिर हामी बोजिनी रिसोर्टमा संगीत सुन्दै हाँसी खुसीका साथ गएका थियौं । उक्त रिसोर्ट पुगी सकेपछि हामी दुबै जना रिसोर्टको बाहिर बसी सामान्य कुराकानी गरी केही समयमा खाजा अर्डर गरेका थियौं । हामी दुबै जनालाई संगीत मन पर्ने र निज परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई गीत गाउन धेरै नै मनपर्ने र मलाई गीत सुन्ने ईच्छा जागेकोले मैले आफ्नो गाडीमा राखेको गितार लिई आई हामी दुबैजना भई रिसोर्टको बाहिर बसी केही गीत गाउँदै रमाईलो गरेका थियौं । केही समय पछि खाजा आयो र हामीले खाजा खायौं । खाजा खाएपछि म रेलिङमा आड लगाई काठमाडौंको view हेरी रहेको थिएँ । त्यसै बिचमा निज परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) मेरो पछाडी आई मेरो काँधमा आफ्नो टाउको अड्याई उभिएकी थिईन् । त्यसरी उभिँदा मलाई असहज भएपछि मैले अब हामी जाने होईन ढिला भैसक्यो रात पर्‍यो तिम्रो होस्टेल पनि बन्द हुन्छ भन्दा निजले ढिला भएको छैन होस्टेल जति बेलासम्म पनि खुलेको हुन्छ र ढिला भए पनि केही छैन यतै बसौंला भन्ने कुरा गरेपछि मैले हुदैन तिम्रा साथीलाई तिमीले मसँग आएको छु भनी बताएकी छौ फेरी हामी फर्किने गरी आएको भोली मेरो आफ्नो कामको तयारी गर्नुपर्ने छ

तिमी बुझन भन्दा निजले सायद सन्दिप मसँग बस्दैन भनेर होला रिसले मुरमुरिएर मलाई गाडीको ढोका खोली दिनुस् भनेपछि मैले टाढैबाट गाडीको लक खोलीदिएको थिएँ । त्यसपछि निज परिवर्तित नाम गौशाला २६ (छ)(१) (०७९/०८०) गाडीमा गई बसिन् भने म बिल तिर्न काउण्टरमा गएँ । बिल तिरी सकेपछि हामी दुबै जना करीब २३:०५ बजेको समयमा नगरकोटको बोजिनी रिसोर्टवाट हिँडेका थियौं । हामी बोजिनी रिसोर्टवाट फर्किने क्रममा निज परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) केही रिसाएकी थिइन् । मैले निजको मुड ठिक गर्नका लागि गाडीमा मिठो मिठो गीत लगाएँ । त्यसको केही छिनपछि कुराहरु सामान्य हुन थाल्यो । करिब २३:१५ बजेतिर हुनुपर्छ मलाई निज परिवर्तित नाम गौशाला २६(छ)(१) (०७९/०८०) को ठ्याक्कै होस्टेल कहाँ पर्छ भन्ने थाहा थिएन त्यसैले काठमाडौंको जडिबुटी कटेपछि मैले निजलाई होस्टेलको डिटेल सोधी पु¥याईदिन्छु भन्दा कहाँ हुन्छ यति राती भई सक्यो होस्टेल बन्द भईसक्यो होस्टेल खुल्दैन भन्न थालिन् । निजको त्यो कुरा सुनेर म एकछिन छक्क परें । अघि तिमीले आफ्नो होस्टेल जतिबेला पनि खुल्छ भनेकी होईनौ अहिले होस्टेल बन्द भयो भन्छौ भनेकोमा सोही क्रममा निजलाई एउटा फोन आएको थियो तर निजले फोन उठाईनन् र म्यासेज मार्फत आफ्नो साथीलाई HE DROPPED ME AT MY FRIEND'S PLACE AND I AM SAFE. I WILL COME TOMMOROW MORNING भनी म्यासेज लेखी पठाएपछि मैले किन यसरी झुठ बोलेको भोली कसैले थाहा पाए भने तिमीलाई नराम्रो सोच्छन् भन्दा DON'T WORRY फेरी पनि होस्टेल बाहिरबाट कोहि कसैले फोन गऱ्यो भने म होस्टेलमा छु भन्छु र होस्टेल भित्रवाट फोन आयो भने म साथीकोमा छु भन्छु चिन्ता लिनु पर्दैन भन्ने कुरा गरिन् । निजले होस्टेल जति बेला पनि खुल्छ भनेकी थिईन तर उक्त कुरा झुठो बोलेकी रहिछिन भन्ने कुरा मलाई आभास भयो । त्यसपछि निजले कुरा गर्दै थिइन् कुरैकुरामा निजले मलाई तपाईसँग कुरा गर्नै पुगेको छैन म आज तपाईसँग जान्छु तपाईसँग धेरै कुरा गर्नुछ र मेरा केही व्यक्तिगत कुराहरु पनि गर्न बाँकी छ भनेकोमा मैले निजलाई उसो भए म अहिले हायात होटलमा बस्दै आएको छु हायात होटलमा जाउँ म तिमीलाई एउटा कोठाको प्रबन्ध गरी दिन्छु त्यहिं गएर तिम्रा कुराहरु सुन्छु भनी प्रस्ताव राखेको थिएँ । निज आत्तिंदै त्यहाँ सबै खेलाडीहरु हुन्छन् त्यसमाथी देव पनि त्यँही हुन्छ भन्दै आनाकानी गर्न थालिन् । निज आनाकानी गरेको देखि ठिकै छ नि त म भोली क्रिकेटका लागि बाहिर जानु छ अरु सबै खेलाडीहरु हायातमा बसेका छन मलाई जसरी भए पनि पुग्नुपर्छ । म तिमीलाई मैले चिनेको र म लगायत अन्य खेलाडीहरु कहिलेकाँही क्याम्पका लागि जाने Hotel Kathmandu Inn मा फोन गरी एउटा कोठा बुक

गरिदिन्छु म पनि एक छिन तिम्रो कुरा सुनेर जाउँला बरु तिमीलाई होस्टेलसम्म पुऱ्याई दिनका लागि बिहानै उठेर आउँला भनेकोमा निजले हुन्छ भन्ने कुरा गरिन् र मैले तत्काल Hotel Kathmandu Inn मा फोन गरी एउटा कोठा बुक गरिदिएको थिएँ । Hotel Kathmandu Inn मा पुगेपछि मैले निजलाई तिमी जाँदै गर म गाडी पार्किङ गरेर आउँछु भनेपछि निज गाडीबाट आफ्नो मोबाईल र मास्क लिई गइन् भने म गाडी पार्किङ गर्न गएको थिएँ । मैले गाडी पार्किङ गरी होटलभित्र छिरी कोठाको बारेमा सोध्दा निज परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) ले कोठाको चाबी लिई पहिले नै कोठा नं.४०७ को कोठामा गएकी रहिछिन् । म त्यहि कोठामा गएँ । कोठामा पुगी ए.सी. नचलेको देखि मैले होटलको स्टाफलाई ईनफर्म गरें । त्यसपछि कोठाको ए.सी. बिग्रेको हुनाले निज परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) ले रुम चेन्ज गर्न आग्रह गरिन् र मैले निजले भने अनुसार होटलको रिसेप्सनमा पुगेर अर्को कोठाको चाबी लिएर करिब २३:५५ बजेतिर ३०५ नम्बरको कोठामा गएको थिएँ । कोठामा पुगिसकेपछि म कुराकानी गर्नका लागि कुर्चीमा बसें । म पछि निज आएर कोठाको ढोका लगाई भित्रबाट लक गरेकी थिईन् । मैले किन ढोका लक गरेको भन्दा केही हुदैन it's ok भन्दै जवाफ फर्काईन् । मैले यो कुरालाई सामान्य रुपमा लिएर कुर्चीमा बसिरहें भने निज बेडमा बसिन् र कुराकानीकै बिचमा म फ्रेस हुनका लागि बाथरुम गई पुनः कुर्चीमा आई बसें । त्यसपश्चात खेल जीवनका बारेमा निजसँग कुराकानी भएको थियो । सोही क्रममा मेरो व्यक्तिगत जीवनको बारेमा कुरा गर्दा मैले मेरो girl friend रहेको र छिटै मेरो १/२ वर्षमा बिवाह गर्ने योजना बनाएको कुरा समेत गरेको थिएँ । त्यसपछि मैले तिम्रो बारेमा भनन त भन्दा मेरो घर नुवाकोट हो तर म बिरगञ्जमा जन्मेकी हुँ अहिले म काठमाडौंमा होस्टेलमा बसेर अध्ययन गर्दै आएको छु । मेरो बुवा र आमाको सम्बन्ध बिच्छेद (divorce) भएको छ । मेरो बावु आमाको सम्बन्ध बिच्छेदका कारण मैले राम्रोसँग पठन पाठन गर्न पाएको छैन । मैले कहिले काठमाडौं त कहिले पोखरा गर्दै बिचबिचमा बिद्यालय परिवर्तन गर्दै अहिले पुनः काठमाण्डौमा १२ कक्षामा अध्ययन गरेको कुरा मलाई बताइन् । निजले आफ्नो बावु आमाका कारण धेरै दुःख पाएकी र घरको आर्थिक स्थिति समेत राम्रो नरहेको कुरा बताइन् । कुराकानीको क्रममा निज उदास देखिएकोले मैले don't worry सब ठिक हुन्छ दुखी नहोउ भन्ने कुरा गरें । निजको आर्थिक अवस्था ठिक नरहेकोले निजले मलाई sponsership का लागि समेत कुरा गरेको र sponsership ले आर्थिक रुपमा सहयोग हुन्छ भनेकोले मैले ठिकै छ म पनि हेरौंला के गर्न सकिन्छ भनेको थिएँ । निजले कुरा गर्दागर्दै निज फेरी उदास भएको देखेपछि

मैले केही गीत सुनाएँ र त्यसपछि निजको अनुहारमा खुसी देखि मलाई पनि खुसी लाग्यो । कुराकानी गर्दागर्दै करिब ०३:४५/०४:०० बज्यो । कुराकानी कै क्रममा निज आफैले म अहिले १९ वर्षको भएँ र मैले पहिले जन्मदर्ता बनाएको थिएँ । मलाई भविष्यमा धेरै कुराहरुमा सजिलो हुन्छ भनेर आमा बुवाको सहयोगमा उमेर घटाई अर्को जन्मदर्ता बनाएको छु भन्ने कुरा समेत गरेकी थिईन । यो कुरा सुन्दा निज माथी शंका लागि तत्कालै होटल जाने सोच बनाएँ । त्यसपछि मैले निजलाई म अहिले होटल जान्छु म तिमीलाई भोली बिहान होस्टेलसम्म पुऱ्याई दिन आउँछु भन्दा निजले तपाई अहिले जाँदा आउँदा १ घण्टा जति लाग्छ त्यति बेलासम्म त म पनि जाने बेला हुन्छ त्यो भन्दा बरु तपाई यँही बस्नुस् हामी यँही कुराकानी गरौंला भनी आग्रह गरिन् । त्यसपछि मलाई निजले भनेको कुरा पनि ठीक लाग्यो । जाँदा आउँदा अझ ढिलो हुन्छ त्यो भन्दा बरु अर्को कोठा लिन्छु म त्यँही सुत्छु र बिहानै तिमीलाई होस्टेल पुऱ्याई दिन्छु भन्दा समेत निजले मलाई अर्को कोठा लिन दिईनन् र निजले मलाई कोठामा मलाई एक्लै बस्न डर लाग्छ तपाई बरु यही बस्नुस् । हामी यही बसी अझै केही गफ गरौंला भनी कर गर्न थालिन् । म धेरै बेर कुर्सिमा बसेको देख्दा निजले मलाई बेडमा आएर बस्न समेत आग्रह गरेकोमा हैन म यही ठीक छु भन्दै निजको आग्रहलाई अस्विकार गरी कुर्चीमा बसें निज बेडमै थिइन् । मैले मेरो मोबाईलमा बिहानको ६:०० बजे alarm लगाई कुराकानी गर्दा गर्दै म कुर्चीमा निदाएँ । बिहान ६:०० बजे alarm बजेपछि म निद्राबाट बिउँझिएर हेर्दा निज सुतेकी थिईन् । मैले निजलाई उठाएँ । म फेरी बाथरुममा फ्रेस भई आई निजलाई तिमी breakfast मा केही लिन्छौ भनी सोधेकोमा निजले मलाई तपाईलाई जान ढिलो हुन्छ बरु म होस्टेलमा गएर खान्छु भन्ने कुरा गरेपछि करिब ६:४५ बजे तिर हामी होटलबाट निस्केका थियौं । कोठाबाट सँगै निस्किने क्रममा म भऱ्याङबाट छिट्टै तल गई पार्किङमा राखेको गाडी लिन गएँ भने निज पनि खुसी हुँदै होटलबाट बाहिर निस्की गाडीमा आई बसिन् र हामी दुबैजना निजको होस्टेलतिर गई मैले निजलाई होस्टेल नजिक छाडी दिएको थिएँ । त्यसपछि म पनि आफ्नो होटलतिर लागें र सोही साँझ म लगायत मेरो क्रिकेट टिम भई केन्यातर्फ लागेका थियौं । केन्या गएको दिनसम्म हाम्रो स्न्याप च्याटमा कुराकानी भएको थियो । मैले निजलाई म अब आफ्नो काममा busy हुन्छु game मा focus गर्नुपर्छ भनेको थिएँ । त्यसपछि निजसँग मेरो कुराकानी भएको थिएन ।मिति २०७९।०५।२२ गते मैले सोसियल मिडियामार्फत एक्कासी पीडित भनिएकी निज परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) को दाई परिवर्तित नाम गौशाला २६(छ)(०७९/०८०) ले म उपर जबरजस्ती करणी मुद्दामा जाहेरी

दरखास्त दिएको कुरा मैले थाहा पाएको हुँ । निजले आफ्नो उमेर १९ वर्ष पुगिसकेको र आफ्नो boy friend समेत भएको बताएको हुनाले मैले साथीको नाताले निजसँग सतर्कता अपनाउनुको साथै निज उदास भएको देखि मैले गीतको माध्यमबाट सहज महसुस गराउने प्रयास समेत गरेको थिएँ । होटलको कोठामा बस्दा आ-आफ्नो स्थानमा छुट्टाछुट्टै बसी घरायसी व्यक्तिगत तथा पेशागत कुराकानी मात्र गरी बसेका हौं भन्ने समेत बेहोराको प्रतिवादी सन्दिप लामिछानेले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।

४. सन् २०२२ को मार्चदेखि अप्रिलसम्म नेपालमा आयोजना भएको मलेशिया, नेपाल र पपुआ न्युगिनीबीच भएको ट्राई नेशन सिरिज प्रतियोगिताका दौरान नेपाली राष्ट्रिय टोलीको खेलाडी देव खनालले ७२ रन स्कोर गरेपछि मैले देव खनाललाई खेलकुद समर्थकको हिसाबले चासोका साथ फेसबुकमा फ्रेन्ड रिक्वेस्ट पठाएको थिएँ । त्यसपछि निज देव खनालले फेसबुकमा फ्रेन्ड रिक्वस्ट एसेप्ट गरेपश्चात निजले स्न्याप च्याट भन्ने सामाजिक संजाल एप (एप्लिकेशन) मा फ्रेन्ड रिक्वेस्ट पठाएको र सो पश्चात मैले एसेप्ट गरेकी थिएँ । त्यसपश्चात निज देव खनाल र म बीचमा स्न्याप च्याट एप्स मार्फत छोटो भिडियो सन्देश (स्न्याप) र फोटो आदान प्रदान हुने गरेको थियो । यो सिलसिला करिब तीन (३) महिनासम्म चलिरहेको थियो । सोही क्रममा नेपाली राष्ट्रिय टोली केन्यामा हुन लागेको दुई पक्षिय क्रिकेट श्रृंखलाको तयारी स्वरुप कालिमाटी स्थित हायात प्लेसमा क्लोज क्याम्प चलिरहेको अवस्थामा देव खनाल र निज सन्दिप लामिछाने एकै कोठामा बसेका थिएँ । सोही क्रममा देव खनालले आफु र निज सन्दिप लामिछाने सँगै भएको फोटोमा निज सन्दिप लामिछाने रहेको तस्बिर निज सन्दिप लामिछाने समेतको युजर नेम राखी मलाई पठाएका रहेछन् । देव खनालले पहिलो पटक सो तस्बिर (स्न्याप) पठाउँदा मैले निज सन्दिप लामिछानेलाई वास्ता गरेकी थिईन । त्यसको करिब दुई (२) दिन पछि देव खनालले आफु र सन्दिप लामिछानेसँगै भएको फोटो पुनः पठाएका रहेछन् । त्यसपछि १६ अगस्ट आसपासमा मैले निज सन्दिप लामिछानेलाई स्न्याप च्याटमा फ्रेन्ड रिक्वेस्ट पठाएकि थिएँ । निज सन्दिप लामिछानेलाई फ्रेन्ड रिक्वेस्ट पठाएको करिब आधा घन्टाभित्र फ्रेन्ड रिक्वेस्ट स्वीकार (accept) गरिसकेका रहेछन् । तत्पपश्चात मैले अरु साथीहरुलाई जसरी नै उनलाई पनि छोटो भिडियो पठाईरहेकी थिएँ । त्यसपछि म र निज सन्दिप लामिछाने बीचमा सोही स्न्याप च्याट भन्ने एप्स मार्फत हाम्रो पारिवरिक पृष्ठभूमी (बुवा आमा सँगै नरहनु भएको, पढ्नका लागि म आफै संघर्ष गरिरहेको, म आफु होस्टलमा बस्ने गरेको आदि) सामान्य कुराकानी भएको, त्यसपछि निज सन्दिप लामिछाने र म बीचमा सामान्य कुराकानी हुँदै जाँदा निजले मलाई भेट्नका लागि प्रस्ताव गरेको र

सो लगत्तै मैले आफुले भ्याउँदिन भनेपछि निज सन्दिपले निकै जोडबल गरी आफु अर्को दिन (२०७९ साल भदौ ६ गते) को बेलुका ८:०० बजे केन्याको लागी फ्लाइट भएको र त्यसपछि केन्याबाट नेपाल नफर्किइकन क्यारेबियन प्रिमियर लिग खेल्नका लागि क्यारेबियन आईल्यान्डतर्फ जाने र सो को दुई महिनासम्म पनि नेपाल फर्कन नपाउने भएकाले आजै भेटौं भनी निकै जोडबल गरिरहेका थिए । सोही कुराकानीका क्रममा निजले आफ्नो mental refreshment पनि हुन्छ कतै घुम्न जाउँला भनी प्रस्ताव गरेकामा मैले निजलाई हेरौं के हुन्छ भनेकोमा निज प्रतिवादीले सो भन्दा पनि I will catch you latter भनेर सो बखतका लागि कुराकानी टुङ्ग्याएका थिए । त्यसपछि बिहान करिब ११ बजेतिर म कलेज गएकी र कलेजमै रहेको अवस्थामा करिब १४:१५ बजे निज प्रतिवादीले फोन नं.९८१६४३२१५१ बाट मलाई फोन गरेका रहेछन । म क्लासमा पढिरहेकीले सो फोन उठाउन नपाएकी र करिब १५:५७ बजे मैले सोही नम्बरमा कल ब्याक गर्दा अर्कै व्यक्तिले फोन उठाई "को बोलेको हो" भनी सोधेकोले मैले नचिनेको मान्छेको नम्बर रहेछ भन्ने ठानी कुनै जवाफ नदिईकन फोन राखि दिएकि थिएँ । पछि मलाई निज प्रतिवादीले सोही नम्बर ९८१६४३२१५१ बाट १६:१८ बजे पुनः फोन गरी अहिले आफु बैठकका लागि सातदोबाटो गईरहेको र पछि फोन गर्ने बताएकोले त्यसपछि म होस्टलमा गएँ । १८:२५ बजे निज प्रतिवादीले ९८२५०२५०२५ नं.बाट मलाई फोन गरेर आफु कालिमाटीबाट निस्कदै गरेको र मलाई संसद भवन अगाडी आउँदै गर भनी बोलाएका थिए । त्यसपछि निज प्रतिवादीलाई मैले आफु संसद भवनतर्फ नआउने बरु तपाई नै ग्लोबल कलेज अफ म्यानेजमेन्टतर्फ आउनु भनेकोमा निज प्रतिवादीले आफुलाई ग्लोबल कलेजको लोकेशन थाहा नभएकोले मैले पुरानो बानेश्वर चोक जाने बाटोतर्फ पर्छ भनी ठेगाना बताई दिएकोमा मैले निज प्रतिवादीलाई १८:५३ बजे फोन गर्दा निजले आफू अन्तराष्ट्रिय सम्मेलन केन्द्रबाट पुरानो बानेश्वरतर्फ मोडिएको बताएका थिए । निज प्रतिवादीले १८:५८ बजे मलाई फोन गरेर आफू लिटिल काठमाण्डौं भन्ने रेष्टुरेन्ट अगाडी रहेको र पुनः १९:०० बजे फोन गरेर बर्गर हाउस जस्तो रेष्टुरेन्ट छ त्यहीं आउ भनेकोले उक्त स्थानमा जाँदा निजले रोकि राखेको सेतो रङको अल्फाबेट थाहा नभएको ०२६ च ४४४४ नम्बरको निशान X trail गाडी फेला परेको र उक्त गाडीभित्र निज सन्दिप लामिछाने रहेकोमा निजले मलाई आउ बस भनेपछि म उक्त गाडीको अगाडीको सिटमा बसे पश्चात निज प्रतिवादीले nice to meet you भनेर साईडबाट अंगालोमा राखी त्यसपछि निज प्रतिवादीले केही पनि नभनीकन गाडी चलाउन थालेको र मैले कहाँ जाने भनेर निजलाई सोध्दा निज प्रतिवादीले Let's see भनेर सिनामंगलतर्फ मोडिएर भित्रीबाटो हुँदै

तीनकुने हुँदै कोटेश्वरतर्फ लगे । त्यसपछि निजलाई मैले हामी कता जान लागेको हो भनेर सोध्दा मेरो मञ्जुरीबिना भित्रीबाटो हुँदै भक्तपुर दरबार स्क्वायर नजिकबाट नगरकोट जाने बाटोतर्फ लगी त्यसपछि निजले मलाई नगरकोटको बोजिनी नगरकोट रिसोर्टमा अँध्यारो भईसकेपछि करिब २०:२० बजे पुऱ्याएको र सोपश्चात निज प्रतिवादीले मलाई ड्रिक खाने प्रस्ताव गरेकोमा मैले कहिल्यै ड्रिक नखाएकीले ईन्कार गरें । निजले पुनःप्रस्ताव गर्दा पनि मैले पुनः ईन्कार गरें । त्यसपछि निजले बोजिनी नगरकोट रिसोर्टका स्टाफसँग भि.आई.पी. रुम बुक गर्ने सम्बन्धमा पटक-पटक कुराकानी गरेका र मलाई के गर्ने फर्कने कि यहिँ बस्ने भनेर सोधेकोमा मैले अर्को दिन बिहान मेरो काम भएको र कलेज जानुपर्ने भएकाले बस्न नमिल्ने बताएकोमा अन्दाजी २२:४५ बजे निज प्रतिवादीले बिल तिर्न जाने क्रममा निजको गाडीको विद्युतीय साँचोबाट गाडीको लक खोलिदिएपछि म उक्त गाडीमा गएर बसें । सो पश्चात निज प्रतिवादीले मलाई नगरकोटबाट सल्लाघारीको बाटो हुँदै काठमाण्डौं फर्कदा रातको समयमा होस्टलमा प्रवेश गर्ने अनुमति नहुने भएकोले निज प्रतिवादीले का.जि. का.म.न.पा. वडा नं.९ पिंगलास्थानस्थित होटल काठमाडौं ईनमा कोठा बुक गर्ने कुरा गर्दा मैले दुईवटा कोठा बुक गर्न भनेकोमा निज प्रतिवादीले आफ्नो मोबाइलबाट डायल गरेर "अनिश भाइ, त्यही रुम बुक गरिदिनु" भनी सो होटलका अनिश नामका एक सहयोगीलाई फोन गरेको र मलाई होटलमा एउटा मात्र रुम छ भने । त्यसपछि मैले बाटोमा एउटा भिडियो बनाउन खोज्दा निजले मेरो मोबाइल खोसेर होटल पुगेपछि दिउँला भनी फोन नियन्त्रणमा लिए । निज प्रतिवादीले होटल नजिक पुग्दा मलाई मास्क छ की छैन भनेर सोधेकोमा मैले आफुसँग मास्क छैन भनेपछि निज प्रतिवादीले मलाई जसरी पनि मास्क लगाउन भनी आफुले लगाएको मास्क खोलेर लगाउन दिइ होटलका सहयोगी अनिश भन्ने व्यक्तिसँग रुमको चाबी लिएर जाउ भनी मलाई गाडीबाट ओरालेर आफु गाडी पार्क गर्न गई सो पश्चात होटलको गेटमा रहेका अनिश भन्ने सहयोगीले मलाई गेटमा चाबी दिई लिफ्ट खोली माथि ४०७ नं. कोठामा जानु भनेकोले म सरासर कोठा नं.४०७ मा गएर हातमुख धोईरहेको अवस्थामा निज प्रतिवादी कोठाभित्र आई ए.सी. चलाउन खोज्दा नचलेकाले उक्त कोठाबाट अन्दाजी २३:५५ बजे कोठा नं.३०५ मा सरेकोमा उक्त दिन म निकै थाकेकीले कुर्चीमा नै अर्धनिन्द्रामा परेको र निज प्रतिवादीले मलाई बेडमा गएर आराम गर भनेपश्चात म बेडमा गइ आराम गर्दै गर्दा प्रतिवादीले मलाई लुगा फुकालेरै सुत भनेकोमा म लुगा नफुकालिकन पल्टेको थिएँ । एकैछिनमा म निदाएछु । त्यसको अन्दाजी २० देखि २५ मिनेटपछि २०७९।०५।०६ गते अन्दाजी ००:२५ बजे तिर

म ब्युँझिदा निज प्रतिवादी मसँग सुत्न आई जबरजस्ती मैले लगाएको पाईन्ट खोली आफ्नो पाईन्ट समेत खोली मैले नमान्दा नमान्दै मेरो ईच्छा बिपरित जबरजस्ती करणी गरेर मेरो शरीरमा बिर्य झारी आफु बाथरुमतर्फ गई पुनः बेडमा आई सुतेकोमा त्यसको करिब एक घण्टापछि निज प्रतिवादीले मेरो शरीरमा छाम्ने कपाल तान्ने गर्दा मैले प्रतिरोध गर्दा मेरो ढाडमा निकै जोडले हाने । त्यसपछि मलाई डर लागी रुँदै गर्दा मलाई चल्न नदिई पुनः दोश्रो पटक जबरजस्ती करणी गरी बिहानपख निज प्रतिवादीले मलाई आफ्नो ०७:०० बजे हायात प्लेसमा पी.सी.आर. परीक्षण रहेकोले आफु जानुपर्ने भएको भनी मलाई ब्रेकफास्ट खाएर जाउ भन्दा मैले नमानेपछि निज प्रतिवादीले मलाई गाडीमा राखी मेरो होस्टल नजिकै लगेर छोडी गाडी लिई फरार भएका हुन् । यसरी मलाई प्रतिवादीले फकाई फुल्याई तीलगंगा स्थित होटल काठमाण्डौं ईनमा लगी जोरजुलुम गरी डर त्रासमा पारी मेरो ईच्छा बिपरित २ पटक जबरजस्ती करणी गरेको हुदाँ निज प्रतिवादी उपर कानून बमोजिम कारबाही र सजाय गरी क्षतिपुर्ति समेत दिलाई भराई पाउँ भन्ने समेत बेहोराको पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) ले अनुसन्धान अधिकारी समक्ष गरिदिएको घटना विवरण कागज ।

५. म करिब ४ महिना अगाडी देखी का.जि. का.म.न.पा. वडा नं.९ शम्भुमार्गमा रहेको होटल काठमाडौं ईनमा सेक्यूरिटी गार्डको रुपमा बेलुकी १८:०० बजे देखी भोलीपल्ट बिहान ०६:०० बजे सम्मको ड्युटी गर्दै आएको छु । मेरो काम गेटमा ड्युटी गर्ने होटल अगाडि तथा पार्किङ्ग एरियाको रेखदेख गर्ने र होटलमा आवश्यक सुरक्षा प्रदान गर्ने हो । होटलभित्र आवश्यकता अनुसार बोलाएको अवस्थामा मात्र जाने गरेको छु । मैले सन्दिप लामिछानेलाई विभिन्न सञ्चार माध्यमहरुमा देखेको भए पनि प्रत्यक्ष देखेको छैन । मिति २०७९।०५।०५ गते बेलुकी १८:०० बजेको समयमा होटलमा आई दिनमा ड्युटी गर्ने बाबुकाजी थापामगरबाट ड्युटी बुझि ड्युटीमा तैनाथ रहेको अवस्थामा रातको अं.२३:३५ बजेको समयमा चालक र अगाडी सिटमा केटी मानिस बसेको ०२६ च ४४४४ नम्बरको कार होटल अगाडी आई रोकियो र कारको अगाडी सिटमा बसेकी केटी मानिस कारबाट ओर्लिई सिधै रिसेप्सनतर्फ जानुभयो भने कार चालकले होटल बाहिरको पार्किङ्गमा कार मिलाई पार्किङ्ग गरी कारबाट ओर्ली चालक पनि होटलको रिसेप्सनतर्फ गएका थिए । त्यसपछि निजहरु को हुन कती नं. कोठामा बसे के खाए मलाई केही थाहा छैन । यसरी उक्त कारमा आएका व्यक्तिहरुमध्ये कार चालक नेपाली क्रिकेट खेलका कप्तान सन्दिप लामिछाने भएको र कारको अगाडी बसी आएकी केटी मानिस परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) भएको भन्ने कुरा मैले हाल

आएर जानकारी पाएको हुँ । म मिति २०७९।०५।०६ गते बिहान ०६:०० बजे अर्को दिनमा ड्युटी गर्ने गार्ड बाबुकाजी थापा मगरलाई ड्युटी बुझाई आफ्नो घर गएको हुँ । सि.सि. टि.भी. फुटेज देखाउँदा राति २३:२५ बजेको समयमा देखिएको कार सन्दिप लामिछानेले चलाएको कार, २३:२६ बजेको समयमा कारबाट ओर्लिएकी केटी मानिस पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) हुन् र लगत्तै सेक्युरिटी गार्डको पोशाकमा देखिएको व्यक्ति म हुँ । त्यस्तै २३:३० बजेको समयमा होटलभित्र प्रवेश गरेका पुरुष व्यक्ति सन्दिप लामिछाने हुन् । हेरी चिनी सनाखत गरिदिए । यसरी निज सन्दिप लामिछाने पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई जवरजस्ती करणी गरेको भन्ने जानकारी हुन आएको हुँदा उल्लेखित कार्य कसुर गर्ने व्यक्ति उपर कानून बमोजिम कारबाही र सजाय होस् भन्ने समेत बेहोराको होटल काठमाण्डौ ईनका सेक्युरिटी गार्ड राजन राणाले अनुसन्धान अधिकारी समक्ष गरिदिएको घटना विवरण कागज ।

६. मिति २०७९ सालको असार महिनाबाट मलाई जिल्ला काठमाडौं का.म.न.पा. वडा नं.९ सिनामंगल शम्भुमार्गमा रहेको होटल काठमाडौं ईनमा खटाईएको थियो । जाहेरवाला परिवर्तित नाम गौशाला २६ (छ)(०७९/०८०), पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई चिनेको छैन भने प्रतिवादी सन्दिप लामिछाने क्रिकेट player तथा राष्ट्रिय टोलीको कप्तान रहेकोले निजलाई मैले टि.भी. तथा सञ्चार माध्यमहरुमा मात्र देखेको छु । उक्त होटलमा कार्यरत रहँदा मेरो काम गेटमा डिउटी गर्ने, होटल अगाडी तथा आँगनमा सफा गर्ने, पार्किङ एरियाको रेखदेख गर्नु लगायत थिए । मैले प्राय जसो दिउसोको समयमा ड्युटी गर्दै आएको थिएँ । यस्तैमा मिति २०७९।०५।०५ गते बिहान ०६:०० बजे देखी बेलुका १८:०० बजेसम्मको ड्युटी गरी १८:०० बजेपछि मैले ड्युटी राजन राणालाई बुझाई कोठातर्फ गएको थिएँ । भोलिपल्ट बिहान ०६:०० बजेदेखी बेलुका १८:०० बजेसम्म मेरो ड्युटी रहेकोमा मैले ड्युटी बुझ्नु भन्दा अगाडी र ड्युटी बुझेपश्चात होटलमा को को बस्न आए र को को बसे बारेमा मलाई थाहा भएन । मैले ड्युटी बुझी होटलको अगाडी आगन सरसफाइ गर्दै गरेको समयमा ०२६ च ४४४ नम्बरको कार पार्कीङ स्थलबाट एक जना केटा मानिससले चलाई बाहिर निकाली होटलको ठिक अगाडी रोकेको र उक्त गाडीमा एक जना होटलबाट निस्केकी केटी चढी गएकी हुन् । निजहरु को थिए सो बारेमा मलाई तत्काल थाहा भएन । उक्त कारमा गएका व्यक्तिहरुमध्ये कार चालक सन्दिप लामिछाने र कारको अगाडी सिटमा बसी गएकी केटी मानिस परिवर्तित नाम गौशाला २६ (छ)(१) (०७९/०८०)

भएको भन्ने कुरा पछि मात्र थाहा पाएँ । यस्तैमा निज प्रतिवादी सन्दिप लामिछानेले मिति २०७९।०५।०५ गते राती परिवर्तित नाम गौशाला २६ (छ)(१) (०७९/०८०) लाई जबरजस्ती करणी गरेको भनी पीडितको दाईले सन्दिप लामिछाने उपर किटानी जाहेरी दरखास्त दिएको भन्ने कुरा सोसियल मिडियाबाट थाहा पाएको थिएँ । अनुसन्धानको सिलसिलामा दाखिला हुन आएको मिति २०७९।०५।०६ गते बिहान ०६:४७ बजेदेखी ०६:५० बजेसम्मको Footage 12 parking लेखिएको सि.सि.टि.भी. फुटेज प्ले गरी मलाई देखाउदा हेरी पाएँ उक्त फुटेजमा ०६:४७ बजे पार्किङ स्थलतर्फ गएको केटा मानिस सन्दिप लामिछाने, ०६:४९ मा ०२६ च ४४४४ नम्बरको सेतो कार ल्याई गेट अगाडी रोकेको कार निज सन्दिप लामिछानेले चलाएको कार, सोहि समयमा होटलबाट बाहिर निस्की कारमा चढेकी केटी मानिस पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१) (०७९/०८०), होटलको अगाडी सिभिल लुगामा आँगनमा पानी हाली सफा गर्दै गरेको पुरुष व्यक्ती म हुँ हेरी चिनी सनाखत गरी दिएँ । उक्त कार्यमा संलग्न व्यक्ति उपर कानून बमोजिम कारबाही हुनुपर्छ भन्ने समेत बेहोराको होटल काठमाण्डौ ईनका सेक्युरिटी बाबुकाजी थापामगरले अनुसन्धान अधिकारी समक्ष गरिदिएको घटना विवरण कागज ।

७. म होटल काठमाण्डौ ईनमा वेटरको काम गर्छु । मैले होटलको रुमहरु चेकजाँच गर्ने, अर्डर बमोजिम कोठा कोठामा खाना, खाजा र पेय पदार्थ पुऱ्याउने काम गर्छु । जाहेरवाला परिवर्तित नाम गौशाला २६ (छ)(०७९/०८०), पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई म चिन्दिन । प्रतिवादी सन्दिप लामिछाने क्रिकेट player हुन् । निजलाई मैले टि.भी. तथा सञ्चार माध्यमहरुमा मात्र देखेको थिएँ । मेरो मिति २०७९।०५।०५ गते राती २१:०० बजेदेखी ऐ. ६ गते बिहान ०६:०० बजेसम्म ड्युटी थियो । सो दिन रिसेप्सनिष्ट अनिश श्रेष्ठ दाईले ४०७ नम्बरको रुम चेक गरेर आईज भन्नु भएको थियो । मैले रिसेप्सनवाट सो रुमको चाबी लिई चेकजाँच गरी चाबी रिसेप्सनमा फिर्ता दिएको थिएँ । footage 6 4rth floor 1 लेखिएको फुटेज हेरें, उक्त फुटेजको २३:२८ बजेको समयमा रुम नं.४०७ मा चाबी खोली प्रवेश गरेकी केटी मानिस पीडित परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) हुन् । footage 7 4rth floor 2 लेखिएको फुटेज हेरें, उक्त फुटेजको २३:३५ बजेको समयमा रुम नं.४०७ भित्र छिरेको व्यक्ति सञ्चार माध्यमहरुमा देखिरहने सन्दिप लामिछाने हुन् । त्यस्तै footage 8 4rth floor 3 लेखिएको फुटेज हेरें, उक्त फुटेजको २३:४१ बजेको समयमा रुम नं.४०७ मा हातमा ट्रे समेत लिई प्रवेश गर्ने व्यक्ति म आँफै हुँ । राती करिब २३:४० बजेतिर

अनिश दाईले मलाई बोलाएर ४०७ नम्बरको कोठाको ए.सी. चलेको छैन त्यहाँ गएर हेर भन्नु भएकोले म तत्कालै उक्त कोठामा जाँदा कोठाको ढोका भित्रबाट बन्द अवस्थामा थियो । मैले कोठाको बेल बजाउँदा केटाले ढोका खोल्यो । भित्र पुगी हेर्दा केटाले क्याप टोपी र माक्स लगाएको थियो भने केटीले पनि माक्स लगाएकी थिईन् र कोठाको कुर्चीमा बसी बाहिर तिर हेर्दै थिईन् । मैले केटालाई ए.सी. चलेन भन्नु भएको रैछ भन्दा केटाले केहि बोलेनन् अनि मैले सिधै ढोका छेउमा रहेका ए.सी. कन्ट्रोलर हेर्दा ए.सी. को कन्ट्रोलर नै बिग्रेको रहेछ । त्यसपछि मैले केटालाई ए.सी. नै बिग्रेको रहेछ तपाईहरु ए.सी. रुममा बस्ने भए तल कुरा गर्नु भनी म त्यहाँवाट बाहिर निस्की आफ्नो काममा गएको थिएँ । पछी सन्दिप लामिछाने र पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) उक्त ४०७ नम्बर कोठाबाट होटलको तेश्रो तलामा रहेको कोठा नं. ३०५ मा सिफ्ट भई बसेका रहेछन । सो कुरा मैले पछि जानकारी पाएको हुँ । देखाईएको फुटेजहरुमा देखिएका माक्स लगाउने केटा सन्दिप लामिछाने र केटी पीडित परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) रहेछन् हेरी चिनी सनाखत समेत गरिदिएँ । उल्लेखित मितिमा घटना समेत भएको रहेछ भन्ने कुरा विभिन्न सञ्चार माध्यमहरुबाट जानकारी हुन आएको हुँदा उक्त कार्यमा संलग्न व्यक्तिहरु उपर कानुन बमोजिम कारवाही होस् भन्ने समेत बेहोराको होटल काठमाण्डौं ईनका वेटर सबिन श्रेष्ठले अनुसन्धान अधिकारी समक्ष गरिदिएको घटना विवरण कागज ।

८. म का.जि. का.म.न.पा. वडा नं.९ शम्भुमार्ग स्थित रहेको होटल काठमाण्डौं ईनको रिसेप्सनमा काम गर्दै आएको छु । निज सन्दिप लामिछाने पहिल्यै देखि समय समयमा खेलाडीहरु सहित होटल काठमाण्डौं ईनमा आउने गरेकोले चिनेको हुँ । परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई मिति २०७९।०५।०५ गते अं.२३:२५ बजेको समयमा सन्दिप लामिछानेसँग होटलमा आएको अवस्थामा देखेको हुँ । मैले होटल काठमाण्डौं ईनमा काम गर्दै आएकोमा मिति २०७९।०५।०५ गते रातीको अं.२३:०० बजेको समयमा सन्दिप लामिछानेले होटलको रिसेप्सनमा जडान गरेको 014482777 ल्याण्ड लाईन नम्बरमा फोन गरी को बोलेको हो भनी सोधेकोमा मैले अनिश बोलेको भने पश्चात निजले अनिश म होटलमा आउँदै छु मलाई एउटा कोठा चाहिन्छ छ छैन भन्दा मैले कोठा छ भनी निजले फोन गरेकै समयमा ४०७ नम्बरको कोठा सोहि होटलमा काम गर्ने सबिन श्रेष्ठलाई सरसफाई गर्न लगाएको थिएँ । त्यस्को करिब २०/२५ मिनेटमा सन्दिप लामिछाने गाडी लिई होटल बाहिर आएकोमा म बाहिर निस्की हेर्दा सन्दिप लामिछानेले होटल बाहिर गाडी रोके भने गाडीबाट निजसँग आएकी

परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) ओर्लिई रिसेप्सनमा आई कोठाको चाबी दिनु भनी मागेकोमा सबिन श्रेष्ठले सरसफाई गरी रिसेप्सनको अगाडीको टेबलमा छाडेको ४०७ नम्बरको कोठाको चाबी दिएको थिएँ । परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) ले चाबी लिई माथी कोठामा जानुभयो भने करिब ५ मिनेटपछि सन्दिप लामिछाने गाडी पार्किङ गरी रिसेप्सनमा आई मलाई के छ भनी हात मिलाई मास्क मागी मास्क लिई होटलको रेष्टुरेन्ट तथा बारतर्फ गएकोमा करिब ५ मिनेटपछि रेष्टुरेन्टबाट फर्किई मिति २०७९।०५।०५ गते रातीको अं.२३:३५ बजेको समयमा निज माथी गएका थिए । निज माथी गएको ३/४ मिनेट पश्चात रिसेप्सनमा फोन गरी कोठाको A/C चलेन साङ्लाहरु पनि रहेछ भनेकोले मैले सोहि होटलमा काम गर्ने सबिन श्रेष्ठलाई ४०७ नम्बरको कोठामा A/C चलेन रे चेक गर भनी पठाएकोमा सबिन श्रेष्ठ माथी गई २/३ मिनेटमा नै A/C बिग्रेको रहेछ अहिले बन्दैन भनी फिर्ता आएका थिए । सो पश्चात सन्दिप लामिछानेले अर्को कोठा चाहियो भनेकोले कोठा चेक गर्दा ३०५ नम्बरको कोठा खाली थियो । मैले निज सन्दिप लामिछानेलाई ३०५ नम्बरको कोठा खाली छ त्यहाँ गएर बस्दै गर्नु भनेको थिएँ । पछि सन्दिप लामिछाने तल रिसेप्सनमा आई ३०५ नम्बरको कोठाको चाबी लिई गई सन्दिप लामिछाने र निज सँगै आएकी परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) ३०५ नम्बरको कोठामा बसेका थिए । सो पश्चात निज सन्दिप लामिछाने तथा परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) तल झरेका थिएनन् । सन्दिप लामिछानेको गेष्ट रजिष्टर कार्ड भर्नु पर्नेमा निजले अं.२३:०० बजे फोन गरेकोमा मिति, समय, नामथर र राष्ट्रियता सोहि समयमा भरेको र रुम नम्बर चाँहि फिक्स गरेर मात्र भर्ने भनी खाली राखेकोमा रुम नम्बर निजहरु ३०५ नम्बरको कोठामा फिक्स गरी बसे पश्चात मात्र भरेको हुँ । निज सन्दिप लामिछाने उक्त होटलमा क्रिकेट खेलाडीहरु सहित आउने जाने बस्ने गरेका थिए । निज सन्दिप लामिछाने अगाडिका दिनहरुमा होटलमा आउदा खाली भएका कोठाहरुमध्ये उपयुक्त कोठा हेरी जुनसुकै कोठामा बस्ने गरेका थिए । निज सन्दिप लामिछाने र परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) आउँदा राम्रै स्वभाविक अवस्थामा आई होटल कोठामा बसेका थिए । होटलवाट प्राप्त भएको मिसिल संलग्न होटल काठमाण्डौ ईनवाट सन् २०२२ अगष्ट २१ मा जारी भएको GUEST REGISTER CARD देखाउँदा उक्त कार्डमा लेखिएको सन्दिप लामिछानेको नामथर, राष्ट्रियता, जारी भएको स्थान मिति र समय सन्दिप लामिछानेले कोठा राखि दिनु भनेको अवस्थामा राखि दिएको हुँ । उक्त कार्डमा भएको महलमा लेखे अनुसारको विवरण भरी होटल कोठामा बस्ने

व्यक्तिहरुको परिचय खुल्ने कागजात राख्नु पर्ने हो तर सन्दिप लामिछाने सबैले चिनेको नाम सुनेको निजको बिषयमा सबैलाई जानकारी भएको र निज यस भन्दा अगाडिका दिनहरुमा पनि कहिले काँहि साथीहरुसँग होटल आउने गरेको साथै निज नेपाली क्रिकेट खेलाडीको कप्तान समेत भएकोले आवश्यक हुँदाको अवस्थामा निजको विवरण उपलबन्ध गराउन सकिने हुँदा GUEST REGISTER CARD मा अन्य विवरण नभरेको हो । अनुसन्धानको क्रममा दाखिला हुन आएको मिति २०७९।०५।०६ गतेको footage 4 reception 1 लेखिएको २३:२५ बजेदेखी २३:३१ बजेसम्मको सि.सि. टि.भी फुटेज देखाउदा हेरैं, उक्त फुटेजको २३:२५ मा रिसेप्सनमा चाबी छोडी जाने सेतो सर्ट कालो पाईन्ट लगाएर हिंडेका व्यक्ति सोही होटलमा काम गर्ने सबिन श्रेष्ठ हुन् भने सोही समयमा रिसेप्सनमा फोन उठाउँदै गरेको र त्यस्को १ मिनेटपछि मुख्यद्वारबाट बाहिर निस्की फर्केको व्यक्ति म स्वयम् हुँ र म फर्किदा २३:२६ बजे म संगै आएको केटी मान्छे पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) हुन् । उक्त फुटेजको २३:३० बजे होटलभित्र प्रवेश गरी मसंग हात मिलाई मास्क लिई रेष्टुरेन्टतर्फ जाने व्यक्ति सन्दिप लामिछाने हुन् । फुटेज हेरी चिनी सनाखत समेत गरिदिएँ । सन्दिप लामिछानेले पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१) (०७९/०८०) लाई उक्त होटल कोठामा जवरजस्ती करणी गरेको भन्ने सम्बन्धमा मैले मिति २०७९।०५।२२ गते विभिन्न समाचार माध्यमहरुले लेखेको समाचारवाट जानकारी पाएको हुँ । यसरी निज सन्दिप लामिछानेले पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई उक्त होटलको कोठामा जवरजस्ती करणी गरेको भन्ने बुझिन आएको हुँदा उल्लेखित कार्य गर्ने व्यक्ति उपर कानुन बमोजिम कारबाही र सजाय होस भन्ने बेहोराको होटल काठमाण्डौं ईनका रिसेप्सनिस्ट अनिश श्रेष्ठले अनुसन्धान अधिकारी समक्ष गरिदिएको घटना विवरण कागज ।

९. म बोजिनी नगरकोट रिसोर्टमा सुपरभाईजरको रुपमा काम गर्दै आएको छु । जाहेरवाला परिवर्तित नाम गौशाला २६ (छ)(०७९/०८०), पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१) (०७९/०८०) लाई चिन्दिन भने सन्दिप लामिछाने क्रिकेट खेलाडी भएकोले मैले निजलाई राम्रोसँग चिन्दछु । निज कहिले काँही रिसोर्टमा आउँदा आउनु भन्दा पहिले निजले हामीलाई म आउँदैछु भनी सम्पर्क गरी आउने गरेका थिए । त्यस्तैमा मिति २०७९।०५।०५ गते राती करिब २०:०० बजे तिर एक्कासी सन्दिप लामिछाने सम्पर्क नै नगरी एक जना केटी अर्थात हाल थाहा हुन आएकी पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई ०२६च ४४४ नम्बरको निशान X Trail

गाडीमा लिएर रिसोर्ट आएका थिए । निज सन्दिप लामिछाने रिसोर्टको बाहिर एरियामा बसी दुई सेट खाजा सेट मगाएकोमा मैले दुई वटा खाजा सेट लिई गई निज सन्दिप लामिछानेलाई सर तपाईको लागि रुम राख्नुपर्छ पर्दैन भनी सोधेकोमा निजले ठीक छ एक छिनमा म भन्छु भनेका थिए । त्यसैले मैले बस्ने होला भनी एउटा रुम समेत बुक गरी राखीदिएको थिएँ । दुबै जना भई अंगालो मार्दै रिसोर्टको रेलिङमा आड लगाउँदै बाहिरी view हेर्दै बसेकोमा राती करिब १०:२० बजे तिर केटी अर्थात पीडित रिसोर्टभित्र नछिरी बाहिरबाटै गाडीमा गई बसेकी थिईन् भने सन्दिप लामिछाने बिल तिर्न रिसोर्टको रिसेप्सनमा आई A/C 0##91AD बाट २२:३२ मिनेटमा मेरो मोबाईल नम्बर ९८६१७२४८०९ मा esewa मार्फत रु.२,७३५।- बिल तिरी बाहिर निस्की गएका थिए । दुई वटा खाजा सेट मगाएकोमा निजहरुले एउटा खाजा सेट दुबै जनाले मिली खाएका थिए भने एउटा खाजा सेट खाँदै नखाई त्यतिकै छोडी गएका रहेछन् । पछि निज सन्दिप लामिछानेले पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई जवरजस्ती करणी गरेको कुरा मैले सुनी थाहा पाएको हुँ ।निज सन्दिप लामिछानेले e-sewa मार्फत बिल तिरेको रिसिप्ट र निज बस्छु भनी मैले बुक गरी राखि दिएको रुम check in and check out को कागजको प्रतिलिपि पाना २ यसै कागज साथ पेश गरेको छु भन्ने समेत बेहोराको बोजिनी रिसोर्ट नगरकोटका सुपरभाईजर समिर पुरीले अनुसन्धान अधिकारी समक्ष गरिदिएको घटना विवरण कागज ।

१०.बिगत ४ वर्षदेखी जिल्ला काठमाडौं का.म.न.पा.वडा नं. ९ सिनामंगल शम्भुमार्ग स्थितमा म समेतका १० जनाको संयुक्त लगानीमा होटल काठमाडौं ईन सञ्चालन गर्दै आएका छौं । जाहेरवाला परिवर्तित नाम गौशाला २६ (छ)(०७९/०८०), पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई चिनेको छैन । सन्दिप लामिछाने म समेतले सञ्चालन गरेको होटल काठमाडौं ईनमा क्यान तथा विभिन्न क्लबहरुले खेलकुदको कार्यक्रम आयोजना गरेको समयमा निज सन्दिप लामिछाने समेतका अन्य थुप्रै खेलाडीहरु आई बस्ने गरेका थिए । निज सन्दिप लामिछाने एउटा राष्ट्रिय क्रिकेट खेलाडी मात्र नभई कप्तानका साथै सेलिब्रेटी समेत भएको हुँदा निजलाई चिनेको छु । मिति २०७९।०५।०५ गते बेलुका राती देखी ०६:०० गते बिहानसम्म म आफ्नै घरमा थिएँ । हामी १० जना सञ्चालकहरुमध्ये लाल बहादुर बानियाँले होटलको आन्तरिक व्यवस्थापनको जिम्मेवारी लिने गरेका छन् भने हामी अन्य सञ्चालकहरु होटलको बाह्य व्यवस्थापनको जिम्मेवारीमा रहेका छौं । यस्तैमा प्रतिवादी सन्दिप लामिछानेले मिति २०७९।०५।०५ गते बेलुका परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) लाई

भेट गरी लिई ऐ. ५ गते रातीदेखी ऐ. ६ गते बिहान सम्म म समेतले सञ्चालन गरेको होटलमा राखी जवरजस्ती करणी गरेको भनी सोसियल मिडियाबाट थाहा पाएपश्चात मात्र मैले होटलको आगन्तुक अभिलेख, होटलमा जडित मिति २०७९।०५।०५ गते रातीको सि.सि. टि.भी. फुटेज तथा उक्त रात रिसेप्सन ड्युटीमा खटिएका होटलमा कार्यरत कर्मचारी अनिश श्रेष्ठसँग समेत बुझ्दा निज सन्दिप लामिछानेले मिति २०७९।०५।०५ गते राती करिब २३:०० बजेको समयमा होटलको ल्याण्ड नम्बरमा फोन गरी कोठा बुक गर्न लगाएकोमा तत्काल रिसेप्सनमा ड्युटी रहेका कर्मचारी अनिश श्रेष्ठले कोठा नम्बर ४०७ बुक गरी राखी दिएका रहेछन् । पछि सन्दिप लामिछाने र परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) उक्त कोठामा आई बसेपश्चात ए.सी. बिग्रेकोले दुबैजना उक्त कोठामा नबसी कोठा नम्बर ३०५ मा सगैं बसेका हुन् भन्ने कुरा थाहा पाएको हुँ । यसरी निज सन्दिप लामिछाने र परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) मेरो होटलको कोठामा सगैं बसी प्रकरण नं.१ मा उल्लेखित घटना समेत भएको रहेछ भन्ने कुरा विभिन्न सञ्चार माध्यमहरुबाट थाहा पाएँ भन्ने समेत बेहोराको होटल काठमाण्डौ ईनका संचालक सन्तोष प्रसाद अधिकारीले अनुसन्धान अधिकारी समक्ष गरिदिएको घटना विवरण कागज ।

११. जिल्ला काठमाडौं का.म.न.पा. वडा नं.९ सिनामंगल शम्भुमार्ग स्थितमा म समेतका १० जनाको संयुक्त लगानीमा होटल काठमाडौं ईन होटल सञ्चालन गर्दै आएका छौं । प्रतिवादी सन्दिप लामिछाने म समेतले सञ्चालन गरेको होटल काठमाडौं ईनमा क्यान तथा विभिन्न क्लबहरुले खेलकुदको कार्यक्रम आयोजना गरेको समयमा निज सन्दिप लामिछाने समेतका अन्य थुप्रै खेलाडीहरु आई बस्ने गरेका थिए । यसरी खेलाडीहरु आई होटलमा बस्दा निज सन्दिप लामिछाने एउटा राष्ट्रिय क्रिकेट खेलाडी मात्र नभई कप्तानका साथै सेलिब्रेटी समेत भएको हुँदा निजलाई चिनेको हुँ । उक्त होटलमा होटलको अध्यक्ष शंकर प्रसाद पोखरेल, मेनेजर उतम रिजाल र म समेतले होटलको आन्तरिक व्यवस्थापनको जिम्मेवारी, कर्मचारीलाई अह्रन खटन तथा रेखदेख गर्ने काम गर्दै आएका छौं । यस्तैमा प्रतिवादी सन्दिप लामिछानेले मिति २०७९।०५।०५ गते बेलुका परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई भेट गरी लिई ऐ. ५ गते रातीदेखी ऐ. ६ गते बिहानसम्म म समेतले सञ्चालन गरेको होटलमा राखी जवरजस्ती करणी गरेको भन्ने सोसियल मिडियाबाट थाहा पाएपश्चात मात्र मैले होटलको आगन्तुक अभिलेख तथा उक्त ५ गते बेलुका रातीदेखी ६ गते बिहानसम्म रिसेप्सन ड्युटीमा खटिएका होटलमा कार्यरत कर्मचारी अनिश श्रेष्ठसँग समेत बुझ्दा निज सन्दिप

लामिछानेले मिति २०७९।०५।०५ गते राती करिब २३:०० बजेको समयमा होटलको ल्याण्ड लाईन नम्बरमा फोन गरी कोठा बुक गर्न लगाएकोमा तत्काल रिसेप्सनमा ड्युटी रहेका कर्मचारी अनिश श्रेष्ठले कोठा नम्बर ४०७ बुक गरी राखी दिएका रहेछन । पछि सन्दिप लामिछाने र परिवर्तित नाम गौशाला २६ (छ)(१) (०७९/०८०) उक्त कोठामा आई बसेपश्चात उक्त कोठामा ए.सी. बिग्रेकोले दुबैजना उक्त कोठामा नबसी कोठा नम्बर ३०५ बुक गरी सगैं बसेका हुन् भन्ने कुरा भनेको थिए । उक्त मिति भन्दा पहिले समेत मेरो होटलमा खेलकुद तथा अन्य कार्यक्रम भएको समयमा निज सन्दिप लामिछाने समेतका खेलाडीहरु आई बस्ने गरेका थिए भने निज पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई उक्त दिन भन्दा पहिले मेरो होटलमा आई बसेको मैले देखेको छैन । यसरी निज सन्दिप लामिछाने र परिवर्तित नाम गौशाला २६ (छ)(१) (०७९/०८०) मेरो होटलको कोठामा सगैं बसी जबरजस्ती करणीको घटना समेत भएको रहेछ भन्ने कुरा विभिन्न सञ्चार माध्यमहरुबाट थाहा पाएको भन्ने समेत बेहोराको होटल काठमाण्डौ ईनका संचालक लाल बहादुर बानियाँले गरिदिएको घटना विवरण कागज ।

१२.सन्दिप लामिछाने र हामी प्राय एउटै टिममा रही क्रिकेट खेल्ने गरेका थियौं । खेलाडीहरु कुनै पनि राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल खेल्न जानु भन्दा करिब १२/१५ दिन अगाडी देखि तयारीको लागी क्यानले क्याम्प खडा गरी खेलाडीहरुलाई एउटै स्थानमा बसाई विभिन्न तालिम र प्रशिक्षण दिने गर्छ । यस्तैमा केन्यामा हुन गईरहेको अन्तर्राष्ट्रिय स्तरको क्रिकेट खेल खेल्नको लागी हामी खेलाडीहरुको मिति २०७९।०५।०६ गते फ्लाइट रहेको हुदाँ त्यसको करिब १५ दिन अगाडी देखी नेपाल राष्ट्रिय क्रिकेटका कप्तान सन्दिप लामिछाने लगायतका खेलाडीहरु हायात प्यालेसमा क्याम्प खडा गरी बस्दै आएको र CAN ले विभिन्न तालिम र प्रशिक्षण दिदै आएको थियो । मिति २०७९।०५।०५ गते बिहान म लगायतका खेलाडीहरुले बिहानको तालिम तथा प्रशिक्षण सकेपश्चात सन्दिप लामिछानेले मेरो गाडी बिग्रेको छ मर्मत गर्न जाउँ भनेको हुँदा दिउसो करिब १४:००/१५:०० बजेको समयमा म र सन्दिप लामिछाने निजको गाडी मर्मत गर्न भनी जिल्ला ललितपुर च्यासल भन्ने ठाउँमा गएका थियौं । गाडी मर्मत गरी फर्किदै गर्दा सन्दिप लामिछानेले गाडी ड्राईभिङ गरेका र आफ्नो मोबाइलमा गुगल म्याप समेत चलाएका थिए । सोही समयमा निज सन्दिप लामिछानेको स्न्याप च्याटमा म्यासेज आएको हुँदा निज सन्दिप लामिछानेले आफू ड्राईभिङ गरिरहेकोले मलाई कसको म्यासेज आयो हेर त भनी मोबाइल दिएका थिए । निज सन्दिप लामिछानेको स्न्याप च्याटमा

आएको मोबाइल नम्बरमा सन्दिप लामिछानेले मलाई कल गर्नु भनी भनेकोले मैले मेरो मोबाइल नम्बर ९८१६४३२१५१ बाट मोबाइल नम्बर ९८०४२६८२३९ मा कल गर्दा फोन रिसिभ भएको थिएन । त्यसको केही समय पश्चात सोही नम्बरबाट मेरो मोबाइलमा फोन आउँदा मैले चिन्न नसकेकोले चिनिन भन्दा निजले फोन काटेकी थिईन् । मैले चिनिन भन्दा फोन काटेकोले सन्दिप लामिछानेले मलाई पुन फोन गर्नु भनेको हुँदा मैले मेरो नम्बरबाट फोन गरी सन्दिप लामिछानेलाई कुरा गर्न दिएको थिएँ । त्यसपश्चात हामी दुबै जना हायात प्यालेसमा गई आ-आफ्नो कोठामा गएका थियौं । त्यसपछि सन्दिप लामिछाने के कहाँ गए र को कसलाई भेटे सो बारेमा मलाई थाहा भएन । भोलिपल्ट हामी खेलाडीहरु केन्या गएका थियौं । यस्तैमा म सहित सन्दिप लामिछने लगायतका खेलाडीहरु खेल खेल्न केन्या गएको समयमा सोसियल मिडिया मार्फत परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई सन्दिप लामिछानेले जबरजस्ती करणी गरेको भनी थाहा पाएको थिएँ भन्ने समेत बेहोराको क्रिकेट खेलाडी साहव आलमले अनुसन्धान अधिकारी समक्ष गरिदिएको घटना विवरण कागज ।

१३. म आज भन्दा करिब ८/९ महिना पहिलेबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको क्रिकेट प्रतियोगिता खेल खेल्दै जाने क्रममा प्रस्तुत मुद्दाका प्रतिवादी सन्दिप लामिछानेसँग चिनजान भएको थियो । हामी प्राय एउटै टिममा रही क्रिकेट खेल्ने गरेका थियौं । त्यस्तै आज भन्दा करिब ३/४ महिना पहिले सोसियल मिडिया स्न्याप च्याटमार्फत पीडित परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) सँग परिचय भई हामी बिचमा कुराकानी भईरहन्थ्यो । कुराकानीको क्रममा निजले तपाई राम्रो खेल खेल्नु हुने रहेछ म तपाईको fan हुँ तपाईको खेल मलाई साह्रै मन पर्छ तपाईको game कस्तो हुँदैछ भन्ने जस्ता म्यासेज स्न्याप च्याटमा पठाईरहने र निजसँग खेल सम्बन्धी कुराकानी भईरहने भएकोले निजलाई मैले सोसियल मिडिया मार्फत चिनेको हुँ । तर निजलाई हालसम्म प्रत्यक्ष रुपमा देखेको छैन । फोटोमा मात्र देखेको छु । केन्यामा हुन गईरहेको अन्तराष्ट्रियस्तरको क्रिकेट खेल खेल्नको लागी हामी खेलाडीहरुको मिति २०७९।०५।०६ गते फ्लाइट रहेको हुदाँ त्यसको करिब १५ दिन अगाडिदेखि नेपाल राष्ट्रिय क्रिकेटका कप्तान सन्दिप लामिछाने लगायतका खेलाडीहरु हायात प्यालेसमा खडा गरेको क्याम्पमा बस्दै आएको र CAN ले विभिन्न तालिम र प्रशिक्षण दिदै आएको थियो । यस्तैमा यकिन मिति याद भएन हामी हायात प्यालेसमा रहेको समयमा निज सन्दिप लामिछानेले गितार बजाउँदै गित गाएको भिडियो मैले मेरो स्न्याप च्याट मार्फत सन्दिप लामिछाने समेतलाई tag गरी स्न्याप च्याटमा रहेका मेरा २०/२५ जना साथीहरुलाई

sent गरेको थिएँ । उक्त भिडियो परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई समेत गएको थियो । त्यसको करिब ४/५ दिन पछि मिति २०७९।०५।०६ गते बिहान सन्दिप लामिछाने लगायतका हामी खेलाडीहरु अन्तर्राष्ट्रिय स्तरको खेल खेल्नको लागी केन्या गएका थियौं । उक्त दिन बिहान परिवर्तित नाम गौशाला २६ (छ)(१) (०७९/०८०) ले मेरो स्न्याप च्याटमा सन्दिप लामिछानेको गाडीको सेतो रङ्गको x trail गाडीको पछाडी भागको फोटो पठाएकी थिईन् । म खेल खेल्नको लागी केन्या गएपश्चात खेलमा व्यस्त भएकोले परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) सगँ कुराकानी भएको थिएन । यस्तैमा खेल खेल्न केन्या गएको समयमा सोसियल मिडिया मार्फत परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई सन्दिप लामिछानेले जवरजस्ती करणी गरेको जाहेरी दरखास्त दिएको कुरा थाहा पाएको थिएँ भन्ने समेत बेहोराको क्रिकेट खेलाडी देव खनालले अनुसन्धान अधिकारी समक्ष गरिदिएको घटना विवरण कागज ।

१४.म र मेरो श्रीमती सिर्जना बलामीले बिगत ५ वर्ष देखी जिल्ला काठमाडौं का.म.न.पा. वडा नं.१० नयाँ बानेश्वरमा आँगन गर्ल्स होस्टेल सञ्चालन गर्दै आएका छौं । पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) मिति २०७९।०३।०५ गते देखि मैले सञ्चालन गरेको होस्टेलमा बस्दै आएकोले सामान्य चिनजान रहेको छ भने प्रतिवादी सन्दिप लामिछाने क्रिकेट खेलाडी हुन् भन्ने सोसीयल मिडियामार्फत सुनेको छु । मिति २०७९।०५।०५ गते बेलुका राती देखी ऐ. ६ गते बिहान ०७:०० बजेको समयमा म आफ्नो होस्टलमा नै थिएँ । निज परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) प्राय जसो सँधै बिहान ०६:०० बजे बागबजार कलेज पढ्छु भनी जाने र दिउसो जापानिज भाषा पढ्न जान्छु भनी होस्टेलबाट बाहिर जाने गर्थिन् । कलेज पढ्न जाँदा होस्टेलमा कोही कसैलाई सोधेर जानु पर्दैन । यस्तैमा निज परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) मिति २०७९।०५।०५ गते बिहान करिब ०६:०० बजेको समयमा कलेज जान्छु भनी होस्टेलबाट बाहिर गएकोमा बेलुकासम्म समेत होस्टेलमा नआएपछि किन आईनन् भनी निजले मेरो श्रीमतीलाई दिएको मोबाइल नम्बर ९८०४२६८२३९ मा फोन गर्दा सम्पर्क हुन सकेको थिएन । त्यसको भोलिपल्ट समेत निज होस्टेलमा नआएपछि निजको मोबाइल नम्बरमा फोन सम्पर्क गर्दा म अब साथीसगँ बस्छु भनेकोले मैले ठिकै छ भनेको थिएँ । मिति २०७९ साल भाद्र महिनाको २२/२३ गते तिर हुनुपर्छ सोसियल मिडियामा क्रिकेट खेलाडी सन्दिप लामिछाने उपर एक जना होस्टेलमा बस्ने नाबालिकाले जबरजस्ती करणी मुद्दामा जाहेरी दरखास्त दिएको

भन्ने कुरा थाहा पाएको थिएँ । यसरी निज सन्दिप लामिछाने र परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) ले होटलको एउटै कोठामा सँगै बसी करणीको घटना समेत भएको रहेछ भन्ने थाहा पाएँ भन्ने समेत बेहोराको आँगन होस्टेल, नयाँ बानेश्वरका संचालक नारायण बहादुर बलामीले अनुसन्धान अधिकारी समक्ष गरिदिएको घटना विवरण कागज ।

१५. म जिल्ला काठमाडौं का.म.न.पा.वडा नं.१० नयाबनेश्वरमा बसी नेपाल ल क्याम्पस प्रर्दशनिमार्ग बिए.एल.एल.बि. प्रथम वर्षमा अध्ययन गर्दै आएकी छु । पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई साथी मार्फत चिनेकी हुँ भने परिवर्तित नाम गौशाला २६ (छ)(०७९/०८०) प्रस्तुत मुद्दामा जाहेरी दरखास्त दिन आउँदा चिनजान भएको हो । प्रतिवादी सन्दिप लामिछाने राष्ट्रिय क्रिकेट खेलाडी तथा नेपाली राष्ट्रिय क्रिकेट टिमका कप्तान भएकोले निजलाई विभिन्न सञ्चार माध्यमबाट देखेको छु प्रत्यक्ष देखेको छैन । मिति २०७९।०५।०५ गते बेलुकादेखी ऐ. ६ गते बिहानसम्म म आफ्नै घर कोठामा आराम गरी बसेकी थिएँ । यस्तैमा भाद्र महिनाको २० गते बिहान मेरो स्थायी वतन झापामा रहेका साथी बिनायक कार्कीसगँ मेरो सामाजिक सञ्जाल फेसबुकमा कुरा हुदाँ निजले मेरो बहिनी नाता पर्ने परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) साह्रै पीडामा परेकी छ रे तिमी उसलाई भेटेर आवश्यक सहयोग गरिदेउ भनी पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) को मोबाइल नम्बर पठाएका थिए । सोही समयमा मैले पीडित परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) लाई फोन गरि आफ्नो कोठा नजिकै भेट्न बोलाएकी थिएँ । बिहान करिब १०/११ बजेको समयमा निज परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) लाई भेट गरी के भएको हो भनी सोधपुछ गर्दा राष्ट्रिय क्रिकेट टिममा खेलाडी सन्दिप लामिछानेले विभिन्न बहानामा आफुसँग नजिक भई मिति २०७९।०५।०५ गते बेलुका भेट्न बोलाई आफुले चलाई ल्याएको गाडीमा बस्न लगाई घुमाउन भनी भक्तपुरको नगरकोट लगी राती करिब २३:०० बजेको समयमा भक्तपुरबाट काठमाडौ सिनामंगल स्थितमा रहेको होटल काठमाडौ ईनमा ल्याई २ वटा कोठा बुक गर्नु भन्दा समेत एउटै कोठा नम्बर ३०५ मात्र बुक गरी मलाई सँगै बसाई जवरजस्ती मेरो कपडा खोली मैले रुदाँ कराउँदा समेत मलाई पटक पटक जवरजस्ती करणी गरेको र बिहान मलाई निजकै गाडीमा राखी होस्टेल बाहिर छोडी दिएका हुन् भनी रुँदै घटनाबारे भनेकी थिईन । उक्त घटना बारे मैले साथी बिनायक कार्की सहित मेरो साथी पवन ढुंगानालाई समेत भनेकी थिएँ । मैले घटना बारेमा थाहा पाएपछि यस्तो

घटना लुकाएर राख्नु हुँदैन भनी त्यसको भोलिपल्ट गौशाला प्रहरी कार्यालय गई निज पीडितको रोहवरमा पीडितको दाई परिवर्तित नाम गौशाला २६(छ)(०७९/०८०) ले निज सन्दिप लामिछाने उपर जाहेरी दरखास्त दिएका हुन् । यसरी परिवर्तित नाम गौशाला २६ (छ)(०७९/०८०) ले निज सन्दिप लामिछाने उपर किटानी जाहेरी दरखास्त दिएपश्चात मिति २०७९।०६।२० गते प्रतिवादी सन्दिप लामिछानेलाई प्रहरीले पक्राउ गरेको भन्ने कुरा सामाजिक संजालबाट थाहाँ पाएकी हुँ । यसरी नेपाल राष्ट्रिय क्रिकेट टिममा कप्तान जस्तो महत्वपुर्ण पदमा रहेका प्रतिवादी सन्दिप लामिछानेले एउटा नाबालिका पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई सामाजिक संञ्जाल स्न्याप च्याटको माध्यमबाट चिनजान गरी विभिन्न बहानामा परिवारिक पृष्ठभुमिको बारेमा सोधपुछ गरी ललाई फकाई आफुप्रति आकर्षण गरी भेट गरी घुमाउन लगी रातभर होटलको कोठामा आफुसँगै राखी पीडित रुदाँ कराउँदा समेत पटक पटक जवरजस्ती करणी गरेको हुदाँ निज प्रतिवादी सन्दिप लामिछानेलाई कानुन बमोजिम कडा भन्दा कडा कारवाही गरी पीडितलाई उचित क्षतिपूर्ति दिलाई दिनुपर्छ भन्ने समेत बेहोराको बुझिएकी प्रकृति गिरीले अनुसन्धान अधिकारी समक्ष गरिदिएको घटना विवरण कागज ।

१६. म ख्वप कलेज अफ इन्जिनियरिङ लिवाली भक्तपुरमा B.C.T. तेस्रो वर्षमा अध्ययन गर्दै आएको छु । पीडित परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) लाई मेरो साथी प्रकृति गिरीमार्फत चिनेको हुँ भने परिवर्तित नाम गौशाला २६(छ)(०७९/०८०) लाई प्रस्तुत मुद्दामा जाहेरी दरखास्त दिन आउँदा चिनजान भएको हो । प्रतिवादी सन्दिप लामिछाने राष्ट्रिय क्रिकेट खेलाडी तथा नेपाली राष्ट्रिय क्रिकेट टिमका कप्तान भएकोले निजलाई विभिन्न सञ्चार माध्यमबाट देखेको छु प्रत्यक्ष देखेको छैन । भाद्र महिनाको २० गते बिहान करिब ११ बजेको समयमा मेरो साथी प्रकृती गिरीले मलाई फोन गरी आफ्नो साथी बिनायक कार्कीको बहिनी नाता पर्ने परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) लाई नेपाल राष्ट्रिय क्रिकेट टिमका कप्तान सन्दिप लामिछानेले जबरजस्ती करणी गरेका रहेछन् । पीडित साह्रै पीडामा छिन्, यसको लागी हामीहरुले सहयोग गर्नुपर्छ भनेकोले हुन्छ म त्यतै आउँछु भनेको थिएँ । दिउसो करिब १३:०० बजेको समयमा मैले साथी प्रकृति गिरी र पीडित परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) लाई भेट गरी के भएको रहेछ भनी पीडित परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) सँग बुझ्दा आफुलाई राष्ट्रिय क्रिकेट टिममा खेलाडी सन्दिप लामिछानेले विभिन्न बाहानामा नजिक भई मिति २०७९।०५।०५ गते बेलुका भेट्न बोलाई भेट गरी भक्तपुर नगरकोट घुमाउन लगी राती करिब २३:०० बजेको समयमा

भक्तपुरबाट काठमाडौ सिनामंगल स्थितमा रहेको होटल काठमाडौं ईनमा ल्याई राती कोठा नम्बर ३०५ मा राखी जवरजस्ती मेरो कपडा खोली मैले रुदाँ कराउँदा समेत पटक पटक जबरजस्ती करणी गरेको र बिहान मलाई निजकै गाडिमा राखी होस्टेल बाहिर छोडी दिएका हुन् भनेकोले घटना बारे थाहा पाएको हुँ । मैले घटना बारेमा थाहा पाएपछि यस्तो घटना लुकाएर राख्नु हुदैन भनेको थिएँ । त्यसको भोलिपल्ट पीडितको रोहवरमा पीडितको दाई परिवर्तित नाम गौशाला २६ (छ)(०७९/०८०) समेत गौशाला प्रहरी कार्यालय गई निज सन्दिप लामिछाने उपर जाहेरी दरखास्त दिएका हुन् । यसरी परिवर्तित नाम गौशाला २६ (छ)(०७९/०८०) ले निज सन्दिप लामिछाने उपर किटानी जाहेरी दिएको हुँदा मिति २०७९।०६।२० गते प्रतिवादी सन्दिप लामिछानेलाई प्रहरीले पक्राउ गरेको भन्ने कुरा सामाजिक संजालबाट थाहा पाएको हुँ । यसरी नेपाल राष्ट्रिय क्रिकेट टिममा कप्तान जस्तो महत्वपुर्ण पदमा रहेका प्रतिवादी सन्दिप लामिछानेले एउटा नाबालिका पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई सामाजिक संञ्जाल स्न्याप च्याटको माध्यमबाट चिनजान गरी विभिन्न बहाना गरी ललाई फकाई आफुप्रति आकर्षण पारी भेट गरी घुमाउन लगी रातभर होटलको कोठामा आफुसँगै राखी पीडित रुँदा कराउँदा समेत पटक-पटक जबरजस्ती करणी गरेको हुदाँ निज प्रतिवादी सन्दिप लामिछानेलाई कानून बमोजिम कडा भन्दा कडा कारवाही हुनुपर्छ भन्ने समेत बेहोराको बुझिएका पवन ढुंगानाले अनुसन्धान अधिकारी समक्ष गरिदिएको घटना विवरण कागज ।

१७. Hymen:- old tear at 6 O'clock position भन्ने समेत बेहोराको पीडित परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) को स्वास्थ्य परिक्षण प्रतिवेदन ।

१८. प्रतिवादी सन्दिप लामिछानेले पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई मिति २०७९।०५।०५ गते बेलुका नगरकोट घुम्न जाउँ भनी सँगै लगि फर्कि आउदा काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं.९ स्थित होटल काठमाण्डौं ईनमा लगी रातभरी आफुसँगै एउटै कोठामा राखी पीडित रुँदा कराउदा पनि पटक पटक जवरजस्ती करणी गरेकोले निज प्रतिवादी सन्दिप लामिछाने उपर मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२) को कसूरमा सोही संहिताको दफा २१९ को उपदफा (३) को (घ) बमोजिम सजाय गरी सोही संहिताको दफा २१९ (३क) को खण्ड (ख) बमोजिम जरिवाना हुन र सोही संहिताको दफा २२८ बमोजिम प्रतिवादीबाट पीडितलाई उचित क्षतिपुर्ति भराई पाउनका साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को

दफा ४१ बमोजिम प्रतिवादीबाट क्षतिपुर्ति कोषमा रकम भराई पाउन समेतको मागदावी लिई वादी नेपाल सरकारको तर्फबाट दायर भएको अभियोगपत्र ।

१९. जाहेरवालाले म विरुद्द प्रहरीमा उजुरी दिएको समयमा म क्रिकेट खेल्न वेष्टं ईन्डिजमा रहेको थिएँ । खेल चलिरहेको अवस्थामा नै र अन्य खेलहरु बाँकी रहेको अवस्थामा उक्त उजुरीवारे मैले थाहा पाएकोमा म आफैले म स्वयं नेपालमा गई कानूनी लडाई लड्ने भनी विभिन्न सामाजिक संजाल मार्फत लगायत नेपाल प्रहरीलाई जानकारी गराई म कानूनी लडाईको लागी नेपालमा आउने क्रममा २०७९।०६।२० गते नेपाल आएकोमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा म आँफैले प्रहरीकोमा सरेन्डर गरेको हुँ । तत्पश्चात सोही दिन प्रहरीले मलाई नियन्त्रणमा लिई अनुसन्धानको लागी प्रहरी वृत्त गौशालामा राखेको हो । जाहेरवाला परिवर्तित नाम गौशाला २६(छ)(०७९/०८०) संग तथा पीडित भनिएकी परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) संग मेरो रिसईवी, नाता सम्बन्ध, आर्थिक कारोवार समेत केही छैन । पीडित भनिएकी परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) र मेरो क्रिकेट खेलाडी साथी देव खनाल बीच चिनजान भई निजहरु विभिन्न सोसल मिडियामा एक अर्कासँग साथी रहेका रहेछन । सोही क्रममा एकदिन देव खनालले मलाई थाहा नदिई मैले गितार बजाई गीत गाईरहेको एउटा सानो भिडियो निज पीडित भनिएकी परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) लाई पठाएका रहेछन् । तत्पश्चात पीडित भनिएकी परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) ले मलाई स्नाप च्याटमा फ्रेन्ड रिक्वेष्ट पठाएकी रहिछिन् । सो रिक्वेष्ट आएको केही समयपछी मैले उक्त फ्रेन्ड रिक्वेष्ट एसेप्ट गरेको थिएँ । उक्त फ्रेन्ड रिक्वेष्ट एसेप्ट भएपश्चात निज पीडित भनिएकी परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) ले म सँगको कुराकानीको क्रममा आफु र देव खनाल एकदमै नजिकको साथी रहेको बताएकी थिईन् । देव खनालसँग निज पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) को राम्रो सम्बन्ध रहेको भन्ने थाहा पाएपछी मेरो साथी देवको साथी निज पीडित भनिएकी परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) भएको कारण निजसँग कुराकानी गर्न थालेको हुँ । कुराकानीको क्रममा निज पीडित भनिएकी परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८० ले मलाई केही भिडियो र फोटोहरु पठाउन थालेकी थिईन् । सोको जवाफमा मैले निजसँग सामान्य जवाफ फर्काउने गरेको थिएँ । कुराकानीको क्रममा निजले आफु मेरो एकदम ठुलो फयान रहेको र मसँग भेट्ने ईच्छा रहेको बताएकी थिईन् । जवाफमा मैले म आफु व्यस्त रहेको र तत्काललाई म आफु भेट्नको लागि असमर्थ रहेको र म आफु आफ्नो खेल सकाएर लगभग २ महिनापछि

भेट्छु भनि निजलाई बताएको थिएँ । तर निजले मलाई बारम्बार कर गरेको हुनाले र निजले आफ्नो व्यक्तिगत भनाई समेत राख्ने इच्छा व्यक्त गरेको हुनाले निजको बारम्बारको अनुरोधलाई मैले भ्याए भने भेट्छु भनि भनेको थिएँ । सोही क्रममा निजसँग मेरो चिनजान भएको हो । जाहेरी दरखास्तको व्यहोरा गलत र झुठा हो । किनकी म २२ वर्षको व्यक्तिलाई उक्त जाहेरीमा वर्ष २६/२७ वर्ष भनेर उल्लेख गरेको रहेछ । उक्त जाहेरीसाथ पेश भएको Maya Ko Pahilo Suagat Suru भनी लेखिएको फोटो मैले निज पीडित भनिएकी महिलालाई पठाएको होईन । जाहेरी दर्खास्तसंग पेश भएको उक्त फोटो मैले मेरो स्नाप च्याटको स्टोरीमा राखेको थिएँ । म आफु गायक अनिल सिंहको एक शुभचिन्तक हो र सोही फोटोमा लेखिएको पंक्ती गायक अनिल सिंहको गीत प्रेमपत्रको पहिलो पंक्ती हो । सो मैले सोही गीतबाट साभार गरेको मात्र हो कोही कसैलाई इंगित गरेर उक्त स्टोरी राखेको होईन । सोही फोटो समेतलाई निजले मेरो अनुमती बिना मेरो स्टोरीबाट चोरी गरेर निजले आफ्नो मोवाईलमा सेभ गरी राखेर जाहेरी दिंदा झुठा प्रमाण पेश गरेको रहेछ । मिति २०७९।५।५ गते अन्दाजी दिउँसो ४.१५ बजेतिर म च्यासल बाट मेरो बा.२६ च ४४४४ नं को गाडी मर्मत गराई म आफु बसीरहेको होटेल हायत प्लेसमा फर्कने क्रममा च्यासलको लोकेशन अली अफ्ठेरो हुनाले मैले मेरो मोवाईलमा गुगल म्याप प्रयोग गरी रहेको थिएँ सो समयमा मेरो क्रिकेट खेलाडी साथी शाहब आलम पनि म संग फर्कदै थिए । सोही फर्कने क्रममा मेरो स्नाप च्याटमा यस मुद्दामा पीडित भनिएकी महिलाले एउटा मेसेज पठाएको रहिछन् तर म आफु ड्राईभिङ्ग गरिरहेको हुनाले मैले मेरो साथी शाहब आलमलाई उक्त मेसेज हेरिदिन आग्रह गरेकोमा सो मेसेजमा निजले मलाई तपाईसंग अत्यन्तै जरुरी काम छ र आफु अहिले एकदमै दयनीय स्थितिमा रहेको भनि निजले मसंग केही हेल्पको आग्रह समेत गरेकोले निजले मलाई मेरो फुर्सदको समयमा निज महिलालाई फोनमा कुरा गर्नको लागी आफ्नो फोन नं समेत उक्त मेसेजमा पठाएको थिईन । तत्पश्चात निज महिलाको यो कुरा सुनेर फर्कने क्रममा आफुले गुगल म्याप प्रयोग गरेको हुँदा मैले म संगै रहेको मेरो साथी शाहब आलमलाई निजकै मोबाईलबाट निज महिलालाई निजले दिएको नंवरमा मा फोन गर्न आग्रह गरें र निज महिलालाई शाहव आलमले पहिलो पटक फोन गर्दा निजको फोन उठेन । सो को केही समय पश्ताच निज महिलाले शाहब आलमको मोवाईलमा फोन गर्दा मेरो साथी शाहव आलमले कल रिसिभ गर्दा उक्त महिलालाई नचिनेको हुँदा कल रिसिभ गरेको केही सेकेन्डमै फोन काटि दिएका थिए । पुनः केही समय पश्चात मैले शाहब आलम लाई उक्त नंवरमा फोन गर्न लगाएँ । फोन रिसिभ हुँदा मैले निज संगको

कुराकानीमा के भयो भनि सोध्दा निजले म संग आफु आफ्ठेरोमा रहेको र बाँकी कुरा भेटमै भन्छु भनि बताएकोले भेट्न संभव छैन म मिटिङमा जानु पर्ने छ र मलाई ढीलो हुन्छ भन्दा निजले मलाई ढीलो भएपनि तपाई आफ्नो काम सकेर अनुकुल समयमा आउनुहोस म मेरो होस्टेलमा कुरेर बस्छु भनेकोले मैले हुन्छ भनेर निजले बारम्बार आग्रह गरेकोले सो आग्रहलाई स्वीकार गरी फोनमा कुरा सकिएको थियो । उक्त साँझ आफ्नो काम सकेर निजलाई भेट्न जाने क्रममा मध्य बानेश्वरमा पुग्दा निजको होस्टेलको लोकेशन माग्दा निजले मलाई आफ्नो होस्टेलको लोकेशन समेत दिईनन् र मलाई मध्य बानेश्वर नजिक रहेको लीटिल काठमाडौं रेष्टुरेन्टमा पर्खनु भनिन र म त्यहाँ साँझको करिव ७ बजे पुगे पश्चात निज महिला पनि आई पुगीन् र आउना साथै निज आफैले गाडीको अगाडीको ढोका खोलीन र गाडीको सिटमा आएर बसिन । त्यसपछी मैले सामान्य रुपमा मैले हाई हेलो भनि सम्बोधन गर्दै त्यो नै निज महिला र मेरो पहिलो प्रत्यक्ष भेट थियो । सो भेटमा whats your plan भन्दा निजले मलाई आफुलाई नगरकोट जाने इच्छा रहेको बताईन र मैले अहिले त्यो सम्भव छैन अहिले यतै दरबारमार्गीतिर गएर कफि खादै गफ गरौं भनि निजलाई भन्दा निजले सो कुरा नमानी मैले आज बिहान देखी नै नगरकोट जाने मुड बनाएको र आफ्ना साथीहरुलाई नगरकोट जाने भनी बताएकी छु भनी भनेर मलाई भनेपछी निजको सो कुरा सुन्दा म अलि आश्चर्य चकित भएँ । निजको उक्त कुरालाई इन्कार गर्दै बरु पछी अन्य समयमा जाउँला भन्दा नगरकोट गएर एकछिनमै फिर्ता आउँला भनी मलाई नगरकोट जाने निजले नै बारम्बार कर गरेको र फिर्ता आउने शर्तमा निजकै करमा नगरकोट म गएको हो । निजको नगरकोट जाने पुर्वतयारी रहेको बारेमा मलाई पुर्व जानकारी समेत थिएन । नगरकोट जाने क्रममा निजलाई मैले निजको बारेमा सोध्दा निजले आफु अहिले १२ कक्षामा अध्ययनरत रहेको र आफु १९ वर्षमा चलिरहेको बताएकी थिईन । नगरकोट जाने क्रममा भक्तपुर दरबार स्क्वायर नजिकै पुग्दा समेत मैले निजलाई यतै कतै खाजा खाउँ र फर्किउँ भन्दा पनि निजलाई नगरकोट जाने र त्यहाँबाट साँझको दृश्यावलोकन गर्न समेत ईच्छा रहेको भनी बताएकी थिईन् । नगरकोट जाने क्रममा हाम्रो सामान्य कुराकानी भईरहेको थियो । त्यही क्रममा मैले देव खनालसँगको निजको चिनजानको बारेमा समेत सोधेको थिएँ । निजले आफुलाई क्रिकेट मनपर्ने र मार्चमा सम्पन्न भएको पपुवा न्यु गिनीसँगको खेलमा देव खनालको खेल हेरेर आफु देवसँग नजिकिएको समेत बताईन् । नगरकोटको यात्रामा धेरैजसो कुराकानी मेरो संगित र क्रिकेटको बारेमा मात्र भएको थियो । करिव ८.२० मा हामी नगरकोटको बोजिनी रिसोर्टमा पुगेका थियौं । उक्त रिसोर्टमा मेरो चिनजान हुनाले र म धेरैजसो

साथीहरु तथा परिवारको साथमा उक्त रिसोर्टमा जाने तथा बस्ने हुनाले साथै निज पीडित भनिएकी महिलासँग सो दिन नगरकोट जाँदा उक्त रिसोर्टमा सो दिन हामी नबस्ने हुँदा सो दिन उक्त रिसोर्टमा आफु आउने कुरा मैले जानकारी गराएको थिएन । रिसोर्टमा पुगेपछी रिसोर्टको आँगनमा वाहिरपट्टी नै हामी बसेका हौं । गएको एकछिनपछी हामीले खाजा अर्डर गरेका हौं । सोही क्रममा निजलाई आफुलाई गित गाउन मन पर्ने हुनाले र मैले गाएको गीत सुन्न ईच्छा गरेकोले मैले आफ्नो गाडीमा रहेको गिटार ल्याएर निज र मैले सँगै केहि गीतहरु गाएका थियौं । केही समयपश्चात हामी खाजा खाँदै गफ गर्दै गरेका थियौं । सोही क्रममा एउटा वेटरले मलाई रुम चाहिएको हो भनी सोध्दा मैले मलाई अहिलेको लागि चाहिएको छैन चाहिएको खण्डमा म जानकारी गराउँछु भनी भनेको थिएँ । केही समयपछी म सो रिसोर्टको रेलिङ्गको नजिक गएर काठमाण्डौको दृश्यावलोकन गर्दै थिएँ अवलोकन गर्ने क्रममा निज महिलाले मेरो पछाडीबाट आएर मेरो अनुमतीबिना मेरो काँधमा निजको टाउको राख्दा मलाई असहज महसुस भएको थियो । त्यसपश्चात मैले निजलाई अब हामी फिर्ता काठमाण्डौ जाउँ भन्दा निजले एकछिन पछि जाउँ भनी भनेकोमा निजलाई मैले तिम्रो होस्टल बन्द हुन्छ म भोली बाहिर जानुछ सोको लागी सामान प्याकिङ्ग गर्नु छ अहिले जाउँ भन्दा निजले मलाई ढिलो भएको छैन र होस्टल कुनै पनि समय बन्द हुँदैन ढिलो भए पनि के भयो त यहिँ बसौला भनी भनेकोमा मैले हामी आजै जसरी पनि जानुपर्छ र हामी फिर्ता हुने शर्तमा नै आएका थियौं भन्दा निज रिसले केही मर्मुराएको जस्तो मलाई आभाष भयो । सायद सन्दिप मसँग नगरकोटमा सँगै बस्दैन होला भनेर पनि निज रिसाएको हुनसक्छ । निज रिसमा हुँदा निजले गाडीको ढोका खोल्दिनु म गाडीमा जान्छु भन्दा मैले टाढैबाट गाडीको लक खोलिदिएको र निज रिसाउदै गाडीमा गएर बसिन् र मैले काउन्टरमा गएर बिल तिरेर आएर म मेरो गाडीमा बसेको थिएँ । करिब १०.५५ बजेतिर हामी नगरकोटबाट काठमाण्डौ प्रस्थान गऱ्यौं । फर्कने क्रममा निज महिला रिसाएको हुँदा मैले निज रिसाएको मुडलाई ठिक पार्नको लागी गाडीमा मीठा गीतहरु पनि मैले बजाएको थिएँ । सोही क्रममा निजलाई एउटा फोन कल आएको थियो । उक्त फोनलाई निजले रिसिभ गरिनन् र निजले सोही कल गर्ने व्यक्तिलाई अन्दाजी रातको ११.०० बजे तिर ह्वाट्स एपमा मेसेज गरेकी थिईन उक्त मेसेजमा he left me sathi ko ghar ma I will be staying there today I am safe भनी मेसेज समेत पठाएकी थिईन् । तत्पश्चात जड़ीबुटी आइ पुगे पश्चात मैले निज महिलाको होस्टेलको डिटेल माग्दा निजले कहाँ अब ढीलो भैसकेकोले म अव होस्टेल जान मिल्दैन होस्टेल बन्द भै सक्यो भनेकोले निजको यो कुरा सुनेर म एक छिन छक्क परें अनि मैले निजलाई तिमिले

एक छिन अघि होस्टेल जति खेर पनि खुलेको हुन्छ भनेको थियौ तर अहिले आएर बन्द भयो भन्छौ भनेपछी निजको सो कुरा त्यहीँ नै झुट लागेको थियो । सोही क्रममा निजले मसंग मेरा व्यक्तिगत कुराहरु गर्न बाँकी नै छ र तपाईसंग गफ गर्न पुगेको छैन भनि भनेको हुँदा मैले निजलाई म आफु बसेको होटेल हायात प्लेसमा निजको लागि एउटा रुम बुक गरीदिन्छु भनेको र सो होटेलको लबीमा बसी निजको कुरा सुन्छु भन्दा निजले होईन त्यहाँ अरु खेलाडी समेत हुन्छन् साथै देव खनाल पनि त्यही हुन्छ र देवले मेरो बारेमा के सोच्ला भनेर निजले मेरो आग्रहलाई अस्वीकार गरेकोले निजले मलाई यतै कतै कुनै होटेलमा बसेर गफ गरौं भनेकोले मैले नजिकै रहेको चिनेको म लगायत मेरा अन्य खेलाडी साथीहरु समेत गई रहने एयरपोर्ट नजिक रहेको होटेल काठमाडौं इनमा फोन मार्फत एउटा रुम बुक गरेको हुँ र एकछिन पछी रातको करीब ११.२५ बजे तिर सो होटेलको बाहिर पुग्दा मैले तिमी जाउ म तिमिलाई भोली बिहान तिम्रो होस्टेलमा पुर्याउनको लागि तिमीलाई पिक गर्न आउछु भन्दा हैन एक छिन आउनु तपाईसंग केही व्यक्तिगत कुरा र तपाई संगहेल्प चाहिएको कुरा समेत गर्नुछ भनि निजले भनेकोले मैले हुन्छ तिमि जाँदै गर म गाडी पार्क गरेर आउँछु भनेकोले निज होटेलको रिसेप्सनमा गई रुम नं.४०७ को चाबी लिई निज होटेलको रुमतिर लागिन म पनि करिब ४/५ मिनेट पश्चात होटेलको रिसेप्सनमा पुगी रुम नं बुझ्दा ४०७ नं को कोठामा गएँ । कोठामा गए पश्चात रुमको ए.सी. बिग्रीएको हुँदा निजले अर्को कोठा लिन आग्रह गरेकोले मैले पूनः रिसेप्सनमा गै अर्को रुम नं.३०५ को चाबी लिई आएँ । सो पश्चात हामी दुबै जना ३०५ नं को कोठामा गयौं सो समय रातको करिव १२.०५ बजेको थियो । रुममा गए पश्चात म थाकेको हुँदा बाथरुममा गएर फ्रेस भएर आउछु भनेर जान लागेको समयमा निजले रुमको ढोका समेत आफै बन्द गरेकी थिईन् । मैले उक्त रुमको ढोका किन बन्द गरेको खुल्ला रहन देउ भन्दा निजले केही हुँदैन don't worry its ok भन्दै जवाफ फर्काईन् । सो पश्चात म फ्रेस भएर फर्केर आउँदा निज बेडमा बसेकी थिईन् भने म कुर्सीमा बसेको थिएँ । ल भन् अब तिम्रो कुरा भन्दा निजले मलाई मेरो व्यक्तिगत कुरा सोधिन् मैले आफ्नो क्रिकेटको यात्रा लगायत आउने टुर तथा आउने खेल साथै भविष्यका केही योजनाहरुको बारेमा समेत बताए । मैले आफ्नो व्यक्तिगत कुराहरु गर्ने क्रममा मेरो लामो समय देखी एउटा गर्ल फ्रेन्ड रहेको र छिट्टै बिबाह गर्ने योजना बताएको थिएँ । यसैगरी मैले आफ्नो भनाईहरु सकाए निजको व्यक्तिगत कुराहरुको बारेमा सोध्दा निज आफु एकदमै दयनिय स्थितिमा रहेको बताईन । निजको बुवा आमाको सम्बन्ध विच्छेद पछि निजले धेरै समस्याहरु भोग्नु परेको बताईन । आफ्नो एउटा दाई रहेको र उ पनि

कुलतमा फसेको र घरमा पनि खासै वास्ता नगर्ने र आफुलाई जहिल्यै पनि गाली गरीरहने र खर्च समेत मागी रहने बताईन् । निजको आर्थिक स्थिती पनि गंभिर रहेको र आफुले आफ्नो पढाई लगायतका अन्य खर्चहरु पनि व्यहोर्न गाह्रो रहेको बताईन । पहिले काठमाडौं, पोखरा र पूनः काठमाडौंमा पढाई गर्दै जाँदा ठाउँ परिवर्तनको कारण र परिवारिक कारण पढाईमा धेरै असर परेको बताईन् । निजको ३/४ बर्ष अगाडी देखी Boy friend समेत रहेको बताईन् । Boy friend र Boy friend को आमाले नै निजको सबै खर्च बेहोरीदिने र निजको आफ्नो घरमा समेत पैसा पठाईदिने समेतको कुरा बताईन । होस्टेलबाट लुकी लुकी Boy friend संग घुम्न जाने र रमाईलो गर्ने समेतका कुराहरु बताईन् । यसरी नै दुई जनाको बिचको सम्बन्ध गहिरो रहेको कुरा बताईन । निजको भनाई अनुसार देव खनालले पनि निजलाई भेटेको र समय समयमा आर्थिक सहयोग समेत गरेको कुरा बताईन् । यो कुरा भन्दा निज भावुक मुद्रामा देखिन्थिन् । निजको मुडलाई मैले फ्रेस पार्नको लागि केही गितहरु आफैले गाएर सुनाए र मैले निजलाई सबै कुरा ठीक भै हाल्छ चिन्ता गर्नु पर्दैन भनेर आश्वासन दिएँ । केही समयपछि निजले आफुलाई आर्थिक सहयोग चाहिएको र आफु Sponshorship को खोजीमा रहेको बताएकी थिईन् । यदी मेरो तर्फबाट केही सहयोग हुन सक्छ भनेर निजले मसँग जिज्ञासा राख्दा सो सम्बन्धमा मैले विचार गरेर भन्छु भनी भनेको थिएँ । उक्त कुरा पश्चात निजले मलाई आफुलाई भविष्यमा धेरै कुराहरुमा सजिलो हुन्छ भनेर आफ्नो आमाबुवाको सहयोगमा नयाँ जन्मदर्ता बनाएको र आफ्नो उमेर समेत घटाएको जानकारी गराईन् । निज महिलाको उक्त कुरा सुन्दा मलाई एकछिन निज उपर शंका लाग्यो । केही समयपश्चात मैले होटलबाट निस्कने निर्णय लिएँ । करिब विहान ४.०० बजेको समय हुनुपर्दछ मैले निजलाई म अहिले जान्छु म तिमिलाई होष्टलमा पुर्याउनको लागी विहान ६.०० बजेतिर आउँछु भन्दा निजले मलाई तपाई जाँदा आउँदा नै १ घण्टा भन्दा बेशी लाग्छ त्यसकारण त्यतिन्जेल तपाई यहीं बस्नु हामी गफ गर्दै बसौंला भनेर भन्दा निजको उक्त कुरा मलाई ठिक लाग्यो अनि मैले निजलाई हुन्छ तिमिले भनेको कुरा मलाई ठिक लाग्यो बरु अर्को रुम लिएर यहीं बस्छु भन्दा निजले त्यसो गर्नु पर्दैन अब एकछिनमा म पनि निस्किन्छु त्यतिन्जेल हामी यहिँ गफ गरेर बसौं भनी बारम्बार कर गरेर मलाई अर्को कोठा समेत लिन दिईनन् । धेरै समयसम्म कुर्चीमा बसेको देखेर निजले मलाई निज बसिरहेको बेडमा आएर सँगै बस्न समेत आग्रह गरेकी थिईन र उक्त कुरालाई मैले इन्कार गर्दै म खेलाडी हो मैले यहीं एडजस्ट गर्न सक्छु भनी म त्यही कुर्चीमा नै बसें । सो समयमा मलाई निन्द्रा समेत लागेकोले म आफु ६.०० बजे उठ्नुपर्ने भएकोले मैले सोही समयमा नै

६.०० बजेको अलाराम लगाएको थिएँ । कुराकानीको क्रममा म बसिरहेको कुर्चीमा नै निदाएछु । ६.०० बजे अलाराम बजेपछी म उठें र निजलाई पनि उठ्न आग्रह गरें । म फ्रेस भएर आएपछी मैले निजलाई ब्रेकफास्टको लागी प्रश्ताव राख्दा पर्दैन तपाईलाई ढिला हुन्छ म होस्टेलमै गएर खाजा खान्छु भनी भनेकी थिईन् । करिव ६.५० तिर हामी होटलबाट निस्कियौं । म सँग भेटेर निज एकदमै खुसी देखिएकी थिईन् । म आफु भर्याङ्गबाट पार्किङ्गमा गएर पार्कमा रहेको गाडी लिएर होटल अगाडी आएँ र निज पनि सोही गाडीमा बसिन् र मैले निजलाई निजको होस्टलमा पुर्याईदिएँ । निजको होस्टल नजिकै निजलाई छोडेपछी छुट्ने समयमा निजले फेरी पनि एकपटक Sponsership को बारेमा सोचिदिन अनुरोध गरिन र मैले हुन्छ म हेर्छु भनें र म पनि आफ्नो होटल हायात प्यालेस तिर लागें र होटल पुगेपछी मैले मोवाईल चलाउँदा निजको म्यासेज आएको रहेछ it was really nice to meet you भनी स्नाप च्याटमा म्यासेज पठाएको रहिछिन र अर्को म्यासेजमा तपाई होटल पुग्नुभयो भनेर सोधेकी थिईन् । सो म्यासेजहरुको रिप्लाईमा मैले निजलाई मलाई पनि तिमिलाई भेटेर खुशी लाग्यो र म होटल पुगिसकें भनेर जानकारी पनि दिएको थिएँ । सोही साँझ म लगायत मेरो टिम केन्यातिर प्रस्थान गयौं । केन्या गएपछी पनि हामी भेटेको २ दिनसम्म पनि कुराकानी गरेका थियौं । कुराकानीको क्रममा म अब व्यस्त हुन्छु Game को Pressure ले गर्दा म खासै बोल्न पाउँदिन र म अब २ महिनापछी खेल सकिएपछि आएर कुराकानी गर्छु भनी भनेको थिएँ र सोको जवाफमा निज महिलाले मलाई हुन्छ Take Care समेत भनेकी थिईन । २०७९।०५।२२ गते मैले म माथी परेको उजुरीको बारेमा म वेष्ट इन्डिजमा हुँदा सामाजिक संजाल मार्फत थाहा पाएको थिएँ । निजले आफु १९ वर्ष पुगिसकेको र आफ्नो Boy Friend समेत भएको बताएको हुनाले मैले साथीको नाताले निजसँग सतर्कता अपनाउनुको साथै निज उदास भएको देखी मैले गीतको माध्यमबाट सहज महसुस गराउने प्रयास समेत गरेको थिएँ । भेटको क्रममा निजलाई मैले जबरजस्ती करणी गर्नु त टाढाको कुरा निजलाई मैले छोएको पनि छैन । निज पीडित भनिएकी महिलाले झुठ्ठा वनावटी कपोकल्पित वेबुनियाद र बदनियत भावनाले मलाई फसाउने नियतले म माथी झुठा आरोप लगाएकी हुन् । निजले मसँग कुरा गर्दा आफु १९ वर्ष चलिरहेको भनी बताएको र पछी म माथी जाहेरी दरखास्त पेश गर्दा आफु नाबालिग रहेको कागजात पेश गरेको देखिदा निजले योजनाबद्द तवरले अन्य कसैको उक्साहटमा परी मलाई फसाउने षडयन्त्र रची जाहेरी दरखास्त दिएकी हुन् । निजसँग बाध्यात्मक रुपमा र निजको कर र बारम्बार अनुरोध गरेकोले नै म निजको अनुरोधमा बाध्य भई एउटै कोठामा बस्न पुगेको हो । मैले कुनै मादक पदार्थ सेवन गरेको थिएँन

र उनलाई पनि मादक पदार्थ सेवन गर्न लगाएको थिएँन । हामी दुवैले मादक पदार्थ सेवन गरेका थिएँनौं । होटल जस्तो सम्वेदनशिल ठाउँमा निजले आफुलाई मैले जवरजस्ती करणी गरेको भनी लगाएको आरोप झुठा हो । होटलको कोठामा बस्दा आ-आफ्नो स्थानमा निज पीडित भनिएकी महिला बेडमा र म कुर्चीमा बसी घरायसी व्यक्तिगत तथा पेशागत कुराकानी मात्र गरी बसेका हौं । मैले निजलाई करणी त टाढाको कुरा छोएको समेत छैन । सलिना शर्मालाई पीडित भनिएकी व्यक्तिलाई पठाएको च्याट विवरणमा He left me sathi ko ghhar ma I will be staying there today I am safeee भन्ने समेत उल्लेख गरेको च्याट, सुबोध रेग्मीसँग निज पीडित भनिएकी महिलाले गरेको च्याट विवरणमा निजको जन्ममिति २०६१।०२।१८ भनी उल्लेख गरेको तथा I just hug sandeep Lamichhane the day before Yesterday भनी उल्लेख गरेको च्याट तथा निज पीडितले आफु बिरगंजको नारायणी अस्पतालमा जन्म भएको भनि उल्लेख गरेको सोको प्रमाण लगाई पाउँ । मैले अभियोग मागदावी बमोजिमको कसूर गरेको छैन भन्ने समेत बेहोराको प्रतिवादी सन्दिप लामिछानेले अदालत समक्ष गरेको बयान ।

२०. मिसिल संलग्न प्रमाणहरुको परिक्षण गरी थप प्रमाणहरु बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई यी प्रतिवादी सन्दिप लामिछानेलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ (१) (ख) बमोजिम थुनामा राखि मुद्दाको पूर्पक्ष गर्नु पर्ने देखिंदा ऐ. संहिताको दफा ८० बमोजिम थुनुवा पुर्जि दिई स्थानिय कारागार कार्यालयमा पठाईदिनू । साथै प्रस्तुत मुद्दा निरन्तर सुनुवाईको भएको र प्रतिवादी समेत चुक्ता भैसकेको देखिँदा जाहेरवाला, पीडित, बुझिएका मानिसहरु र पीडितको स्वास्थ्य परिक्षण गर्ने चिकित्सक समेतलाई बकपत्रको लागि जिल्ला सरकारी वकील कार्यालय, काठमाण्डौं मार्फत उपस्थित गराउन सम्बन्धीत प्रहरी कार्यालयमा पत्राचार गर्नू र प्रतिवादीका साक्षीहरुलाई निजै मार्फत उपस्थित गराई बकपत्रका लागि इजलास समक्ष पेश गर्नू । प्रतिवादीले बयानसाथ पेश गरेको पीडितको जन्मदर्ताको अभिलेख किताब सहितको सक्कल प्रति सम्बन्धित कार्यालयबाट झिकाउनू । पीडितको नागरिकता प्रमाणपत्र बनाउँदा भरेको अनुसुची फाराम सहितको प्रतिलिपि सम्बन्धित कार्यालयबाट झिकाउनू भन्ने समेत बेहोराको यस अदालतबाट मिति २०७९।०७।१८ मा भएको थुनछेक आदेश ।

२१. जाहेरीमा उल्लेखित सबै घटना विवरणहरु साँचो हुन् । राष्ट्रिय टोलीका खेलाडी देव खनाललाई मैले मार्चको अन्त्यतिर नेपालले मलेसिया र पपुवा न्यु गिनीसँग ट्राई नेशन सिरिजमा डेब्यु म्याचमै आफ्नो उत्कृष्ट प्रदर्शन गरेकोले उहाँको प्रतिभाको तारिफ देशव्यापी रुपमा भईरहेको हुँदा आफु पनि क्रिकेट समर्थक भएको हिसाबले चिनेकी थिएँ

। उहाँलाई क्रिकेट समर्थकको हिसाबले उहाँको व्याटिङ शैली अत्यन्तै राम्रो लागेर नेपालले सी सिरिज जितिसके पश्चात मैले वहाँलाई सोसल मिडिया एप फेसबुकमा रिक्वेष्ट पठाएको थिएँ । देव खनालले मेरो रिक्वेष्ट एक्सेप्ट गरेपश्चात मेरो फेसबुकमा मेरो ईन्स्टाग्राम र स्नाप च्याटको युजर नेम पनि कनेक्ट भएकोले मलाई त्यही युजर नेम हेरेर स्नाप च्याटमा एड गरेका रहेछन । केही दिन पश्चात देव खनाल र म बिच स्न्याप आदानप्रदान हुन शुरु भयो । सोही स्न्याप पठाउने क्रममा अन्दाजी एक हप्ता जती पछाडी देव खनालले मलाई भेट्न आग्रह गरेका थिए । देव खनाललाई आफुले भेट्न नजाने भनेपछि देव खनालले मलाई कोसँग बोल्दै छौ थाहा त छ नी भनेर समेत भनेका थिए । देव खनालको स्न्यापच्याटको युजरनेम dkhanal18 रहेकोले मलाई उक्त व्यक्ति देव खनालनै हुन भन्ने थाहा थिएन । त्यसैले को रहेछन त भन्ने हिसाबले मैले वहाँको स्न्यापच्याटको प्रोफाईल भिजिट गरेको थिएँ । वहाँको स्न्यापच्याटमा आफ्नो फेसबुकमा समेत रहेको फोटो पनि रहेछ । त्यसपछी मैले वहाँ देव खनाल रहेछ भनेर चिनेकी थिएँ । जुन महिनाबाट मेरो कक्षा ११ को बोर्ड परिक्षा शुरु हुने भएकोले मे को शूरु भए पश्चात मैले आफ्नो सम्पुर्ण सोसल मिडिया एकाउन्टहरु बन्द गरेकी थिएँ । करिब १ महिना पछि मेरो परिक्षा सकेपश्चात फेरी पनि पुनः देव खनाल र मेरो स्न्याप आदानप्रदान हुन थाल्यो । सोही गरी स्न्याप पठाउने क्रममा अगष्ट १३ मा देव खनालले आफु र प्रतिवादी सन्दिप लामिछाने रहेको तश्विर पठाएका थिए । निज देव खनाललाई कसरी सँगै भनेर सोध्दा केन्या जानको लागी क्यानले क्याम्प राखेको आफु २ जना रुममेट भएको कुरा बताएका थिए । देव खनालले मेरो र प्रतिवादीको युजर नेम समेत ट्याग गरेर स्न्याप पठाउँदा मलाई विश्वास लागेको थिएन । कुनै पनि एउटा चर्चित व्यक्तिले ईन्स्टाग्राम फेसबुक ट्विटर चलाउने गरेको थाहा पाएकी र स्न्याप च्याट निकै प्राईभेट एप भएकाले मैले देव खनाललाई सोधेकी पनि थिएँ । तर उक्त कुराको मैले केही चासो भने राखिन । अगष्ट १६ मा देव खनालले पुनः मेरो प्रतिवादीको स्न्याप पठाएका थिए । उक्त बेलामा भने मैले सो युजर नेम लाई ट्याप गर्दा अर्को स्न्याप आईडी खुलेकोले आफु खेल समर्थक भएको हिसाबले रिक्वेष्ट पठाएकी हुँ । रिक्वेष्ट पठाएर खाना खाएर आउँदा रिक्वेष्ट एसेप्ट भईसकेको रहेछ । त्यसपछी म कलेज गएँ । कलेजबाट फर्किएर आएर फोन चलाउँदा प्रतिवादीले मलाई सामान्य स्न्याप पठाएका रहेछन । आफुले पनि स्नाप पठाएँ । १७ अगष्टमा कलेजबाट फर्किएर आए पश्चात प्रतिवादी र म बीच कुराकानी भएको थियो । आफ्नो परिचय तथा सामान्य कुरा मैले उनलाई बताएकी थिएँ । उक्त दिन आफु सोल्टी होटलमा भएको र म सँग भेट्ने ईच्छा भएको भनी उनले मलाई भेट्न

आग्रह गरेका थिए । मैले नभ्याउने भनेर उक्त दिन भेट्नको लागी जोडबल गरेनन् । यही बीचमा हाम्रो कुराकानी हुँदा मेरो परिवार म सँग नबस्ने कुरा पनि निजलाई थाहा थियो । २१ अगष्टमा पनि अरु दिन जसरी नै बिहान अफिस गएँ फर्केर आएपश्चात एउटा सामान्य स्न्याप पठाएँ । उक्त दिन कुराकानी हुँदा निजले भेट्ने कुरा गरेका थिए । मैले आफुले तत्काल नभ्याउने बताएकी पनि थिएँ । तर निज भोलीपल्ट अन्तर्राष्ट्रिय खेल खेल्नको लागी बाहिर जाने र मलाई पनि मेन्टल रिफ्रेसमेन्ट हुन्छ भनी जोडबल गरी भेट्नको लागी आग्रह गरेका थिए । मैले हुन्छ हुँदैन केही पनि नभनी निजले मेरो नम्बर मागेकोले आफ्नो नम्बर दिएर कलेज गएकी थिएँ । कलेजमा म पढिरहेको बेला नयाँ नम्बरबाट कल आएको रहेछ । कलेजबाट निस्के पश्चात मैले उक्त नम्बरमा कल व्याक गरें । आफुले नचिनेको मान्छेले फोन उठाई को हो भनेकाले मैले कुनै रङ नम्बर हुनसक्ने सोचेर कुनै परिचय नखुलाई कल काटिदिएकी थिएँ । उक्त नम्बरबाट पुनः होस्टल फर्कने क्रममा कल आएको रहेछ जुन कल प्रतिवादीले गरेका थिए । उक्त कलमा आफु कत्तीको फ्री छौ भनेर समेत सोधेका थिए । अहिले आँफु होस्टल जाँदै गरेको बताएपश्चात निज पनि आफ्नो मिटिङ्गको लागी सातदोबाटो जाँदै गरेको एकछिनमा कल गर्नु भनी सो बखतका लागी कल टुङ्गाएका थिए । म होस्टल पुगेपश्चात पुनः कल गरेका र बाहिर जानको लागी आफु लिन आउँछु समेत भनेका थिए । त्यसपश्चात निजले मिटिङ्गबाट फर्किदै गर्दा मैले कति टाईम लाग्छ आउन भनेर सोध्दा पुग नपुग १ घण्टा जती भन्दा मैले ढिलो हुन्छ भने म जाँदिन समेत भनेकी थिएँ । निजले फेरी एकछिनमा कल गरेर आफु होटलबाट फर्किएको र मलाई पार्लियामेन्ट आई बस भनेर आग्रह गरेका थिए । मलाई पार्लियामेन्ट आउन भन्दा पनि हजुर नै यता आउनु भन्दा लोकेशन थाहा नभएको भन्दा मैले मेरो होस्टेल ग्लोबल कलेज अगाडी पर्दछ भनी भनेकी थिएँ । उनले मेरो होस्टल अगाडी आएर म लिटिल काठमाण्डु भन्ने रेष्टुरेन्ट अगाडी सेतो गाडीमा बसिराखेको छु भनेर भनेपछी म उक्त गाडी अगाडी गएर उभिएकी थिएँ । उनले गाडीमा आई बस्न आग्रह गरेपश्चात म गाडीमा गई बसेकी हुँ । त्यसपछी निजले गाडी चलाउन शुरु गरे । गाडी सिनामंगलतर्फ जाँदै गर्दा मैले कहाँ जाने हो भनेर सोध्दा समेत Lets see मात्र भनी आफ्नो गाडी तिनकुने तिर मोडेका थिएँ । कोटेश्वर हुँदै निजले एकदमै भित्री बाटोबाट भक्तपुर दरबार स्क्वायर हुँदै नगरकोट जाने भनी भनेका थिए । गाडी बोजिनी रिसोर्ट नगरकोटमा लगेर रोकेका हुन् । त्यसपछी म गाडीबाट ओर्लिएर त्यहाँको भ्यु हेर्न थालें । त्यहाँ बस्दा पटकपटक होटलको स्टाफ आई निजसँग भिआईपी रुम छ सर बुक गर्दिउँ भनेर समेत भनेका थिए । त्यहाँ हामीले केही खाजा खायौं । त्यहाँ बसेर

कुरा गर्दा प्रतिवादीले विभिन्न प्रकारका आश्वासन देखाउने काम पनि गरेका हुन् । त्यसपश्चात रातको करिब १०.०० बजेतिर मैले फर्किन आग्रह गरें । आफ्नो होस्टल बन्द हुने भएकोले अब जानुपर्छ भनी बताएकी थिएँ । निजले सकेसम्म सोही रिसोर्टमा बस्ने भनी मलाई कन्भिन्स गर्न खोजेका थिए । मैले कुनै पनि हालतमा आँफू फर्किनुपर्ने भन्दा निजले कहाँ पच्थ्यो त भनी समेत भनेका थिए । त्यसपछि हामी त्यहाँबाट फर्कियौं । फर्किने क्रममा निजले मलाई होस्टलको फि कसरी म्यानेज गरिराखेको छौ भन्दा त्यो होस्टलमा आँफु पहिले विद्यार्थीको रुपमा नभई काम गरेर पठन पाठन गरेको, होस्टलको मान्छेहरुलाई मेरो काठमाण्डौमा कहि पनि जाने ठाउँहरु छैनन, कोही आफन्तहरु समेत वस्दैनन, म यो भन्दा पहिले कहिलैपनि यसरी बाहिर नहिंडेको र मध्य रातमा होस्टल जाँदा भोलीपल्ट होस्टलको आमाले कहाँ गएकी, किन गएकी, कसरी गएकी जस्ता प्रश्नहरु गर्न सक्ने हुनाले अहिले होस्टल फर्किने कि के गर्ने भनेर भन्दा निजले हुन्छ नि त म रुम लिन्छु भनेर भनेका थिए । सोही क्रममा निजले रुम लिनलाई फोन गर्दा मैले २ वटा रुम राख्न भनेकी थिएँ । निजले होटलको स्टाफलाई कल गरेर म आउँदैछु त्यही रुम राख्देउ भनेका थिए । त्यसपश्चात मैले एउटा छोटो स्न्याप भिडियो बनाउने क्रममा मेरो फोन निजले खोसेका हुन् । होटल पुग्ने बेलामा होटलका स्टाफलाई कल गरेर रुमको चाबी दिन भनेका थिए । गाडीबाट ओर्लिने क्रममा तिमिसँग मास्क छ कि छैन भनेर सोध्दा मैले आफुसँग मास्क नभएको बताएपश्चात मास्क जसरी पनि लगाउनुपर्छ भनी आफैले लगाएको मास्क मलाई लगाएर ओर्लन दिएका थिए । ओर्लने क्रममा मैले आफ्नो फोन माग्दा आफुले माथी आउँदा लिएर आउँछु भनी दिएका थिएनन् । होटलको स्टाफ चाबी दिनको लागी ढोकामा बसिराखेको थियो । प्रतिवादीले उसँग चावी लिएर जाउ भनेकाले मैले उसको हातबाट चावी लिई कोठा नं. ४०७ मा गएकी थिएँ । कोठामा गएर फ्रेस भएर सोफामा वस्दै गर्दा करिव ५ मिनेटजती पछी निज आएका थिएँ । मैले आफ्नो फोन खै भनी सोध्दा गाडीमै बिर्सिएको भनी बताएका थिएँ । म सोफामा बस्दै गर्दा होटलको उक्त रुमको एसी प्रतिवादीले चेक गर्दा एसी नखुलेपश्चात होटलको रिसेप्सनमा कल गरेर होटलको स्टाफलाई बोलाएका थिएँ । होटलको स्टाफ आएर टेक्निकल समस्याहरु रहेकाले प्रतिवादीलाई कोठा सर्न आग्रह गरेका रहेछन् । त्यसपछी निजले कोठा नं. ३०५ मा लिएर गएका हुन् । उक्त कोठाको चावी नभएकाले प्रतिवादी आफै चाबी लिन तल रिसेप्सनमा गएका थिएँ । प्रतिवादीले चाबी लिएर आएर आँफैले ढोका खोले पश्चात म उक्त कोठाको बेन्चमा गई बसेकी थिएँ । निजले बेडमा गएर कमर्फर्टेवल तरिकाले सुत्दा हुन्छ भनेपश्चात म खाटमा गई सुतेकी हुँ । सोही क्रममा

निजले मलाई आफ्नो कपडा खोलेर सुत्न समेत आग्रह गरेका थिए । मैले आँफु ठीकै रहेकाले आफ्नो कपडा लगाई खाटमा सुतेकी थिएँ । म सुतेको करिब १५ मिनेटपश्चात प्रतिवादीसमेत खाटमा आई मेरो शारीरिक अंगहरु चलाउदै गरेको मैले महसुस गरें । मैले निजलाई धकेल्न खोज्दा झनै थिच्न लागेको जस्तो गरेपश्चात म आत्तिएँ । मलाई एकदमै शारीरिक रुपमा पनि गाह्रो भयो । एकदमै Numb भएजस्तो महसुस गरें । उक्त क्रममा निजले जबरजस्ती मेरो कपडा समेत खोली आफ्नो पनि खोलेर मेरो मन्जुरी र स्विकृती नलिईकन करणी गरेका हुन् । त्यसपश्चात उनी वासरुम गए । वासरुमबाट फर्कदा मलाई ट्वाईलेटको टिस्यु पेपर मुखमा फालिदिएर मेरो शरीरमाथि फालेको बिर्य सफा गर्न लगाएका हुन् । उक्त घटनापश्चात मलाई एकदमै सोफोकेटेड जस्तो महसुस भयो । विहान अफिस दिउसो कलेज अनि फेरी नगरकोट अनि फर्केर आएर त्यहाँ त्यस्तो घटना समेत भएको हुनाले म कुनातिर फर्केर बसें । त्यसको लगभग एक डेड घण्टा पश्चात म सुतिरहेको वेलामा पुनः निजले मलाई लछारपछार पारेर मेरो ढाडमा पिटेपश्चात म आत्तिएकी हुँ । त्यसपछि पनि मेरो स्वीकृती नलिईकन शारीरिक रुपमा पनि पिटेर दोश्रोपटक करणी गरेका हुन् । त्यतिबेला पनि मेरै शरीरमा विर्य फालिदिएर आफु ट्वाईलेट गएर टिस्यु ल्याई मलाई फालिदिएका थिएँ । आफ्नो शरीर शुन्यमा भएको महसुस गरी थकानका कारणले र डरले मैले आफुले प्रतिरोध गर्दा समेत मलाई उल्टै पिटेर करणी गरेकाले मैले असुरक्षीत महसुस गरेकी थिएँ । त्यसपछी म सुतिन । विहान भएपश्चात म वासरूम गएँ वासरुमबाट फर्किने क्रममा हिजो गाडीमै छुट्यो भनेको मेरो फोन एउटा सानो सामानहरु राख्ने ठाउँ जस्तोमा राखिएको रहेछ । मैले कसरी आयो भनेर सोध्दा मैले बिहान गएर लिएर आईदिएको भनी ढाँटेका समेत थिएँ । मलाइ एकदमै पेट दुखेजस्तो महसुस भयो । त्यस समयमा मैले निज प्रतिवादीलाई मलाई भोक लाग्यो समेत भनेकी थिएँ । निजले त्यतिबेला म जाँदै गर्छु तिमिचाँहि ब्रेकफास्ट लिएर आउ अर्डर गरिदिन्छु भनेर एक्लै निस्किन खोजेका हुन् । मैले होईन रातको समयमा आएको हुनाले आफु कता छु भन्ने पनि थाहा नभएको हुनाले त्यस समय आफु पनि जाने भनी त्यहाँबाट म रेडी भएँ । त्यसपछी त्यहाँ कोठाबाट सँगै निस्कियौं । म दुई पाईला जती हिंड्दा निज कहाँ पुगिसकेका थिएँ मैले देखिन । शारीरिक रुपमा पीडा पनि भएको हुनाले म विस्तारै भर्याङ्गबाट ओर्लिएँ । म ओर्लिएर ढोकामा पुग्दा प्रतिवादी गाडी फर्काएर कुरेर बसिरहेका रहेछन । ईसाराले आईजा भन्ने संकेत गरिसकेपछी म गाडीमा गएर बसेकी हुँ । फर्किने क्रममा पनि मैले एउटा सानो स्न्याप भिडीयो बनाउन खोज्दा निजले पुनः मेरो फोन खोस्न लागेका थिएँ । फर्कने क्रममा गाडीमा हाम्रो त्यस्तो केही पनि

कुराकानी भएन । त्यसपछी मेरो होस्टल अगाडी लगेर मलाई छाडिदिएका हुन् । त्यसपछी म आफ्नो होस्टल गएँ । आफुलाई गाह्रो भएको महसुस भएको हुनाले बिहान अफिस जान सकिन । दिउसो कलेज चाहिँ गएँ । कलेजबाट फर्किएर आएर मोवाईल चलाउने क्रममा निजले मलाई अनफ्रेन्ड गरिसकेको रहेछ । त्यसपछी निजसँग कुनै पनि माध्यमबाट हालसम्म कुराकानी भएको छैन । घटना भए लगत्तै आफु मेन्टल ट्रमा रहेका कारण मलाई बाहिर आई स्पिक अप गर्ने एविलिटी भएन । मेरो परिवारको अन्य सदस्यलाई भन्न डर लागेकोले मैले आमालाई पहिला भेटेर बताएकी थिएँ । आमाले दाईसँग को-अर्डिनेशन गरेर कानूनी रुपमा जानुपर्ने परामर्श दिएपछि हामी प्रहरी वृत गई जाहेरी दिएका हौं । पछिल्लो समय प्रतिवादीको परिवारको तर्फबाट मेरो आमा, बुवा र जाहेरवाला दाईलाई पटक पटक विभिन्न प्रलोभन देखाई मेरो परिवारको आर्थिक अवस्था कमजोर रहेकोले मलाई बाँकी शिक्षा हासिल गर्नका लागि विदेश समेत पठाईदिने जस्ता आश्वासन देखाएर बयान फेर्नको लागि निरन्तर रुपमा हामीलाई डर, त्रास धम्की आईरहेकोले म र मेरो परिवारको सुरक्षाको लागि माग गर्दै छिटो भन्दा छिटो न्यायका लागि अनुरोध गर्दछु । मेरो दाईलाई प्रतिवादीको परिवारको तर्फबाट आफ्नो मान्छे जेल गएको खण्डमा जाहेरवाला समेत सुरक्षित नरहने समेतका त्रासहरु आईरहेका छन । साथै म र मेरो परिवारको तश्विरहरु सामाजिक सञ्जालमा पब्लिस गरिदिने डर देखाएकोले हाम्रो सुरक्षाको लागि अनुरोध गर्दछु भन्ने समेत बेहोराको पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९।०८०) ले यस अदालत समक्ष गरेको बकपत्र ।

२२.मिति २०७९।०५।२१ को जाहेरी दरखास्त बेहोरा र सहिछाप मेरो हो । घटना सम्बन्धमा मेरो ममिलाई बहिनीले भनेकी रहिछिन् । ममिले मलाई भन्नुभयो । अनी मैले पीडितलाई साँचो हो की के हो भनेर सोध्दा निजले साँचो हो भनेर भनेकाले हामीले भेटेर छलफल गरेको हो । उक्त घटनाको सम्बन्धमा पीडितले मलाई भने अनुसार बेलुकाको करिब ६/७ बजेतिर प्रतिवादीले निजलाई भेट्न बोलाएको र भेटिसकेपछि गाडीमा राखेर कता जाने नभनिकन गाडी चलाएको रहेछ । सिधै उनीहरु नगरकोट पुगेका रहेछन् । त्यहाँ पुगेर उनीहरुले खाजा नास्ता गरेर उतै बस्ने भन्ने कुरा प्रतिवादीले गरेका रहेछन र मेरी बहिनीले भोलिपल्ट कलेज भएकोले बस्न नमिल्ने बताएकी रहिछिन् । त्यसपश्चात उनीहरु त्यहाँबाट हिडेका रहेछन् र यता आईसकेपछि उसको होस्टल नखुल्ने हुनाले होटलमा बस्नुपर्ने भएको रहेछ । उसलाई मेरो बहिनीले २ वटा कोठा बुक गर्नु भनेकी रहिछन् । त्यहाँ पुगेपछी २ वटा कोठा छैन भनेर प्रतिवादीले भनेका रहेछन् । त्यसपछि उनीहरु होस्टल नखुलेर अन्य कुनै विकल्प नभएकोले एउटै कोठामा बसेका रहेछन् ।

मेरी बहिनी अर्धनिन्द्रामा परेकी रहिछन् । त्यसपछि प्रतिवादीले बेडमा गएर सुत भनेका रहेछन् । मेरी बहिनी त्यो दिन थाकेको हुनाले बेडमा जाने बित्तिकै निदाईहालिछिन् र पछि आफु ब्युँझिदा उसले कपडाहरु आफै खोलिरहेका रहेछन् र मेरी बहिनीले नाई भन्दा पनि उनले जवरजस्ती करणी गरेका रहेछन् । एकपटक गरेपछि प्रतिवादी बाथरुमतर्फ गएका रहेछन् । त्यसपश्चात प्रतिवादीले पुनः दोस्रो पटक कपाल तान्ने ढाडमा पिट्ने गरेर फेरी जवरजस्ती करणी गरेका रहेछन् । घटनाको बारेमा थाहा भएको यत्ति हो । मेरो जन्म मिति २०५९।०७।०८ हो । बहिनी र मेरो उमेर बीच ३१ महिनाको फरक छ । मेरो जन्म मिति २०५९।०७।०८ भएको साँचो हो र मेरी बहिनीको जन्म मिति २०६१।०३।१८ भएको बारे मलाई थाहा छैन । जन्मदर्ता मेरो बुवाले गराईदिनुभएको हुनाले त्यस सम्बन्धमा मलाई थाहा छैन । मलाई थाहा भएको र नागरिकतामा भए अनुसार मेरी बहिनीको जन्म मिति २०६२।०२।१८ गते हो । बसाईसराई र जन्मदर्ता मैले नबनाएको हुनाले मलाई यस बारे थाहा भएन । मेरो र बहिनीको जन्म विरगंजमा भएको हो र अस्पताल वा घरमा जन्म भएको बारे मलाई थाहा छैन । प्रतिवादीले मेरी बहिनीको मोबाईल गाडीमा नै खोसेका थिएँ । त्यसकारण घटना बारे प्रहरीलाई वा अन्य कोहीलाई भन्न पाएकी थिईनन् । प्रतिवादीले होटलको स्टाफलाई आफुले चिनेको र नामले बोलाएको हुँदा मेरी बहिनी रातीको समयमा अरुको ठाउँमा डराएकी थिईन् । त्यसकारण मेरी बहिनीले रातीको समयमा होटलको स्टाफ लगायत कसैलाई पनि खवर गर्न असम्भव थियो । जाहेरी दरखास्त एवं घटना विवरण कागज समेत बनावटी र काल्पनिक होईनन् भन्ने समेत बेहोराको जाहेरवाला परिवर्तित नाम गौशाला २६ (छ)(०७९/०८०) ले अदालत समक्ष गरेको बकपत्र ।

२३.मिति २०७९।०६।३१ को घटना विवरण कागजमा भएको बेहोरा र सहिछाप मेरो हो । मलाई मेरो साथी बिनायक कार्कीले सोसल मिडियामा टेक्स्ट गरेको थियो । उसले म अहिले झापामा छु । मेरो बहिनीलाई प्रहरी कार्यालय लगेर सहयोग गर्देउ भनेर भनेको थियो । के हो भनेर मैले सोध्दा बहिनीसँग कुरा गर भनेर पीडितको नम्बर दिएको थियो । अनि मैले पीडितलाई फोन गरेर भेट्न बोलाएँ अनी मैले निजलाई बानेश्वरतिर भेटें । त्यतिबेला नै उनले घटनाको बारेमा विस्तृत भनेकी थिईन् । पीडितलाई सन्दिप लामिछानेले भेट्न बोलाउनुभयो अनि पीडितले यतै नजिकै कतै कफी खाउँ भन्ने खालको कुरा गरेकी थिईन । सन्दिपले हैन भनेर नगरकोट लिएर जानुभयो अनि त्यहाँ खाजा खाएर बस्दा ढिला भईसकेको थियो । अनि यतै बस्नेकी भनेर सन्दिपले सोधेकोमा पीडित विहानै काममा जानुपर्ने भएकोले जसरी भए पनि काठमाण्डौं फर्किनुपर्छ भनेर भनिन् ।

वहाँहरु फर्किने क्रममा भक्तपुरको कुनै एउटा ठाउँमा सन्दिपले पीडितको फोन खोसेर राख्नुभयो । त्यसपछि वहाँहरु होटल काठमाण्डौं ईनमा जानुभयो । एउटा मात्र रुम छ भनेर वहाँहरु एउटा रुममा जानुभयो । अनि एसी चलेन की के भनेर पछि रुम चेन्ज गर्नुभयो रे । अनि त्यसपछि सुत्नेबेलामा पीडित खाटमा प्रतिवादी चाँही कुर्सी वा सोफा के मा हो छुट्टै सुत्नुभएको थियो । पीडित निदाएपछि एकछिनमा कतिखेर ब्युझिदाखेरी सन्दिप एउटै बेडमा हुनुहन्थ्यो । साईडमा वा माथी मलाई थाहा भएन । त्यसपछि वहाँले जवरजस्ती गर्नु भयो । त्यसको केही समयपछि पुनः करणी भएको र कति समयपछि भन्ने मलाई थाहा भएन । घटना बारेमा सुनेकै आधारमा म साक्षी बसेको हो भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने प्रकृती गिरीले अदालत समक्ष गरेको बकपत्र ।

२४. मिति २०७९।०६।३१ को घटना विवरण कागजमा भएको बेहोरा र सहिछाप मेरो हो । जुन दिन जाहेरी दर्ता भयो सो भन्दा अघिल्लो दिन दिउसो ११:०० बजेको वरिपरी मेरो साथी प्रकृती गिरीले मलाई घटना बारे भनेपछि थाहा पाएको हुँ । त्यसपछि मैले पीडितलाई प्रकृतीसँगै जाहेरी दर्ता हुनुभन्दा अघिल्लो दिन भेटें । उनले आफुले भोगेको पिडा बारे सुनाईन् । सुनिसकेपछि यस्ता घटनाहरु न्यायिक प्रकृयामा जानुपर्छ र त्यसैबाट यसको हल खोजिनुपर्छ भनेको हुँ । मैले प्रहरीमा गर्ने कागजदेखी स्पष्ट भनेको छु की मलाई घटना बारे जेजति थाहा भयो साथी प्रकृती गिरीमार्फत थाहा भयो । म यस कुरालाई मान्छु यद्दपी न्यायिक प्रकृयामार्फत यो घटनाको हल निस्कनुपर्छ भन्ने कुरा विश्वास गर्छु । प्रकृती गिरीले मलाई पीडित नाबालक रहेको बताएकी थिईन् । सो सम्बन्धी कुनै प्रमाण देखाएकी थिईनन् । केस दर्ता भईसकेपछि प्रकृती गिरीले मसँग कुरा गर्दा पीडितलाई प्रतिवादीले ललाई फकाई गरेको, स्न्याप च्याटमार्फत भेटेको, आफुप्रति आकर्षण पारी भेट गरी रातभर होटलको कोठामा आफुसँगै राखी पीडित रुँदा कराउदा समेत पटक पटक जवरजस्ती करणी गरेको भनी भनेकोले सो कुरा मैले घटना विवरण कागजमा लेखाएको हुँ भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने पवन ढुंगानाले अदालत समक्ष गरेको बकपत्र ।

२५. मिति २०७९।०५।२३ को घटना विवरण कागजमा लेखिएको बेहोरा र सहिछाप मेरो हो । प्रस्तुत घटनाको बारेमा मैले समाचारहरुबाट थाहा पाएको हुँ । सन्दिप लामिछाने र पीडित भनिएकी व्यक्ति अन्य व्यक्तिहरु सरह सामान्य रुपमा नै होटलमा जानुभएको थियो । उक्त समयमा पीडित आत्तिएको, तर्सिएको, डराएको जस्तो देखिनुभएको थिएँन । वहाँ सामान्य नै देखिनुभएको थियो । प्रतिवादीलाई गाडी पार्किङ गर्न करिब ५ मिनेट लागेको थियो । पीडित होटलभित्र छिरेपछि प्रतिवादी होटलभित्र जान करिब १० मिनेट

जति लागेको थियो । सन्दिप लामिछानेको गाडी होटल एरियामा प्रवेश गरिसकेपछि प्रतिवादीले पीडित भनिएकीलाई जोर जुलुम गरेको, गलत नियतले शरीरका अंगहरु छोएको लगायत कुनै पनि असामान्य क्रियाकलाप भएको मैले देखिन । पीडित भनिएकी व्यक्ति खुसी हुदैं सन्दिपको गाडीबाट ओर्लिएर होटलभित्र गएकी थिईन् । उक्त दिनको मेरो ड्युटी अवधिभरमा होटल काठमाण्डौं ईनको कुनै पनि कोठाबाट तथा विशेष गरी सन्दिप लामिछाने रहेको कोठाबाट कसैले रोई कराई गरेको, चिच्याएको, मद्दत मागेको मैले केही पनि सुनिन भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने राजन राणाले अदालत समक्ष गरेको बकपत्र ।

२६.मिति २०७९।०६।३० को घटना विवरण कागजमा भएको बेहोरा र सहिछाप मेरो नै हो । प्रस्तुत घटनाको सम्बन्धमा मैले सोसल मिडियाबाट थाहा पाएको हुँ । अन्य घटनाको बारेमा प्रहरी कार्यालयमा गएपछि मात्र थाहा पाएको हुँ । उक्त दिन म होटलमा रहँदाको अवधिमा होटलको कुनै कोठाबाट कोही चिच्याएको, गुहार मागेको र झै-झगडा भएको भन्ने केही पनि थाहा पाईन भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने ईन्द्र विक्रम थापाले अदालत समक्ष गरेको बकपत्र ।

२७.मिति २०७९।०५।२३ को घटना विवरण कागजमा भएको बेहोरा र सहिछाप मेरो नै हो । उक्त घटनाको सम्बन्धमा मैले सोसल मिडियाबाट थाहा पाएको हुँ । उक्त दिन रातको २३:२८ बजेको समयमा होटलको कोठा नं. ४०७ को कोठाको चाबी पीडितले खोलेकी हुन् । उक्त कोठाको एसी बिग्रिएपछी म हेर्न जाँदा केटीले कुर्चीमा बसेर झ्यालबाट बाहिर हेरेर बसेकी थिइन् र सन्दिप लामिछानेले उक्त ढोका खोल्न आएका थिएँ । मेरो ड्युटी अवधिभरमा होटलको कुनै पनि कोठाबाट कसैले चिच्याएको, रोएको, कराएको, मद्दत मागेको, पीडित भनिएकी व्यक्ति कराएको वा रोएको केही पनि आवाज आएको थिएँन भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने सविन श्रेष्ठले अदालत समक्ष गरेको बकपत्र ।

२८.मिति २०७९।०६।३० को घटना विवरण कागजमा भएको बेहोरा र सहिछाप मेरै हो । प्रस्तुत वारदात घट्दाको समयमा म होटलमा थिईन । म छुट्टिमा थिएँ । प्रस्तुत घटनाको सम्बन्धमा मैले सोसल मिडियाबाट थाहा पाएको हुँ । अन्य घटनाको बारेमा प्रहरी कार्यालयमा गएपछि मात्र थाहा पाएको हुँ । प्रस्तुत घटनाको बारेमा सोसल मिडियामा थाहा पाएपछि होटलमा आएर रिसेप्सनिष्ट अनिस श्रेष्ठबाट निजहरु होटलमा बसेको कुरा थाहा पाएको हुँ । होटलमा सेक्युरिटी गार्ड रहेका छन् । सि.सि. क्यामेराको निगरानी र स्टाफको निगरानी रहन्छ । टेलिफोनहरु चालु अवस्थामा

रहन्छन् । गेष्टले चाहेको अवस्थामा जुनसुकै बेला पनि रिसेप्सन र बार काउन्टरमा सम्पर्क गर्न सक्छन् । हाम्रो होटलमा क्रिकेट संघसँगको सम्झौता अनुसार अन्य क्रिकेट खेलाडीहरु बस्ने गर्नुहुन्छ र हाल पनि बस्दै आउनुभएको छ भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने लाल बहादुर बानियाले अदालत समक्ष गरेको बकपत्र ।

२९.मिति २०७९।०६।३० को घटना विवरण कागजमा भएको बेहोरा र सहिछाप मेरै हो । पीडित परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) मेरो होस्टलमा २०७९ सालको जेठ असारतिरबाट बसेको हो । यकिन मिति थाहा छैन । निज पीडित मेरो होस्टेलबाट २०७९ साल भदौ १३/१४ गतेतिर निस्की गएकी हुन् । त्यसपछि फर्की आएकी छैनन् । निज पीडित मेरो साथीसँग बस्छु भनी गएकी थिईन् । क्याम्पसबाट आईसकेपछी हास्टेलबाट बाहिर जादा वार्डेनको स्वीकृति लिनुपर्दछ । मेरो होस्टलको गेट साँझ ७:०० बजे बन्द हुन्छ । उक्त मितिमा पीडित भनिएकीले आज म साथीकोमा बस्छु भनेर होस्टेलबाट निस्किएर गएकी थिईन भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने नारायण बहादुर बलामीले अदालत समक्ष गरेको बकपत्र ।

३०.मिति २०७९।०६।३१ को घटना विवरण कागजमा भएको बेहोरा र सहिछाप मेरै हो । प्रस्तुत घटनाको सम्बन्धमा मैले सोसल मिडिया र समाचारबाट थाहा पाएको हो । मेरो ड्युटी दिउसोको समयको भएको हुनाले प्रस्तुत वारदात बारे मलाई थाहा भएन । राती को आयो के गऱ्यो मलाई थाहा भएन भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने बाबुकाजी थापा मगरले अदालत समक्ष गरेको बकपत्र ।

३१.मिति २०७९।०६।३१ को घटना विवरण कागजमा भएको बेहोरा र सहिछाप मेरै हो । उक्त घट्नाको सम्बन्धमा मैले सोसल मिडिया र समाचारबाट थाहा पाएको हुँ । वारदात घट्दाको दिनमा म होटेलमा थिईन । समाचार सुनिसकेपछी होटलमा आई होटेलको आगन्तुक पुस्तिका (गेष्ट रजिष्ट्रेसन बुक) मा हेर्दा र रिसेप्सनको स्टाफलाई सोध्दा बसेको सम्म थाहा पाएको हो अन्य कुरा थाहा भएन भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने सन्तोष प्रसाद अधिकारीले अदालत समक्ष गरेको बकपत्र ।

३२.मिति २०७९।०६।२६ को घटना विवरण कागजमा भएको बेहोरा र सहिछाप मेरै हो । उक्त घटनाको सम्बन्धमा मैले सोसल मिडिया र समाचारबाट थाहा पाएको हुँ । प्रतिवादी सन्दिप लामिछाने मिति २०७९।०५।०५ गते साँझ बेलुका ८:१५ तिर मैले काम गर्ने रिसोर्टमा आईपुग्नुभएको थियो । सो समयमा खाजासेट अर्डर गर्नुभएको थियो । खाजा तयार भईन्जेल निजहरु बाहिर गितार बजाई बस्नुभएको थियो । खाजा लिएर जाँदा प्रतिवादी सन्दिप सिटी भ्यु हेर्दै बसिरहनुभएको थियो । निजहरु साथीको रुपमा

गफगाफ गरी बस्नुभएको थियो । सोही समयमा एक जना महिला निजको ढाडमा टाउको राखेर बस्नुभएको थियो । निजले प्रतिवादीको ढाडमा टाउको राख्दा प्रतिवादीले असहज महसुस गरी निज महिलालाई पर लगेको देखिएको थियो । प्रतिवादीले रुम बुक गर्नु भएको होईन । उहाँहरु खाजा खाईसके पछाडी रुम चाहिन्छ भनेर सोध्दा प्रतिवादी सन्दिपले रुम चाहिदैन हामी काठमाण्डौं फर्किन्छौ भनी भन्नुभएको थियो । सो समयमा प्रतिवादी साथै भएकी महिलाले त्यँही नै बसौं भन्दा प्रतिवादीले काठमाण्डौं नै फर्किने कुरा गर्नुभएको थियो । प्रतिवादीले सो कुरा राखेपछाडी निज महिला रिसाएर बाहिरै एरियाबाट गाडीमा जानुभयो र प्रतिवादीले होटलको रकम तिरी सोही गाडीतर्फ जानुभएको थियो भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने समिर पुरीले अदालत समक्ष गरेको बकपत्र ।

३३. म हाल आँगन गर्ल्स होस्टल पुरानो बानेश्वरमा बस्छु । पीडित र म सँगै एउटै कोठामा बस्ने रुममेट भएकोले निजलाई मैले २०७९ सालको बैशाख अन्तिमदेखि चिन्दछु । पीडित निजको ब्वाईफ्रेन्ड भेट्न आएको समयमा निज होस्टलसम्म लिन आएर पीडित र निजको ब्वाईफ्रेन्ड घुम्न जाने गर्दथे । कोठामा भएको समयमा पनि निज फोनमा धेरै नै ब्यस्त हुने गर्थिन । निज मसँग नजिक थिईन् र आफ्नो सबै कुराहरु मसँग खुलेर भन्ने गर्थिन । घटना भएको भनिएको दिन भन्दा अघिल्लो दिन नै निजले मलाई म भोलि सन्दिप लामिछानेलाई भेटेर सँगै नगरकोट जाँदैछु भनी भनेकी थिईन् । अर्को दिन मिति २०७९।०५।०५ गते म विहानै अफिस गई सन्चो नभएको कारण अफिस टाईमभन्दा छिटो नै होस्टेल आईपुगेकी थिएँ । म आउनुभन्दा अगावै पीडित भनिएकी व्यक्ति रुममा पहिलै आईसकेकी थिईन् । म आउने वित्तिकै निजले हतार हतार दिदि म सन्दिप लामिछानेलाई भेट्न जाने हो मलाई रेडी गराईदिनुस भनेर भनेकी थिईन् । निजलाई तिमी किन सन्दिप लामिछानेलाई भेट्न जान लागेको हो भनी भन्दा निजले आफुलाई होस्टल फी र अन्य खर्चको लागि स्पोन्सरसिप चाहिएको हुँदा र भोली नै सन्दिप लामिछाने २ महिनाको लागि बाहिर जान लागेको हुँदा आजै भेटेर कुरा गर्नुछ भनेकी थिईन् । म आफु मेकअप आर्टिस्ट भएको कारणले उसले भने अनुसार मेकअप गरिदिएकी थिएँ । निजले वानपिस लगाएर जान लागेकोमा मैले फर्मल भएर जाउ भन्दा निजले मसँग फर्मल ड्रेस छैन तपाई दिनुस भनेर मागेकी थिईन् । मैले मेरो कालो रंगको जिन्स पाईन्ट, ग्रीन कलरको क्यामी टप अनि वाहिरबाट सेतो सर्ट दिएर लगाएकी थिईन् । मैले निजलाई उक्त दिन लगाउन दिएको कपडाहरु मैले आज अदालतमा आउदा सँगै लिएर आएकी छु । कपडाहरु मसँग सुरक्षित नै छ । मैले सन्दिप लामिछानेलाई मेरो उमेर २० बर्ष भनेकी छु सानी देखिन्छु अग्लो हिल लगाएर जान्छु

भनी आफ्नै हिल लगाएर गएकी थिईन् । फोनमा कुरा हुँदा पीडितले मलाई लिन ग्लोबल कलेज अगाडी आउन भन्दै बेलुका करिब ७:०० बजेतिर निस्केकी थिईन् । सन्दिप लामिछानेलाई भेटिसकेपछि निजले मलाई कल गरेर दिदि मैले सन्दिप लामिछानेलाई भेटें म गाडीमा छु हामी नगरकोट नै जान लागेको मलाई आउँदा ढिला हुन्छ होला म आएपछि कल गर्छु होस्टलको ढोका खोलिदिनुहोला है अनि यो बारेमा होस्टलको अन्टीलाई थाहा नदिनुहोला र म सन्दिप लामिछानेसँग नगरकोट जान लागेको कुरा मेरो ब्वाईफ्रेन्डले सोध्यो भने नभनिदिनु भनेकी थिईन् । निज पीडित रातीको ९:०० बजेसम्म नआएपछि मैले निजलाई फोन गरेकोमा सम्पर्क हुन नसकेपछी वाट्सएपमा राती ९:३८ मा म्यासेज गरेकी थिएँ । त्यसपछी फेरी १०:५८ मा फोन गर्दा फोन गएको थियो तर निजले रिसिभ गरिनन् । त्यसपछी करीब २ मिनेटभित्र उसले वाट्सएपमा मलाई हजुर दिदि भनेर रिप्लाई गरेकी थिईन् । लगत्तै मैले Ka ho kti भन्दा उसले रिप्लाईमा He left me sathii ko ghar ma I will be staying there today, I am safe, u take care भन्दा मैले ok you too take care भनेर रिप्लाई दिएँ । त्यसपछी पुनः निज पीडितले Did ….. called you भनेर मलाई म्यासेज गरेकी थिईन् । निज पीडितको व्वाई फ्रेन्डले मलाई निज पीडित कहाँ छ भनेर सोधेको थियो तर निज पीडितले निज सन्दिप लामिछानेसँग घुम्न जाने कुरा व्वाई फ्रेन्डलाई नभन्नु भनेको हुँदा मैले सो कुरा निजको ब्वाई फ्रेन्डलाई भनिन । घटना भएको भनिएको भोलिपल्ट मिति २०७९।०५।०६ गते बेलुका करिव ५.०० बजेतिर म आफ्नो अफिसबाट फर्केपछी निजसँग हामी बस्ने कोठामा नै भेट भएको थियो । उक्त दिन निज एकदमै खुशी देखिन्थिन् । निज खुसी हुँदै म र हामीसँगै बस्ने अर्को रुममेटलाई समेत मैले सन्दिप लामिछानेलाई भेटें हामी हिजो नगरकोट गयौं मेरो लाईफको सबैभन्दा खुशीको पल नै हिजो थियो भनेर भनेकी थिईन् । अनी मैले अरु के के कुरा भयो Sponsorship को कुरा गर्यो त भनेर सोध्दा उसले मलाई परिवारको बारेमा कुराकानी भयो अनी मैले आफ्नो पारिवारिक तथा आर्थिक लगायतका सबै कुराहरु भनें भनेकी थिईन् । सो कुराकानी भएको भोलिपल्टदेखि नै निज पीडितले सन्दिप लामिछानेको नाउँको जर्सी लगाएर ल्यापटपमा खुसी भएर हुटिङ्ग गर्दै क्रिकेट हेरेर बस्ने गर्दथिन् । सोबाट हामी सँगै रुममा बस्ने अन्य साथीहरुलाई समेत डिस्टर्ब भएको कारणले निजलाई हल्ला नगर एयर फोन लगाएर क्रिकेट हेर भनेर भनेको हुँदा त्यसपछि निजले हाम्रो कोठा बाहिर लिभिङ्ग रुमको सोफामा बसेर क्रिकेट लगातार हेर्ने गर्दथिन् । निज त्यती धेरै खुसी भएको त्यो भन्दा पहिला मैले देखेकी थिईन । त्यो बीचमा निजको व्वाई फ्रेन्डसँग पनि निजको भेट हुने गर्थ्यो । मिति २०७९।०५।१४ गते तिजसम्म निज एकदमै खुशी

थिईन् । उक्त १४ गते बेलुका मलाई निजले म भोली पोखरा जानुपर्ने भयो तपाईसँग पैसा छ भने मलाई दिनुस भनेर भनेकी थिईन् । मैले किन एक्कासी पोखरा जान लाग्यौ भनेर सोध्दा ममी बाबाको मुद्दामा ममीको साक्षी म बस्न जान लागेको हो मेरो दाईको पारा तपाईलाई थाहा नै छ दाई जाँड खाएर हल्लिदै बस्छ घरको कसैको पनि वास्ता छैन भनेकी थिईन् । निजको दाईले पहिला पनि बारम्बार निज होस्टलमा बस्दा फोन गरेर मलाई पैसा पठाईदे कि तेरो ममीलाइ भन्दे भनेर फोन मार्फत दवाब दिईरहेको कुरा निजले रुँदै मलाई सुनाएकी थिईन् । त्यसको भोलिपल्ट विहानै निज पीडित पोखरा जानको लागि उठिन् म पनि अफिस जानको लागि बिहानै उठेर निज कोठाबाट निस्किनु अगाडी मैले निजलाई पैसा दिएँ । निजले पोखरा जानेबेलामा हामी सँगै बस्ने अर्को रुममेटको कपडा निजलाई नसोधि लगाएर गएको कुरा मैले मेरो अर्को रुममेटले भनेपछी थाहा पाएकी हुँ । त्यसपछी निज २०७९।०५।१८ गते पोखराबाट फर्कीएर बेलुका होस्टलमा आईपुगिन् । सो समयमा निजले आफ्नो कपाल काटेर छोटो बनाएकी थिईन् । सबैले सोध्दा ममीले काट्न भनेकोले काटेकी हुँ भनेकी थिईन् । अर्को दिन विहानै उठेर निजले अर्को रुममेटकै कपडा लगाएर निस्किएर एकैपटक बेलुका होस्टलमा आईपुगेको कुरा मैले अर्को रुममेटबाट थाहा पाएँ । त्यसैगरी सोमबार विहानै वाहिर गएर बेलुका होस्टलमा आईन् । खाना खाएर निज बाहिर हलको सोफामा बसेर म रुमभित्र भएको मान्छेलाई उनले टेक्स्ट गर्दै Didi Hamro yo vanda aagadi ko whatsapp ko text ke chha malai ss garera pathaunu na fast mero ma kei naraichha भनेर रातीको १०.०० बजे म्यासेज गरिन् । लगत्तै मैले रुमबाट नै Kina ra भनेर रिप्लाई गरें । उसले सोको रिप्लाईमा chaiyooooo tei bhayera, dlt tah garnu bha chainna hai? भनेकी थिईन् । त्यसपछी मैले message kina chayeo fheri xaina mero ma ni भन्दा उसले रिप्लाईमा lauuuu fuckkkk you deleted? Thikkk chhhha भन्दा मैले um भनेर रिप्लाई गरें तर मैले त्यो भन्दा पहिलाको म्यासेजहरु डिलिट गरेकी थिईन । सो म्यासेजहरु हालसम्म पनि म सँग सुरक्षीत नै छ । त्यसको भोलिपल्ट विहान उसले मलाई दिदी मलाई तपाईको ब्याग दिनुस न भनेर मागिन् त्यसबेला निजको हातमा निजको नागरिकता र अन्य कागजहरु समेत थियो । त्यही राख्न मागेको हुँदा मैले हुन्छ भनें । त्यसपछि व्यागभित्र सामानहरु राखेर म नजिकै आएर बसेर दिदी मेरो लफडा चलिराछ त्यहि कारणले म यताउता गर्न परिराको हो त्यही भएर पनि कलेज छुटिराछ भनेर मलाई भनिन् । त्यतिकैमा उसको मोबाईलमा कसैको कल आयो सोही फोनमा कुरा गर्दै गर्दा निज आफैले यो मुद्दा हालेपछि यत्तिकै नि १०/१५ लाख पैसा आइहाल्छ अनि मलाई ढुक्क हुन्छ भनेर भनिरहेकी थिईन् । सो फोन गर्ने व्यक्ति को थियो मलाई थाहा छैन ।

कुरा गर्दै गर्दाको कुरा मैले सुनें । त्यतिकैमा निजसँग मैले कुरा गर्न खोजेको थिएँ तर निज हतार हतारमा झोला बोकेर फोनमा कुरा गर्दै बाहिर निस्किइन् । निजले मेरो लुगा लगाएर व्याग लिएर सँगै पैसा सापटी लगेर होस्टेलबाट निस्केको र मेरो रुममेटको लुगा पनि लिएर गएको हुँदा र मैले निजको ब्वाईफ्रेन्डलाई टेक्स्ट गरेर निज कहाँ छ हाम्रो लुगा र पैसा फिर्ता माग्दा निजको ब्वाइफ्रेन्डले डेंगो भएर दिदीकोमा छ दिदीको नम्बर पठाईदिन्छु कुरा गर भनेको थियो । त्यसपछि दिदीको नम्बरमा कल गर्दा लुगा अहिले फिर्ता गर्न मिल्दैन केहि समयपछि फिर्ता हुन्छ भन्दा मैले हामीलाई हाम्रो लुगा र ब्याग १ हप्ता भित्र जसरी पनि चाहिन्छ भन्दा सो दिदीले अभद्र शब्दले गाली गरिन् । सोहि दिनको भोलिपल्ट विहान म अफिसमा हुँदा मोबाईल नम्बर ९८०१०७९८४० बाट केटा मान्छेले कल गरी तँ को होस जतिखेर पनि कपडाको कुरा गरेर कल गर्ने यहि विषयमा मैले मुद्दा हालें भने तेरो विरुद्ध अदालतमा मुद्दा चल्छ पीडितको विरुद्धमा अदालतमा बकपत्र गरिस् भने तेरो जिउ ज्यान माथि पनि खतरा हुन सक्छ भनी धम्काइएकोले बकपत्र गरेको कारण मेरो जीउ ज्यानको सुरक्षाको लागि अदालत समक्ष अनुरोध गर्दछु । निज पीडित १८ वर्ष कटिसकेको र नागरिकतामा उमेर कम राखुको कारण पछि सरकारी जागिर खानलाई सजिलो हुन्छ भनेर उमेर घटाएको हो भनी मलाई अगाडी नै बताएकी थिईन् भन्ने समेत बेहोराको प्रतिवादीको साक्षी सलिना शर्मा लामिछानेले अदालत समक्ष गरेको बकपत्र ।

३४. मलाई जानकारी भए अनुसार पीडित भनिएकी साबालिक हुन नाबालक होईनन् । मैले मेरो चिनजानको व्यक्तिसँग पीडित स्वयमले आफु साबालिक भएको र चिना अनुसार र हस्पिटलमा जन्मिएको मेरो जन्म मिति २०६१।०२।१८ गते बिहान ६:३० बजेतिर जन्मिएको हो भनी पठाएको स्न्याप च्याटको म्यासेज र वाट्सएपको म्यासेज म स्वयंले देखेको पढेको हुँ र मसँग सुरक्षित पनि छ । मैले बुझेसम्म निज पीडित पीडितको परिवार पीडित जन्मेको २ बर्षसम्म विरगंजको रानीघाटमा बसेका हुन् । मलाई प्रतिवादीले बताए अनुसार निज पीडित नारायणी उप-क्षेत्रिय अस्पताल विरगंजमा जन्मिएकी हुन् । नाबालिक बलात्कारको मुद्दा झुठ्ठा हो । प्रतिवादी निर्दोष छन, प्रस्तुत अभियोग दावीबाट सफाई होस् भन्ने समेत बेहोराको प्रतिवादीका साक्षी पृथ्वीराज पोखेलले अदालत समक्ष गरेको बकपत्र ।

३५. यसमा घटना विवरण कागज गर्ने देव खनाललाई बुझ्नै पर्ने देखिंदा निजलाई जिल्ला सरकारी वकील कार्यालय, काठमाण्डौंमार्फत बकपत्रका लागि उपस्थित गराउन लगाई यस अदालतबाट मिति २०७९।०७।१८ मा पीडितको स्वास्थ्य परीक्षण गर्ने विशेषज्ञ

चिकित्सकलाई बकपत्रका लागि उपस्थित गराउनू भनी आदेश भएकोमा पूर्व आदेशानुसार निज चिकित्सकलाई बकपत्रको लागि झिकाई उपस्थित गराए बकपत्रको लागि पेश गर्नू । साथै मिति २०६१।०२।१८ को जन्मदर्ताको विवरण देखिने जन्मदर्ता किताबको प्रमाणित प्रतिलिपि नारायणी क्षेत्रीय अस्पताल विरगंजबाट झिकाउनू भन्ने समेत बेहोराको यस अदालतको मिति २०७९।०९।१२ को आदेश ।

३६. प्रस्तुत मुद्दामा मिति २०७९।०५।२१ गतेको "Examination in Sexual Offence" प्रतिवेदनमा डा.मनिषा यादवले परीक्षण गरि दस्तखत गर्नुभएको हो । उक्त ग्रुपमा म लगायत ३ जना थियौं । निज पीडितको Mental State समान्य रहेको र Physical state पुरानो खत ७ से.मि. ०.५ से.मि. दाहिने तिघ्राको पछाडी भागमा रहेको थियो । पीडितको कन्याजाली 6 O clock position मा पुरानो च्यातिएको थियो । कन्याजाली च्यातिएको ७२ घण्टापछि उक्त कन्याजालीलाई पुरानो च्यातिएको भनिन्छ । पीडितको उमेर १७ बर्ष खुलाईएको हुँदा हामीले पीडितको Age verify गर्न पीडितको उमेर जाच गर्नको लागि सिफारिस गरेका हौं भन्ने समेत बेहोराको विशेषज्ञ डा.अनामिका झाले अदालत समक्ष गरेको बकपत्र ।

३७. मिति २०७९।०६।३१ को घटना विवरण कागजमा भएको बेहोरा र सहिछाप मेरै हो । प्रतिवादीले उक्त अभियोग अनुसारको वारदात घटना घटाएको हो भन्ने मलाई विश्वास लाग्दैन । मिति २०७९।०५।०५ गते प्रतिवादी सन्दिप लामिछानेले Close camp बाट छुट्टीदा साँझ एकछिन कफि खाएर फर्किन्छु भनेर छुट्टीनुभएको थियो । पीडितसँग प्रस्तुत मुद्दा दायर हुनुभन्दा ३/४ महिना अगाडी स्न्याप च्याटमार्फत फ्रेन्ड रिक्वेस्ट पठाएकोले सोही क्रममा पीडित र म स्न्याप च्याटमा साथी भई चिनजान भएको हो । कुराकानीको क्रममा पीडितले सन्दिप लामिछानेसँग भेट गर्न पाए हुन्थ्यो भनेर आग्रह गरिरहन्थिन् । पीडित र मेरो बीचमा धेरै जसो गेमको बारेमा कुरा हुन्थ्यो । कहिले काँही पीडितले व्यक्तिगत कुराकानी पनि गर्थिन् । आफ्नो पारिवारीक स्थिति राम्रो छैन भनेर भन्थिन् । आर्थिक सहयोग Sponsorship खोजी गरिरहेको कुरा गर्थिन् । मैले सन्दिप लामिछानेलाई ट्याग गरेको भिडियो पीडित समेत मेरो फ्रेन्ड लिष्टमा भएका २०/२५ जनालाई Snap chat पठाएको हुँ । मलाई पीडितले नै मिति २०७९।०५।०६ गते Snap chat मार्फत सन्दिपको गाडीको फोटो खिचेर पठाएकी हुन् । मैले आग्रह गरेको होईन । पीडितलाई प्रतिवादीले जवरजस्ती करणी गरेको हो भन्ने मलाई लाग्दैन । प्रतिवादी सन्दिप लामिछाने त्यस्तो खालको व्यक्ति पनि होईनन् । मैले पीडितलाई भेट्ने प्रस्ताव गरेको छैन । बरु पीडितले नै भेट्ने प्रस्ताव गर्दा पनि मैले भेटेको थिईन भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने देव खनालले अदालत समक्ष गरेको बकपत्र।

३८.काठमाण्डौं जिल्ला अदालतबाट मुद्दा पुर्पक्षको क्रममा थुनामा राख्ने गरी भएको मिति २०७९।०७।१८ को आदेश वेरीतको भएकोले सो आदेश बदर गरी म निवेदकलाई सोही ऐनको दफा ६९ बमोजिम साधारण तारेखमा राखी पाउँ भनी प्रतिवादी सन्दिप लामिछानेतर्फबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ नं. बमोजिम उच्च अदालत पाटनमा दायर भएको निवेदनपत्र ।

३९.प्रस्तुत मुद्दामा पीडित गौशाला २६ (छ)(१)(०७९।०८०) को बकपत्र सम्पन्न भईसकेको छ । कतिपय प्रमाणहरु समेत बुझिसकिएको अवस्था छ । प्रतिवादीले पीडितलाई प्रतिकुल बकपत्र गर्नको लागि दवाव दिने वा प्रभाव पार्न सक्ने सम्भावना वा आशंकाको प्रसंग पनि अव असान्दर्भिक भईसकेको छ । प्रतिवादी मानसिक रुपमा तनावको अवस्थाबाट गुज्रिरहेको भनी यस इजलास समक्ष बहसको क्रममा उल्लेख गरिएको प्रसंगमा पनि यस इजलासको ध्यान गएको छ । तत्काल प्राप्त प्रमाणबाट प्रतिवादीले आरोपित कसूर गरेको देखिएको अवस्थामा पनि प्रतिवादीलाई मुद्दा पुर्पक्षको क्रममा थुनामा राख्नु पर्ने अनिवार्य अवस्था देखिनुपर्ने र फौजदारी न्यायशास्त्रको मान्यता अनुसार अभियुक्तलाई थुनामा नराखी मुद्दाको पुर्पक्ष गर्न दिनु उपयुक्त हुने अवस्था देखिएकोमा थुनाको बिकल्प प्रयोग गर्नमा अदालत उदार हुनुपर्ने हुन्छ । प्रस्तुत घट्ना र घट्ना पश्चातको शृखंलाजन्य परिस्थिति समेतलाई विचार गर्दा यी प्रतिवादीलाई मुद्दाको पुर्पक्षको लागि थुनामा राखिरहनु उपयुक्त नदेखिएकोले काठमाण्डौं जिल्ला अदालतबाट मिति २०७९।०७।१८ मा भएको आदेशलाई बदर गरिदिएको छ । यी प्रतिवादी पीडितसँग होटलको एकै कोठामा रातभर सँगै रहेको, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनले देखाएको स्थिति एवं पीडितको बकपत्र समेत भईसकेको अवस्थाको रोहबाट हेर्दा तत्काल प्राप्त प्रमाणहरु र पछी बुझ्दै जाँदा प्राप्त हुने प्रमाणहरुको परीक्षण र मुल्यांकन गर्दा मुद्दाको फैसला हुँदाका बखत ठहरिए बमोजिम हुने गरी हालको अवस्थामा यी प्रतिवादीसँग कार्यविधि संहिताको दफा ६८ र ७२ वमोजिम रु.२०,००,०००/-(बीस लाख रुपैंया) धरौट माग गरी धरौटी प्रतिवादीले बुझाएमा तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्न दिनू भन्ने समेत बेहोराको उच्च अदालत पाटनको मिति २०७९।०९।२८ को आदेश ।

४०.प्रस्तुत मुद्दामा प्रतिवादी सन्दिप लामिछानेबाट रु.२०,००,०००(बीस लाख रुपैंया) माग गर्ने गरी भएको आदेश बदर गरी प्रतिवादीलाई थुनामा नै राखी पाउँ भनी वादी नेपाल सरकारको तर्फबाट र उच्च अदालत पाटनबाट मिति २०७९।०९।२८ मा भएको आदेशमा उल्लेखित नेपालको राष्ट्रिय टिममा सहभागी भई विदेशमा र नेपालमा राष्ट्रिय

स्तरको क्रिकेट खेल्न लगाएको निषेधात्मक आदेश बदर गरी पाउँ भनी प्रतिवादी सन्दिप लामिछानेको तर्फबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ नं. बमोजिम सम्मानित सर्वोच्च अदालतमा दायर भएको निवेदनपत्र ।

४१. प्रस्तुत मुद्दामा मिसिल संलग्न पीडितको स्वास्थ्य परिक्षण प्रतिवेदन, घटनास्थिति मुचुल्का, सिसि टि.भी. फुटेज, टेक्स्ट मेसेज,फेसबुक मेसेज, स्न्यापच्याट, घटना विवरणमा गरिएको व्यक्तिको कागज, अदालत समक्ष उपस्थित साक्षीहरुको बकपत्र लगायतका तत्काल प्राप्त प्रमाण तथा मिसिल संलग्न अन्य प्रमाणहरु समेतको आधार कारणबाट प्रतिवादीलाई थुनामा नै राखी पुर्पक्ष गर्नु पर्नेसम्मको अवस्था नभई निज प्रतिवादी सन्दिप लामिछानेसँग रु.२०,००,०००/- (बीस लाख रुपैंया) धरौट माग गर्ने गरी उच्च अदालत पाटनले मिति २०७९।०९।२८ मा गरेको आदेश मिलेको देखिँदा सो हदसम्म केही परिवर्तन गररहनु परेन । निज प्रतिवादी मिसिल संलग्न कागजातबाट हाल थुनामा राख्नु नपर्ने भनी निज धरौटमा छुटेको अवस्थामा रहेको र निज राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको क्रिकेट खेलाडी भएकोले निजले देशभित्र र विदेशमा समेत अन्तराष्ट्रिय स्तरको क्रिकेट खेलको प्रतिस्पर्धामा भाग लिन जान दिनु नपर्ने/नमिल्ने नदेखिएको अवस्था र मुद्दाको अवस्था र स्थिति अनुसार विदेशमा समेत यस्तो अभ्यास रहेको हुदाँ निज प्रतिवादी सन्दिप लामिछानेलाई विदेश जान रोक लगाउने गरी उच्च अदालत पाटनबाट मिति २०७९।०९।२८ मा भएको आदेश मिलेको नदेखिँदा सो हदसम्म बदर गरिदिएको छ । हाल निज प्रतिवादीलाई तत्काले क्रिकेटको विश्वकप छनौटको प्रतिस्पर्धामा जानु परेको भन्ने निवेदनको जिकिर रहेकोमा अब निज प्रतिवादी सन्दिप लामिछानेलाई विदेशमा सहभागी हुनुपर्ने विश्वकप क्रिकेट खेलमा विदेश जान दिनु दिलाउनु एवं निजको राहदानी रोक्का भएको भए फुकुवा गरिदिनु भनी सम्बन्धित निकायमा लेखी पठाउनु र निज प्रतिवादी सन्दिप लामिछाने नेपालको तर्फबाट सहभागी भई विदेशमा क्रिकेट खेल समाप्त भई १५ दिनभित्र सम्बन्धित मुद्दा हेर्ने अदालतमा श्रेस्तेदार सामु उपस्थित भई स्वदेश फर्किएको लिखित जानकारी दिनु दिलाउनु तथा यस पछि पनि अन्तराष्ट्रिय क्रिकेटमा भाग लिन जादा जानु अघि सोको लिखित जानकारी मुद्दा रहेको अदालतको श्रेस्तेदारलाई गराई फर्कि आउको १५ दिनभित्र फर्केको जानकारी समेत गराउनू । यस शर्तको उल्लंघन गरेमा उक्त सुविधा फिर्ता लिने भन्ने बेहोराको जानकारी निज प्रतिवादी सन्दिप लामिछानेलाई गराउनू । मुद्दाको दौरान जाहेरवालातर्फबाट बहस गर्ने कानून ब्यवसायीहरुले पीडित मानसिक पिडामा समेत रहेको र कानून ब्यवसायी स्वंयले उपचार गराई रहेको भनिएबाट तत्काले निज पीडितको लागि आबश्यक मानसिक शारिरीक

स्वास्थ्य उपचारको खर्च पीडित राहत कोषबाट अन्तरिम क्षतिपूर्तिको रुपमा उपलब्ध गर्नु गराउनु भनी काठमाण्डौं जिल्ला अदालतलाई लेखि पठाउनू भन्ने समेत बेहोराको सम्मानित सर्वोच्च अदालतको मिति २०७९।११।१५ को आदेश ।

४२. यसमा वादी पक्षले अनुसन्धानको क्रममा कागज गर्ने साहव आलम र अनिष श्रेष्ठलाई उपस्थित गराएको नदेखिँदा निजहरुलाई समेत बुझ्नु पर्ने देखिँदा जिल्ला सरकारी वकील कार्यालय, काठमाण्डौंमार्फत उपस्थित गराउन लगाई बकपत्रको लागि पेश गर्नू । साथै यस अदालतको आदेशानुसार प्रस्तुत मुद्दाको पीडितको स्वास्थ्य परिक्षण गर्ने डा.मनिषा यादवलाई बकपत्रको लागि उपस्थित गराईदिनू भनी पत्राचार गरिएकोमा परोपकार प्रसुती गृहको मिति २०७९।०९।२४ को पत्रबाट निज चिकित्सक मिति २०७९।१२।०९ सम्म प्रसुती विदामा बस्नुभएको भनी डा.अनामिका झालाई उपस्थित गराई बकपत्र गराएको र प्रस्तुत मुद्दामा पीडितको स्वास्थ्य परिक्षण गर्ने डा.मनिषा यादवलाई नै विशेषज्ञको रुपमा बुझ्नु पर्ने देखिएको र निज विशेषज्ञको प्रसुती विदा समेत समाप्त भईसकेको देखिँदा निजलाई जिल्ला सरकारी वकील कार्यालय, काठमाण्डौंमार्फत अनिवार्य उपस्थित गराउन लगाई बकपत्रको लागि पेश गर्नू भन्ने समेत बेहोराको यस अदालतको मिति २०७९।१२।२६ को आदेश ।

४३. मेरो विषय विशेषज्ञा MD OBS/GYNE हो । म विगत पाँच बर्षदेखि सेवामा छु र बिचमा एक बर्ष अध्ययनको लागि विदेश गएकी थिएँ । मिति २०७९।०५।२१ गते पीडित गौशाला २६ (छ)(१)(०७९/०८०) को यौनजन्य स्वास्थ्य परीक्षण प्रतिवेदनमा भएको बेहोरा र सहिछाप मेरो हो । मिति २०७९।०५।०५ गते सन्दिप लामिछानेसँग काठमाण्डौंको होटलमा गएको र सन्दिप लामिछानेले निज पीडितलाई जवरजस्ती करणी गरेको भनी बताएकी थिईन । पीडित गौशाला २६ (छ)(१)(०७९/०८०) यौनजन्य स्वास्थ्य परीक्षण प्रतिवेदनको Other relevant history मा Sexual habit मा not sexual active भनी लेखुको अर्थ उक्त घटना भन्दा पहिला शारीरिक सम्पर्क नभएको भनी बुझिन्छ । पीडितको शरीरमा Old scar को बिषयमा कति पुरानो घाउ भन्ने मेरो Expertise भित्र पर्दैन । पीडितको स्वास्थ्य परीक्षण गर्दा वहाँको कन्याजाली 6 O clock position मा च्यातिएको Old tear थियो । त्यही घटनामा नै शारीरिक सम्पर्क भएको या नभएको भन्न सकिदैन । Hymen tear शारीरिक सम्पर्क गरेर वा यौनाङ्गमा चोटपटक लागेर पनि हुने गर्दछ । Hymen tear को Position ले कुनै Specificity बुझाउदैन । घटना भएपछि योनीभित्र semen/sperm २४ घण्टासम्म रहन्छ । Sexual activity पीडितको बयान अनुसार लेखिएको हो र यो पत्ता लगाउने कुनै विधि हुदैन । यौनाङ्गको घाउ चोटपटकमा दुई पटक जवरजस्ती करणी

हुदाँ फरक पर्न पनि सक्छ र फरक नपर्न पनि सक्छ भन्ने समेत बेहोराको विशेषज्ञ डा.मनिषा यादवले यस अदातल समक्ष गरेको बकपत्र ।

४४.मिति २०७९।०६।२८ को घटना विवरण कागजमा लेखिएको बेहोरा र सहिछाप मेरो हो । म केन्यामा क्रिकेट खेलेर फर्कने समयमा एयरपोर्टमा रहेको अवस्थामा समाचारमा पढेर थाहा पाएको हुँ । प्रतिवादी सन्दिप लामिछानेलाई म पहिलै देखि चिन्दथे पीडितलाई म चिन्दिन । जुन दिन घटना भएको भनिएको छ उक्त दिन म र सन्दिप लामिछानेको गाडी बनाउन च्यासल गएका थियौं । हामीले त्यहाँ जाने क्रममा गुगल म्याप हेर्दै जाँदै थियौं । गाडी बनाएर फर्कने क्रममा स्न्याप च्याटमा केटीको म्यासेज आयो । उक्त समयमा सन्दिप लामिछानेले गाडी कुदाईरहेका थिए । मलाई यो नम्बरमा कल गर्नु भनेर म्यासेज आएको थियो । सन्दिप लामिछानेको मोबाईलमा गुगल म्याप हेरिरहेको हुँदा सन्दिप लामिछानेले मलाई यो नम्बरमा कल गर भनेर भनेपछि मैले स्न्याप च्याटमा आएको केटीको नम्बरमा मेरो मोबाईलबाट फोन गरेको थिएँ तर फोन उठेन । एकछिनपछि त्यही नम्बरबाट मेरो मोबाईलमा फोन आयो । केटीको आवाज आएको थियो । मैले निजलाई नचिनेकोले मैले फोन काटिदिएको थिएँ । एकछिनपछि सन्दिप लामिछानेसँग कुरा हुदाँ मैले नचिनेको नम्बरबाट फोन आएको छ भनी भनेकोमा उक्त नम्बर स्न्याप च्याटमा अघि केटीले दिएको नम्बरबाट फोन आएको भनी थाहा भएपछि उक्त नम्बरमा पुनः मैले मेरो मोबाईलबाट फोन गरे । उक्त समयमा फोन उठ्यो । उक्त समयमा सन्दिप लामिछानेले गाडी चलाईरहेका थिएँ । मेरो मोबाईल मेरो हातमा थियो । उक्त समयमा फोन स्पीकरमा थियो । कुरा हुँदै जादा उक्त केटीले सन्दिप लामिछानेलाई आज जसरी भएपनि भेट गरौं कुरा गर्नुछ भनी  उक्त केटीले भनिरहेकी थिईन् । उक्त समयमा सन्दिप लामिछानेले हामी भोलि केन्या क्रिकेट खेल्न जादै छौं क्यानसँग र अन्य मिटिङ्गहरु छ आज भेट्न मिल्दैन भनी भनेका थिए । मिल्यो भने बेलुका कल गर्छु भनी सन्दिप लामिछानेले भनेका थिएँ । त्यतिकैमा फोन काटिएको थियो । त्यसपछि हामी होटलमा गई आ-आफ्नो कोठामा गएका हौं अनि त्यसपश्चात के के भयो मलाई थाहा भएन । क्लोज क्याम्पको समयमा बाहिर जानुपर्दा मेनेजरलाई सोधेर जान पाईन्छ । उक्त दिन च्यासल हुँदै भित्री बाटो हुँदै हायात प्यालेस काठमाण्डौं जानको लागि सन्दिप लामिछानेको मोबाईलमा गुगल म्याप प्रयोग गरिएको हो । प्रस्तुत घटनाको विषयमा केन्याबाट फर्किने बेलामा एयरपोर्टमा समाचार हेरेर रेप केसमा सन्दिप फसेको फसाईएको भन्ने समेत समाचारहरु आएकोले सोहीबाट थाहा पाएको हुँ । घटना घटेको दिन म हायात प्यालेस होटलमा थिएँ । म प्रस्तुत घटनाको प्रत्यक्षदर्शी होईन

भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने साहब आलमले अदालत समक्ष गरेको बकपत्र ।

४५. यसमा यस अदालतको आदेश बमोजिम जिल्ला नुवाकोट तादी गा.पा. वडा नं.२ को वडा कार्यालयबाट प्राप्त भएको च.नं.२७६ मिति २०७९।०७।२९ को पत्रमा पीडितले जन्मदर्ता माग गर्ने समयमा अनलाईनमार्फत कार्य भएकोले कार्यालयमा सो अभिलेख किताब नरहेको भनी जवाफ प्राप्त भएको तर प्रतिवादीले बयानसाथ उक्त जन्मदर्ताको किताबको प्रतिलिपि पेश गरेको, मिसिल संलग्न द.नं.२०६००३१८००५९२ को जन्मदर्ता प्रमाणपत्रहरुमा समेत पीडितको जन्ममिति फरक फरक उल्लेख भएको देखिएकोले सो सम्बन्धमा के कसो भएको हो स्पष्ट जवाफ सहित सो जन्मदर्ता किताबको सक्कल यथाशिघ्र पठाईदिन भनी प्रस्तुत आदेश, अभियोजन पक्षले पेश गरेको पीडितको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि एवं प्रतिवादीले बयानसाथ पेश गरेको पीडितको जन्मदर्ता र सो जन्मदर्ता किताबको प्रतिलिपि समेत साथै राखी गोप्य खामबन्दी गरी तादी गा.पा. वडा नं.२ वडा कार्यालय रालुकादेवी नुवाकोटलाई पत्राचार गरी जवाफ सहितका कागजातहरु मगाउनू । साथै यस अदालतको आदेश बमोजिम नारायणी अस्पताल विरगंज पर्साबाट प्राप्त भएको जन्मदर्ता रेकर्ड स्पष्ट नबुझिएकोले सो को सक्कल किताब प्रमाणको लागि नारायणी अस्पताल विरगंज, पर्साबाट झिकाई प्राप्त भएपछि नियमानुसार पेश गर्नू भन्ने समेत बेहोराको यस अदालतको मिति २०८०।०२।०७ को आदेश ।

४६. यस अदालतको आदेशानुसार माग गरिएका तादी गा.पा.वडा नं.२ को वडा कार्यालयबाट प्राप्त पीडितको जन्ममिति सम्बन्धमा स्पष्ट जवाफ सहितको बसाई सराई सूचना फाराम एवं बसाई सराई दर्ताको प्रमाणपत्र, रालुका देवी गा.पा. नुवाकोटबाट प्राप्त बसाई सराई दर्ताको सक्कल रजिष्टर, नारायणी उप-क्षेत्रिय अस्पताल विरगंज पर्साबाट प्राप्त सक्कल डेलिभरी रेकर्ड रजिष्टर समेतका प्रमाण कागजात प्राप्त भई मिसिल साथै रहेको ।

४७. यसमा पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) को जन्म दर्ता किताबको प्रमाणित प्रतिलिपि पठाईदिनू भनी यस अदालतको आदेशानुसार तादी गा.पा. २ नं. वडा कार्यालय, नुवाकोटमा पत्राचार भएकोमा उक्त समयमा अनलाईनमार्फत कार्य भएकोले कार्यालयमा जन्मदर्ता किताबको अभिलेख नरहेको भनी सो कार्यालयबाट मिति २०८०।०२।०९, च.नं.७१२ को पत्र प्राप्त हुन आएको देखियो । साथै प्रतिवादीले बयानको क्रममा पीडितको जन्मदर्ता किताबको सम्बन्धित पृष्ठको प्रतिलिपि पेश गरी मिसिल सामेल रहेको पाईन्छ । तसर्थ प्रतिवादीले उक्त जन्मदर्ता किताबको प्रतिलिपि कुन निकायबाट प्राप्त गरेको हो भन्ने सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि नियमावली,

२०७५ को दफा ८९ (१) बमोजिम प्रतिवादीबाट कागज गराई मिसिल सामेल राख्नु र निजले कागजमा खुलाएको निकायमा पत्राचार गरी उक्त जन्मदर्ता किताबको प्रमाणित प्रतिलिपि झिकाई मिसिल सामेल राख्नू । प्रतिवादीले बयानको क्रममा पीडितको जन्ममितिको सन्दर्भमा निज पीडितले नारायणी अस्पताल विरगंजमा जन्म भएको भनी उल्लेख गरी प्रमाण लगाई पाउँ भनी उल्लेख गरेकोले यस अदालतको आदेश बमोजिम नारायणी अस्पताल, बिरगंजको मिति २०८०।०२।१०, च.नं.३६०२ को पत्रानुसार Daily Confinement Book प्राप्त हुन आएको र प्रतिवादीले नै प्रमाणको रुपमा उल्लेख गरेको वडा नं.२ को कार्यालय, तादी गा.पा., नुवाकोटबाट प्राप्त बसाईसराईको दर्ता किताबमा उल्लेखित पीडितको उमेर समेतको विवरण सो Daily Confinement Book मा उल्लेखित विवरणसँग भिडाई एकिन गर्ने प्रयोजनको लागि पीडितका अभिभावकले बसाईसराई प्रमाणपत्र प्राप्तीको लागि सो वडा कार्यालयमा मिति २०७३।०६।११ मा निवेदन दर्ता गर्दा पेश गरिएका नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेतका कागजातको प्रमाणित प्रतिलिपि सो वडा कार्यालयबाट झिकाई मिसिल सामेल राख्नू । मुद्दामा बहसको सन्दर्भमा उपस्थित विद्वान बरिष्ठ अधिवक्ता एवं अधिवक्ताहरुले प्रस्तुत मुद्दाको सन्दर्भमा सम्प्रेषण भएका कतिपय समाचारबाट मुद्दाको कारवाहीमा प्रतिकुल असर पर्न जाने भनी आफ्नो धारणा राख्नुभएको छ । प्रस्तुत मुद्दा पक्षहरुको गोपनियता कायम राखी बन्द इजलासबाट सुनुवाई हुने प्रकृतिको मुद्दा भएकोले मिसिल संलग्न विभिन्न प्रमाण कागजातमा उल्लेखित विषयका सम्बन्धमा सञ्चार माध्यममा समाचार सम्प्रेषण गर्दा विशेष सावधानी अपनाउनु पर्ने हुन्छ । साथै सम्मानित उच्च अदालत पाटनबाट मिति २०७९।०९।२८ मा भएको आदेशमा समेत यस सम्बन्धमा ध्यानाकर्षण गराईएको सन्दर्भमा प्रस्तुत विचाराधीन मुद्दाको सम्बन्धमा समाचार सम्प्रेषण लगायतका काम कारवाहीमा गोपनियता एवं मुद्दाको कारवाहीमा प्रतिकुल असर नपर्ने गरी सम्बन्धित सरोकारवालाबाट सावधानी अपनाईनेछ भन्ने तर्फ इजलास विश्वस्त छ । साथै उल्लेखित आदेशानुसारको जवाफ सहित प्रमाण कागजात प्राप्त भई आदेशानुसारको कार्य सम्पन्न भएपछिको आगामी हप्ताको पेशी तोक्नू भन्ने समेत बेहोराको यस अदालतको मिति २०८०।०४।३२ को आदेश ।

४८. यस अदालतको आदेशानुसार तादी गा.पा. वडा नं.२ को वडा कार्यालयबाट प्राप्त पीडितको बाबुले बसाईसराई प्राप्तीको लागि पेश गरेका नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बसाईसराई गरी आएको सूचना फारामको सक्कल प्रति थान-१, बसाईसराई गरी आएको प्रमाणपत्रको सक्कल प्रति थान-१ समेतका कागजातहरु प्राप्त भई मिसिल सामेल रहेको ।

४९.यसमा प्रतिवादीतर्फका विद्वान कानुन ब्यवसायीहरुले बहसका क्रममा पीडित परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) लगायतका परिवार मिति २०६९।१०।१५ मा काठमाण्डौं जिल्ला शंखरापुर नगरपालिकाबाट नुवाकोट जिल्ला तादी गाउँपालिकामा बसाईसराई गरी गएको भन्ने देखिँदा शंखरापुर नगरपालिकाको यी पीडित लगायत निजका परिवार सहित बसाईसराई गरेको प्रमाण पत्रका रजिष्टर ढड्डा माग गरी पाउँ भनि अनुरोध गरेकाले निवेदन माग बमोजिम काठमाण्डौं जिल्ला शंखरापुर नगरपालिकाको मिति २०७३।०६।०६ को बसाईसराई दर्ता रजिष्टरको सक्कल प्रति, मिति २०८०।०५।२५ गतेभित्र झिकाउनू । साथै प्रस्तुत मुद्दा निरन्तर सुनुवाई हुने प्रकृतिको हुँदा चाँडो पेशीमा राखी नियमानुसार पेश गर्नू भन्ने समेत बेहोराको यस अदालतको मिति २०८०।०५।२१ को आदेश ।

५०. यस अदालतको आदेशानुसार माग गरिएको बसाईसराई दर्ता रजिष्टरको सक्कल प्रति काठमाण्डौं जिल्ला शंखरापुर नगरपालिकाबाट प्राप्त भई मिसिल साथै रहेको ।

## कसूर ठहर खण्ड

५१.नियम वमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारतर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री सिताराम अर्याल र सहायक जिल्ला न्यायाधिवक्ता श्री सुर बहादुर परियार, जाहेरवालातर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु प्रा.डा.श्री शशि अधिकारी र श्री सुनिता रेग्मी, विद्वान अधिवक्ताहरु श्री आश्मा आचार्य, श्री अञ्जना अर्याल, श्री नारायण चौलागाई, श्री शान्ति रिसाल काफ्ले, श्री प्रतिमा कणेल खरेल, श्री अनिता थपलिया, श्री मोहना अंसारी, श्री अमृता अर्याल, श्री सविना विमली र श्री रिता निरौला र प्रतिवादीतर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री कृष्ण सापकोटा, श्री सविता भण्डारी, श्री शंभू थापा र श्री रमण कुमार श्रेष्ठ, विद्वान अधिवक्ताहरु श्री मुरारी प्रसाद सापकोटा, श्री रोशनी पौड्याल, श्री दृष्टी दाहाल, श्री रामेश्वर न्यौपाने, श्री सुभाष पाठक, श्री सरोजकृष्ण घिमिरे र श्री रामकुमार माझीले गर्नुभएको वहस सुनियो । वादी नेपाल सरकारतर्फबाट जिल्ला सरकारी वकील कार्यालय काठाण्डौका सहायक जिल्ला न्यायाधिवक्ता श्री सुरबहादुर परियारले, जाहेरवालातर्फबाट अधिवक्ता आश्मा आचार्यसमेत र अधिवक्ता श्री मोहना अंसारीले र प्रतिवादीतर्फबाट अधिवक्ता श्री सरोजकृष्ण घिमिरेले पेश गर्नुभएको लिखित वहस नोट अध्ययन गरियो । वादी प्रतिवादीहरुतर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरुले प्रस्तुत गर्नुभएको बहस तथा लिखित बहस नोट अध्ययन गरी हेर्दा निम्न वमोजिमको बहस जिकिर रहेको देखियो ।

**वादीतर्फको वहस जिकिर**

- जाहेरी दरखास्त तथा गौशाला २६ (छ)(१)(०७९।८०) को मौकाको कागजले प्रतिवादीले कसूर गरेको भनि किटान गरेको र सो कुरालाई घटनास्थल मुचुल्का, पीडितको स्वास्थ्य परिक्षण प्रतिवेदन, मौकामा कागज गर्ने व्यक्तिहरुको कागज, सि.सि. टि.भि. फुटेज समेतका कागजबाट समर्थित भएको छ ।
- जबरजस्ती करणी मुद्दामा पीडितको भनाइ नै मुख्य प्रमाण हुने भएको, सो भनाइ अनुसन्धान अधिकारी तथा अदालतमा एकरुपता रहेकोले सोलाई प्रमाणमा लिनुपर्ने ।
- प्रतिवादी र पीडितवीच भएको कल डिटेल रिपोर्ट समेतबाट प्रतिवादीले कमजोर आर्थिक अवस्था भएकी पीडितलाई अनुचित प्रभावमा पारी करणी गर्ने मनसाय राखेको भन्ने देखिन्छ ।
- प्रतिवादी घटना भएको भोलीपल्ट विदेश जाने योजनामा रहेको, निज बस्नको लागि होटल हायात प्यालेसमा कोठा बुकिंग भएकोमा सोमा नवसी विदेश जानको लागि आफ्नो तयारी गर्नुपर्नेमा सो नगरी पीडितलाई नगरकोट लगेको तथा काठमाण्डौको होटल काठमाण्डौ इनमा एउटै कोठा लिइ सोही कोठामा रात विताएको भन्ने कुरामा विवाद नरहेको अवस्था हुँदा प्रतिवादीले करणी गरेको भन्ने देखिन्छ ।
- वादी पक्षबाट पेश भएका नागरिकताको प्रमाणपत्र लिनको लागि भरिएको अनुसूची फाराम, नागरिकताको प्रमाणपत्र, एस.इ.इ.को ग्रेडशिट, विद्यालयको चारित्रिक प्रमाणपत्र तथा जन्मदर्ता प्रतिलिपि आधिकारिक निकायबाट जारी भएका र उक्त प्रमाणहरु अन्यथा नभै प्रमाण योग्य भएको र उक्त प्रमाणहरुबाट पीडितको जन्म मिति २०६२।०२।१८ देखिंदा घटना हुँदाको अवस्थामा १८ वर्ष नपुगेकी नाबालिक देखिन्छन् ।
- प्रतिवादी पक्षबाट पेश भएका प्रमाणको स्रोत नखुलेकोले आधिकारिक नहुनुका साथै ती प्रमाणहरुमा एकरुपता समेत नभएकोले प्रमाणग्राह्य छैनन् ।

**प्रतिवादीतर्फको वहस जिकिर**

- स्न्याप चाट, जाहेरी दरखास्त, गौशाला २६(छ)(१)(०७९।०८०) को कागज तथा बकपत्र लगायत कल डिटेल रेकर्डबाट गौशाला २६(छ)(१)(०७९।०८०) ले नै सम्पर्क गरी प्रतिवादीलाई बोलाएको तथा निजको भनाइ अनुसार नै काठमाण्डौ होटल इनमा बसेको हुँदा प्रतिवादीको करणी गर्ने मनसाय थियो भन्ने अवस्था देखिदैन ।
- पीडित गौशाला २६(छ)(१)(०७९।०८०) ले आफ्नो साथीलाई साथीको घरमा छोडिसक्यो म सुरक्षित छु भनेको कुराबाट करणी भएको भन्ने देखिदैन ।

- गौशाला २६(छ)(१)(०७९।०८०) तथा प्रतिवादीका शरीरमा संघर्षका चिन्हहरु देखिदैनन् ।
- स्वास्थ्य परीक्षण प्रतिवेदनबाट करणी भएको भन्ने कुरा पुष्टी हुदैन ।
- घटनाको कुनै तथ्य स्वीकार गर्दैमा अपराध स्वीकार गरेको हुदैन ।
- गौशाला २६(छ)(१)(०७९।०८०) को भनाइ अन्य स्वतन्त्र प्रमाणबाट पुष्टी भएको छैन ।
- पीडित गौशाला २६(छ)(१)(०७९/०८०) को भनाईमा विरोधाभास भएकोले सो भनाइलाई प्रमाणमा लिन मिल्दैन ।
- पीडित गौशाला २६(छ)(१)(०७९/०८०) वयष्क रहेकी, काठमाण्डौमा एक्लै स्वतन्त्र रुपमा बस्ने गरेकी, एस.इ.इ. पास गरेकी र आफैं कमाइ गरी बसिरहेकी अवस्था देखिंदा आफ्नो स्वतन्त्र निर्णय लिन सक्षम देखिन्छिन् ।
- पीडित गौशाला २६(छ)(१)(०७९/०८०) ले आत्मरक्षाको अधिकार प्रयोग गरेको देखिदैन ।
- गौशाला २६(छ)(१)(०७९/०८०) को जन्म दर्ता, बसाइ सराइ दर्ता तथा अस्पतालको डेलिभरी रजिष्टर समेतबाट निज १८ वर्ष पुगिसकेको देखिन्छ ।
- सि.सि. टि.भि. फुटेजबाट होटलमा प्रवेश गर्दा तथा बाहिर निस्कदाको गौशाला २६ (छ)(१)(०७९/०८०) को अवस्था हेर्दा जवरजस्ती करणी गरेको भन्ने देखिदैन ।

**वादी नेपाल सरकारबाट प्रतिवादी सन्दिप लामिछाने उपर लगाइएको अभियोग निम्न वमोजिम देखिन्छ ।**

**५२.** प्रतिवादी सन्दिप लामिछानेले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) विपरीत र उपदफा (२) बमोजिमको कसूर अपराध गरेको हुँदा निज प्रतिवादीलाई सोही संहिताको दफा २१९ को उपदफा (३) को (घ) बमोजिम सजाय गरीपाउँ ।

**५३.** वादी, प्रतिवादी तथा जाहेरवाला पक्षबाट उपस्थित विद्वान कानून व्यवसायीहरुको वहस जिकिर तथा प्रतिवादी उपर लगाइएको अभियोग दावी समेतलाई विचार गर्दा प्रस्तुत मुद्दामा निम्न विषयहरुको निरुपण गर्नुपर्ने देखिन आयो ।

१. प्रतिवादी सन्दिप लामिछाने र गौशाला २६ (छ)(१)(०७९।८०) का वीचमा करणीको कार्य भएको छ छैन ?

२. गौशाला २६ (छ)(१)(०७९।८०) नाबालिग हुन् वा १८ वर्ष उमेर पुगेकी बालिग ?

३. प्रतिवादी सन्दिप लामिछाने तथा गौशाला २६ (छ)(१)(०७९।८०) का वीचमा करणीको कार्य भएको देखिन्छ र गौशाला २६ (छ)(१)(०७९।८०) बालिग देखिन्छिन भने उक्त कार्य मञ्जुरीमा भएको हो होइन ?

५४. पहिलो प्रश्न प्रतिवादी सन्दिप लामिछाने र गौशाला २६ (छ)(१)(०७९।८०) का वीचमा करणीको कार्य भएको छ छैन भन्ने सम्बन्धमा विचार गर्दा पीडितका दाजु नाता पर्ने जाहेरवाला गौशाला २६ (छ) (०७९।८०) ले जाहेरी दरखास्त दिँदा स्न्याप च्याट भन्ने एप मार्फत चिनजान भएका प्रतिवादी सन्दिप लामिछानेले गौशाला २६ (छ)(१) (०७९/०८०) लाई कतै घुम्न जाउँ Mental Refreshment हुन्छ भनी जोडबल गरी मिति २०७९।०५।०५ गते आफ्नो गाडीमा राखी नगरकोटको बोजिनी रिसोर्टमा रातको करिब २०:२० बजेको समयमा पुऱ्याई सोही होटलको भि.आई.पी. रुम बुक गर्ने सम्बन्धमा पटक-पटक कुराकानी गरेकोमा परिवर्तित नाम गौशाला २६(छ)(१) (०७९/०८०) ले बस्न नमानेपछि का.जि.का.म.न.पा. वडा नं.९ पिंगलास्थान स्थित होटल काठमाडौं ईनमा ल्याई कोठा नं.३०५ मा राखी जवरजस्ती करणी गरी भोलीपल्ट होस्टल अगाडी लगेर छाडि दिई फरार भएकोले कारवाही गरीपाउँ भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ । पीडित गौशाला २६(छ)(१)(०७९/०८०) ले अनुसन्धान अधिकारी समक्ष मौकामा कागज गर्दा अन्य कुरा जाहेरी दरखास्तको व्यहोरासंग मिलान हुनेगरी कागज गर्दै २०७९।०५।०६ गते होटल काठमाडौं ईनमा म निदाएकोमा अन्दाजी ००:२५ बजे तिर म ब्युँझिदा निज प्रतिवादी मसँग सुत्न आई जबरजस्ती मैले लगाएको पाईन्ट खोली आफ्नो पाईन्ट समेत खोली मैले नमान्दा नमान्दै मेरो ईच्छा बिपरित जबरजस्ती करणी गरेर मेरो शरीरमा बिर्य झारी आफु बाथरुमतर्फ गई पुनः बेडमा आई सुतेकोमा त्यसको करिब एक घण्टापछि निज प्रतिवादीले मेरो शरीरमा छाम्ने कपाल तान्ने गर्दा मैले प्रतिरोध गर्दा मेरो ढाडमा निकै जोडले हाने । त्यसपछि मलाई डर लागी रुँदै गर्दा मलाई चल्न नदिई पुनः दोश्रो पटक जबरजस्ती करणी गरेको भनि उल्लेख गरेको देखिन्छ । मौकामा बुझिएकी प्रकृति गिरी तथा पवन ढुँगानाले पीडितले आफुहरुलाई सन्दिप लामिछानेले जवरजस्ती करणी गरेको भनि सुनाएको व्यहोरा उल्लेख गरि कागज गरि पीडितको भनाईलाइ समर्थन गरिदिएको देखिन्छ । होटल काठमाण्डौ ईनका सेक्युरिटी गार्ड राजन राणा तथा बाबुकाजी थापामगर, सो होटलका वेटर सबिन श्रेष्ठ, रिसेप्सनिस्ट अनिश श्रेष्ठले मौकामा अनुसन्धान अधिकारी समक्ष कागज गर्दा प्रतिवादी सन्दिप लामिछाने तथा पीडित सो होटलमा बसेको भन्ने कुरा लेखाइदिएको पाइन्छ । यसैगरी बोजिनी रिसोर्ट, नगरकोटका सुपरभाईजर समिर पुरीले अनुसन्धान अधिकारी

समक्ष कागज गर्दा निज पीडित तथा प्रतिवादीहरु सो रिसोर्टमा गएको भनि लेखाइदिएको देखिन्छ । पीडित परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) को स्वास्थ्य परिक्षण प्रतिवेदन हेर्दा Hymen:- old tear at 6 O'clock position भन्ने उल्लेख भएको देखिन्छ भने सो स्वास्थ्य परिक्षण गराउँदा चिकित्सक समक्ष लेखाएको Brief History मा आफुलाई सन्दिप लामिछानेले करणी गरेको भनि पीडितले लेखाएको देखिन्छ ।

५५. माथि उल्लेख गरिएका कुराहरुका अतिरिक्त जाहेरवालाले यस अदालतसमक्ष बकपत्र गर्दा मौकाको जाहेरीलाई समर्थन गरी बकपत्र गरिदिएको पाइन्छ । पीडित गौशाला २६ (छ)(१)(०७९/०८०) ले पनि आफुलाई प्रतिवादी सन्दिप लामिछानेले जवरजस्ती करणी गरेको भनि किटान गरि लेखाएको देखिन्छ । यसैगरी मौकामा कागज गर्ने प्रकृति गिरी लगायतका व्यक्तिले मौकामा गरेको कागजलाई समर्थन गरी बकपत्र गरिदिएको देखिन्छ । जाहेरवाला तथा मौकामा कागज गर्ने व्यक्तिहरुको भनाईलाई प्रमाण ऐन, २०३१ को दफा १८ अनुसार प्रमाणमा लिनुपर्ने हुन्छ । सोही ऐनको दफा १०(१) मा भएको कानूनी ब्यवस्था अनुसार पीडितको भनाईलाई प्रमाणमा लिनुपर्ने हुन्छ ।

५६. प्रतिवादी सन्दिप लामिछानेले अनुसन्धान अधिकारी तथा यस अदालतसमक्ष वयान गर्दा आफुले नचाहँदा नचाहँदै पनि पीडितले कर गरेकोले भन्दै पीडितसंगै नगरकोट गएको, होटल काठमाण्डौ ईनको कोठा नंवर ३०५ मा राती बास बसेको लगायतका अन्य सम्पूर्ण घटनाक्रम स्वीकार गरेको देखिन्छ । तर होटल काठमाण्डौ ईनको कोठा नंवर ३०५ मा राती बस्दा आँफुले पीडितलाई केही नगरी एउटा कुर्सीमा वसी रात विताएको भनेको देखिन्छ । दुई पक्षकावीचमा हुने करणीको कार्य गोप्य रुपमा हुने भएकोले यसलाई प्रत्यक्ष रुपमा देख्ने साक्षी कोही नहुने हुँदा करणीको कार्य भए नभएको सम्बन्धमा परिस्थितिजन्य प्रमाणमा नै भर पर्नुपर्ने हुन्छ । प्रतिवादी र पीडितका वीचमा स्न्यापच्याट मार्फत चिनजान भएको एक हप्ता पनि भएको देखिंदैन । पीडित र प्रतिवादीवीचमा कुनै किसिमको नाता सम्बन्ध रहेको देखिंदैन । निजहरु प्रेम सम्बन्धमा रहेको अवस्था पनि देखिदैन । प्रतिवादी र पीडित प्रत्यक्ष रुपमा घटना हुनुभन्दा अगाडि भेट भएको भन्ने अवस्था पनि देखिदैन । मिसिल संलग्न कल डिटेल्स रिपोर्ट हेर्दा प्रतिवादी पक्षबाट नै धेरै पटक सम्पर्क गरेको देखिन्छ । प्रतिवादी सन्दिप लामिछाने क्लोज क्याम्पमा रहेको देखिई निजलाई बस्नको लागि हायात प्लेस होटलमा कोठा रहेको भन्ने देखिन्छ । निज प्रतिवादी घटना घट्ने दिनको भोलीपल्ट विदेश जाने योजनामा रहेको देखिन्छ । यस्तो अवस्थामा निज प्रतिवादीले पीडितलाई होटलमा लिएर

जानु र आफुलाई तय गरिएको होटलको कोठामा नबसी पीडित बसेको कोठामा नै बसेको देखिइ प्रतिवादी तथा पीडितको कृयाकलापको सामान्य क्रम विचार गर्दा प्रतिवादीको मनसाय पीडितसँग करणी गर्नु नै रहेको भन्ने अनुमान गर्न सकिन्छ । प्रमाण ऐन, २०३१ को दफा ७ (ग) अनुसार पनि सो कुरा अदालतले अनुमान गर्न सक्ने नै हुन्छ । पीडितले करणी भएको भनेको र माथि उल्लेखित परिस्थितिबाट पीडित र प्रतिवादीकावीचमा करणीको कार्य भएको भन्ने अवस्था देखियो ।

५७. प्रतिवादी पक्षबाट उपस्थित विद्वान कानून व्यवसायीहरुले बहसको क्रममा पीडितले आफ्नो साथीलाई साथीको घरमा छोडिसक्यो म सुरक्षित छु भनेर म्यासेज लेखेको, गौशाला २६ (छ)(१)(०७९।०८०) तथा प्रतिवादीको शरीरमा संघर्षका चिन्हहरु नदेखिएको, स्वास्थ्य परीक्षण प्रतिवेदनबाट करणी भएको भन्ने कुरा पुष्टी नभएको, पीडितले आत्मरक्षाको अधिकार प्रयोग नगरेको, प्रतिवादीलाई फसाउनको लागि लामो समयपछि सोचविचार गरी जाहेरी दरखास्त (After thought statement) दिएको भनि जिकिर लिएको देखिन्छ । सो सम्बन्धमा हेर्दा पीडितले आफ्नो साथीलाई आफ्नो घरमा छोडिसक्यो भन्ने म्यासेज घटना हुनुपुर्व नै लेखेको पाइन्छ । घटना हुनुभन्दा पहिला लेखिएको म्यासेजबाट पछि भएको भनिएको घटनालाई प्रमाणित वा खण्डन गर्ने अवस्था हुँदैन । पीडितको स्वास्थ्य परीक्षण घटना भएको दिन भन्दा १५ दिन पछि र प्रतिवादीको करीव डेढ महिनापछि मात्र भएको देखिन्छ । लामो समयपछि भएको स्वास्थ्य परीक्षणमा करणी पश्चात देखिने संघर्षका चिन्हहरु नदेखिन पनि सक्छन् । पीडित तथा प्रतिवादीका शरीरमा संघर्षका चिन्हहरु नदेखिदैमा करणी नै भएको होइन भनि यकिन हुने होइन । संघर्षका चिन्हहरु देखिएको अवस्थामा एक पक्षको असहमतिमा करणी भएको भन्ने कुरालाई थप पुष्टी गर्ने अवस्था हो । आत्मरक्षाको अधिकार प्रयोग नगर्दैमा करणीको कार्य नभएको भन्ने हुदैन । स्वास्थ्य परिक्षण प्रतिवेदनमा Hymen:- old tear at 6 O'clock position भन्ने उल्लेख भएको देखिन्छ सो कुराले करणी भएको भन्ने पीडितको भनाईलाई खण्डन भन्दा पनि समर्थन नै गरेको देखिन्छ । जाहेरी दरखास्त कानूनले निर्धारित गरेको हदम्यादभित्र नै परेको छ । नेपालमा महिलाको सामाजिक स्थिति, करणीबाट पीडितमा पर्न सक्ने मानसिक प्रभाव समेतका कारणहरुबाट महिलाले सहज किसिमले तुरुन्तै उजुर नगर्ने हुन सक्छ । केही समय ढिलो जाहेरी दिएको कारणबाट मात्र त्यस्तो जाहेरीलाई सोची विचारी दिएको भन्न मिल्ने हुदैन । एक्लो जाहेरी आफैंमा एकमात्र पूर्ण प्रमाण पनि होइन मुख्य कुरा सो जाहेरी

अन्य प्रमाणबाट समर्थित छ छैन सोलाई समेत विचार गरिनुपर्ने हुन्छ । पीडितले प्रतिवादीलाई फसाउनु पर्ने सम्मको कुनै कारण पनि देखिदैन ।

५८. दोस्रो प्रश्न गौशाला २६ (छ)(१)०७९।८० नाबालिग हुन् वा १८ वर्ष उमेर पुगेकी वालिग भन्ने सम्बन्धमा विचार गर्दा, नाबालिगसँग करणी गरेको अबस्थामा स्वत: जवरजस्ती करणीको कसूर हुने र वालिगसँग निजको मञ्जुरी विना करणी गरेको अवस्थामा मात्र जवरजस्ती करणीको कसूर गरेको मानिने हुँदा पीडित भनिएको व्यक्तिको उमेरको यकिन गर्नुपर्ने हुन्छ । यसतर्फ हेर्दा वादी पक्षबाट गौशाला २६ (छ)(१) ०७९।८० १८ वर्ष उमेर नपुगेकी नाबालिग भनि दावी लिइएको पाइन्छ भने प्रतिवादी पक्षले निजको उमेर १८ वर्ष पुगेकोले वालिग भैसकेको भनि जिकिर लिएको देखिन्छ । मिसिल संलग्न प्रमाणहरु हेर्दा वादी पक्षबाट पेश भएका तथा दावी लिइएका मनोहर सेकेण्डरी स्कुल, गोंगबु काठमाण्डौंबाट जारी भएको कक्षा ८ को प्रमाणपत्र, एस.इ.इ. को ग्रेड शिट, महेन्द्र सेकेण्डरी स्कूलबाट जारी भएको चारित्रिक प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र लिनको लागि भरिएको अनुसूची फाराम, नागरिकताको प्रमाणपत्र तथा मिति २०७९।३।१४ मा रालुका गाउँपालिकाबाट प्रदान भएको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपिमा पीडितको जन्म मिति २०६२।२।१८ उल्लेख भएको र सरकारी कार्यालयमा रहेका उक्त अभिलेखमा उल्लेखित जन्म मितिलाई नै आधिकारिक रुपमा लिनुपर्ने हुँदा पीडितको जन्म मिति सोही मिति नै कायम हुनुपर्ने भनि दावी लिइएको देखिन्छ । पीडित घरमा नै जन्मिएको भै अस्पतालबाट जारी भएको जन्मदर्ताको प्रमाणपत्र नभएको अवस्थामा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८३ अनुसार बालबालिकाको उमेर निर्धारण सम्बन्धमा गरिएको व्यवस्था अनुसार जन्मदर्ता प्रमाणपत्र लगायतका प्रमाणहरुबाट पीडितको जन्म २०६२।२।१८ कायम हुनुपर्ने हुन्छ भनि जिकिर लिएको देखिन्छ । प्रतिवादी सन्दिप लामिछानेले यस अदालतमा वयान गर्दा पीडित १८ वर्ष पुगेको भनि जन्मदर्ता प्रमाणपत्र, अस्पतालको डेलिभरी रजिष्टर समेतका कागजहरुको फोटोकपी पेश गरेको देखिन्छ । यस अदालतबाट भएको आदेश अनुसार नारायणी उप-क्षेत्रीय अस्पतालको डेलीभरी रजिष्टर, शंखरापुर नगरपालिका कार्यालय काठमाण्डौको बसाइसराइ दर्ता किताव, रालुका गा.वि.स. नुवाकोटको बसाइ सराइ दर्ता किताव, तादी गाउँपालिका २ नंवर वडा कार्यालयको पत्रसाथ प्राप्त बसाइ सराइको सूचना फाराम, शंखरापुर नगरपालिकाको कर्यालयबाट जारी भएको बसाइ सराइ दर्ताको प्रमाणपत्र र तादी गाउँपालिका वडा नंवर

२ को कार्यालयबाट जारी भएको बसाइ सराइ दर्ता प्रमाणपत्र प्राप्त भै मिसिल सामेल रहेको देखिन्छ ।

**५९.** वादी पक्षबाट पेश भएका मनोहर सेकेण्डरी स्कुल, गोंगबु काठमाण्डौंबाट जारी भएको कक्षा ८ को प्रमाणपत्र, एस.इ.इ. को ग्रेड शिट, महेन्द्र सेकेण्डरी स्कूलबाट जारी भएको चारित्रिक प्रमाणपत्र, नागरिकता प्रमाणपत्र लिनको लागि भरिएको अनुसूची फाराम, नागरिकताको प्रमाणपत्र तथा २०७९।३।१४ मा रालुका गाउँपालिकाबाट प्रदान भएको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपिमा पीडितको जन्म मिति २०६२।२।१८ उल्लेख भएको देखिन्छ ।

**६०.** नारायणी उप-क्षेत्रीय अस्पतालको डेलीभरी रजिष्टरमा बच्चाको नाम उल्लेख नहुने गरेको र दावी लिइएको पीडितको आमाको पुरा नाम थर वतन उल्लेख भएको देखिदैन । उक्त विवरण २०६१।२।१८ मा जन्म भएका बच्चाको विवरण देखिन्छ । जाहेरवाला पीडितका दाजुले यस अदालतमा बकपत्र गर्दा हाम्रो जन्म वीरगञ्जमा भएको हो भनि उल्लेख गरेको देखिंदा पीडितको जन्म वीरगञ्जमा भएको कुरालाई अन्यथा मान्नुपर्ने देखिएन । शंखरापुर नगरपालिका कार्यालय काठमाण्डौको बसाइसराइ दर्ता किताव, रालुका गा.वि.स. नुवाकोटको बसाइ सराइ दर्ता रजिष्टर, तादी गाउँपालिका २ नंवर वडा कार्यालयको पत्रसाथ प्राप्त बसाइ सराइको सूचना फाराम, शंखरापुर नगरपालिकाको कार्यालयबाट जारी भएको बसाइ सराइ दर्ताको प्रमाणपत्र र तादी गाउँपालिका वडा नंवर २ को कार्यालयबाट जारी भएको बसाइ सराइ दर्ता प्रमाणपत्रमा पीडित गौशाला २६ (छ)(१)(०७९।०८०) को जन्म मिति २०६१।३।१८ उल्लेख भएको देखिन्छ ।

**६१.** तादी गाउँपालिका २ नंवर वडा कार्यालयको मिति २०७९।७।२९ को पत्रबाट "... २०७५।९।१८ गते पेश गरेको अनुसूची फाराम निजका पिताले मेरी छोरीको जन्म २०६१।३।१८ अनुसार जन्मदर्ताको प्रमाणपत्र माग गरेको र यस कार्यालयले सोही अनुसार जन्म दर्ता प्रमाणपत्र दिइएको उक्त समयमा अनलाइन मार्फत कार्य भएकोले कार्यालयमा अभिलेख किताब नरहेको साथै मिति २०७५।९।१८ मा निजको एस.इ.इ. को प्रमाणपत्र अनुसार जन्म मिति परिवर्तन गरीपाउँ भनि निवेदन आएको र द.नं. २०६१०३१८००५९२ अनुसार नै प्रतिलिपि दिइएकोले निजको जन्म मिति २०६१।३।१८ प्रमाणित हुने जानकारी जन्म सूचिको सक्कल प्रति १, बसाइ सराइ अभिलेख किताव १, निजको प्रथम जन्म दर्ता प्रमाणपत्र १ का साथ जानकारीको लागि अनुरोध गरिन्छ" भनि लेखि आएको देखिन्छ । यसैगरी सोही वडा कार्यालयले मिति २०८०।२।९ मा स्पष्ट जवाफसहित विवरण पठाइएको भन्ने पत्रमा "...यस तादी

गाउँपालिका वडा नंवर २ को कार्यालयमा जन्मको सूचना फाराम भरी जन्म मिति २०६१।३।१८ अनुसार गौशाला २६ को जन्म दर्ता प्रमाणपत्र निजको अभिभावकले आँफै जन्मदर्ता सूचना फाराम भरी सो विवरणको आधारमा सूचना दिन आएको र कानून अनुसार जन्म दर्ता गरीपाउँ भनि यस कार्यालयमा मिति २०७५।९।१८ मा निवेदन दिनुभएको र सो वमोजिम २०६१०३१८००५९२ को फाराम दर्ता अभिलेख भै मिति २०६१।३।१८ जन्म मिति रही जन्मदर्ता प्रमाणपत्र प्रदान गरिएको जानकारी गराइन्छ । पछि गौशाला २६ ले शुरुको जन्मदर्ता प्रमाणपत्र हराएको र नागरिकता बनाउनको लागि जन्मदर्ता प्रमाणपत्र आवश्यक परेकोले जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि माग गरेकोले निजको एस.इ.इ. ग्रेडशिट अनुसारको मिति उल्लेख गरी उक्त प्रतिलिपि फर्म दर्ता नंवर २०६१०३१८००५९२ स्वतः साविकको नै हुने हुँदा सो प्रतिलिपिमा जन्म मिति २०६२।२।१८ निजको माग अनुसार उल्लेख गरी जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि मिति २०७९।३।१४ मा जारी भएको व्यहोरा जानकारीका लागि अनुरोध गरिन्छ । साथै निजको जन्म मिति २०६१।३।१८ प्रमाणित हुने जानकारी जन्मसूचि बसाइ सराइ अभिलेख किताब र निजको प्रथम जन्मदर्ता प्रमाणपत्रबाट देखिन्छ । निजको प्रतिलिपि मागको समयमा निज एस.इ.इ. ग्रेडशिट अनुसारको जन्ममिति उल्लेख गरी प्रतिलिपि पाउँ भनि अनुरोध गरेकोमा प्रतिलिपि दिइएको तर उक्त प्रतिलिपि फाराम दर्ता मिति २०७५।९।१८ र फाराम दर्ता २०६१०३१८००५९२ नै कायम रही मिति २०७९।३।१४ मा प्रतिलिपि जारी गरिएको साथै उक्त समयमा अनलाइन मार्फत कार्य भएकोले कार्यालयमा जन्मदर्ता किताब अभिलेख नरहेको अनुसूची फारामलाइ नै आधार मानी जन्मदर्ता प्रमाणपत्र जारी गरिएको..." भनि उल्लेख भएको देखिन्छ ।

६२. पीडितसँग रहेका आधिकारिक निकायबाट जारी गरिएका नेपाली नागरिकताको प्रमाणपत्र तथा शैक्षिक योग्यताका प्रमाणपत्रहरु बदर नभएको, प्रतिवादी पक्षबाट पेश भएका प्रमाणहरुको स्रोत नखुलेको तथा ती प्रमाणहरुमा एकरुपता समेत नभएको अवस्थामा वादी पक्षबाट पेश भएका प्रमाणपत्रहरुमा उल्लेखित जन्म मिति २०६२।२।१८ लाई नै कायम गर्नुपर्ने भन्ने वादी पक्षको विद्वान कानून व्यवसायीहरुको बहस जिकिर रहेको छ । सो सम्बन्धमा विचार गर्दा प्रतिवादीले पेश गरेका प्रमाणहरुको सम्बन्धमा यस अदालतको आदेशानुसार सम्बन्धित स्थानीय पञ्जिकाधारीको कार्यालय तथा अस्पतालबाट सक्कलै प्रमाणहरु झिकाइएको र उक्त प्रमाणहरु कानून वमोजिम अधिकार तथा कर्तव्य भएका कार्यालयले सो अधिकार तथा कर्तव्य पालनको सिलसिलामा राखेको अवस्थाका देखिंदा स्रोत नै नखुलेको भन्न मिल्ने देखिएन । माथि उल्लेखित विवरणबाट स्थानिय

पञ्जिकाधिकारीको कार्यालयमा रहेका अभिलेखहरुमा पीडित परिवर्तित नाम गौशाला २६(छ)(१) का पिताले भरेको जन्म दर्ता तथा बसाइ सराइको सूचना फाराम र सो अनुसार तयार भएको विवरणमा पीडितको जन्म मिति २०६१।३।१८ उल्लेख भएको देखिन्छ । २०७९।३।१४ मा जारी भएको पीडितको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपिमा २०६२।२।१८ कायम गरेपछि सोही वमोजिम पीडितले नेपाली नागरिकताको प्रमाणपत्र लिएको देखिन्छ । गौशाला २६ (छ)(१)(०७९।०८०) ले शुरुको जन्मदर्ता प्रमाणपत्र हराएको र नागरिकता बनाउनको लागि जन्मदर्ता प्रमाणपत्र आवश्यक परेकोले जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि माग गरेकोले निजको एस.इ.इ. ग्रेडशिट अनुसारको मिति उल्लेख गरी उक्त प्रतिलिपि फर्म दर्ता नंवर २०६१०३१८००५९२ स्वतः साविकको नै हुने हुँदा सो प्रतिलिपिमा जन्म मिति २०६२।२।१८ निजको माग अनुसार उल्लेख गरी जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि मिति २०७९।३।१४ मा जारी भएको भन्ने तादी गाउँपालिकाको पत्रबाट देखिएको र पीडितले आफ्नो जन्ममिति २०६२।२।१८ नै हो भनि यकिनका साथ निवेदन दिइ तत्काल प्रचलनमा रहेको जन्म, मृत्यु तथा व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ९क वमोजिम तथा सो ऐन खारेज भै हाल प्रचलनमा रहेको राष्ट्रिय परिचयत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा २५ वमोजिम संशोधन नगराएको अवस्थामा पीडितले आफ्नो शैक्षिक योग्यता एस.इ.इ. को ग्रेडशिटमा उल्लेख भएको जन्ममितिसँग मिलान हुने गरी जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि लिइ सोही अनुसार नेपाली नागरिकताको प्रमाणपत्र बनाएको भन्ने देखियो । दुबै पक्षबाट पेश भएका जन्मदर्ता प्रमाणपत्रको दर्ता नंवर २०६१०३१८००५९२ एउटै रहेको, पीडितका पिताले भरेको जन्म दर्ता तथा बसाइ सराइको सूचना फाराम र सो अनुसार तयार भएको विवरणमा पीडितको जन्म मिति २०६१।३।१८ उल्लेख भएको तथा तादी गाउँपालिका वडा नंवर २ बाट प्राप्त पत्रमा पीडितको जन्म मिति २०६१।३।१८ भनि लेखि आएको अवस्था देखिंदा पीडितको जन्म २०६१।३।१८ मा नै भएको भन्ने दखियो । सो जन्ममितिको हिसावबाट घटना हुँदाका अवस्थामा पीडितको उमेर १८ वर्ष पुगेको भन्ने देखियो ।

**६३.** वादी पक्षबाट उपस्थित कानून व्यवसायीबाट पीडितको नेपाली नागरिकताको प्रमाणपत्र लगायतका शैक्षिक योग्यताको प्रमाणपत्र बदर नभइ यथावत कायम रहेको अवस्थामा उक्त प्रमाणपत्रहरुमा उल्लेखित जन्म मितिलाई नै आधार मान्नुपर्ने भन्ने जिकिरका सम्बन्धमा हेर्दा निवेदकका उक्त प्रमाणपत्रहरु आधिकारिक निकायबाट जारी भएका र

अन्यथा भएको अवस्था छैन । प्रस्तुत मुद्दा पीडितका प्रमाणपत्रहरुको वैधता परिक्षण गर्ने मुद्दा पनि हैन । सो सम्बन्धमा मुद्दा परेमा सोही मुद्दाबाट नै हेरिने हुन्छ । प्रस्तुत मुद्दामा व्यक्तिको उमेरको आधारमा अन्य व्यक्तिलाई दायित्व निर्धारण गर्नुपर्ने अवस्थामा उमेर यकिन गर्नुपर्ने हुन आएको छ । पीडितले आफ्नो शैक्षिक योग्यताका प्रमाणपत्र अनुकुल हुनेगरी जन्म मिति कायम गराइ जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि लिइ सो अनुसार बनाइएका अन्य प्रमाणपत्रहरुमा उल्लेखित जन्म मितिका आधारमा उमेर यकिन गरी अन्य व्यक्तिलाई दायित्व बहन गराउन मिल्दैन । वास्तविक जन्म मितिको आधारमा नै उमेर यकिन गर्नुपर्ने हुन्छ ।

६४. तेस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा पीडित तथा प्रतिवादीका वीचमा करणीको कार्य भएको भन्ने कुरा माथि प्रश्न नंवर एकको विवेचनाबाट स्थापित भएको छ । प्रतिवादी सन्दिप लामिछाने तथा गौशाला २६ (छ)(१)(०७९।८०) का वीचमा भएको सो करणीको कार्य पीडितको मञ्जुरीमा भएको हो होइन भन्ने सम्बन्धमा विचार गर्दा करणीको घटना भएको भनिएको दिनमा पीडित गौशाला २६ (छ)(१)(०७९।८०) १८ वर्ष उमेर पुगिसकेको भन्ने कुरा माथि नै विवेचना भइसकेको छ । उमेर पुगेका महिला पुरुषले एकआपसको मञ्जुरीमा करणी गर्न स्वतन्त्र हुने भएकोले त्यस्तो मञ्जुरीको करणीलाई कसूर मानिदैन । यस्तो करणी महिलाको मञ्जुरीविना भएको अवस्थामा भने जबरजस्ती करणीको कसूर हुन्छ ।

६५. मञ्जुरीका सम्बन्धमा नेपालको कानूनी व्यवस्था हेर्दा मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१) मा कसैले जवरजस्ती करणी गर्न हुँदैन भन्ने ब्यबस्था गरेको पाइन्छ भने सोही दफाको उपदफा (२) मा कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिइ करणी गरेमा वा मञ्जुरी लिएर भएपनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जवरजस्ती करणी गरेको मानिनेछ भन्ने ब्यवस्था रहेको देखिन्छ । उक्त उपदफामा मञ्जुरी के हो भन्ने कुराको परिभाषा गरेको पाइदैन । सोही उपदफाको स्पष्टीकरणको खण्ड (क) मा करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिइ लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन र खण्ड (ख) होस ठेगानामा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन भन्ने ब्यवस्था रहेको पाइन्छ ।

६६. सोही संहिताको परिच्छेद २ फौजदारी न्यायका सामान्य सिध्दान्त अन्तरगत दफा १५ मा मञ्जुरी लिई गरेको काम कसूर नहुने, दफा १६ मा भलाईका लागि मञ्जुरी लिइ गरेको काम कसूर नहुने, दफा १७ मा भलाईका लागि संरक्षकको मञ्जुरी लिइ गरेको

काम कसूर नहुने, दफा १८ मा भलाईको लागि मञ्जुरी नलिइ गरेको काम कसूर नहुने भन्ने ब्यवस्था रहेको पाइन्छ । दफा २० मा मञ्जुरी मौखिक वा लिखत रुपमा वा इशारा वा आचरणद्वारा व्यक्त गर्न सकिनेछ । तर देहायका अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन भन्दै खण्ड (क) मा तथ्यको भ्रममा परी वा कुनै किसिमको हानि, नोक्सानी हुनसक्ने डर, त्रासमा परी कुनै व्यक्तिले मञ्जुरी दिएको र त्यस्तो मञ्जुरी अनुसार काम गर्ने व्यक्तिलाई त्यस्तो मञ्जुरी दिइएको हो भन्ने कुरा थाहा भएमा वा निजले विश्वास गर्नुपर्ने कुनै मनासिव कारण भएमा, (ख) मानसिक अस्वस्थताको कारणले आफुले दिएको मञ्जुरीको गुण, दोष र परिणाम बुझ्न नसक्ने गरी होस ठेगानमा नरहेका बखत कुनै व्यक्तिले मञ्जुरी दिएकोमा, (ग) अठार वर्ष ननाघेका बालबालिकाले मञ्जुरी दिएकोमा र (घ) अनुचित प्रभावमा परी मञ्जुरी दिएकोमा भन्ने ब्यवस्था रहेको देखिन्छ ।

६७. मञ्जुरीको सम्बन्धमा अन्य देशको कानूनी व्यवस्था हेर्दा बेलायतमा Sexual Offences Act 2003 को दफा ७४ मा मञ्जुरीको परिभाषा गर्दै For the purposes of this Part, a person consents if he agrees by choice, and has the freedom and capacity to make that choice (छनौट गर्न सक्षम व्यक्तिले स्वतन्त्रतापूर्वक छनौट गर्न सहमत हुन्छ भने त्यस्तो व्यक्तिले मञ्जुर दिएको मानिन्छ) भन्दै दफा ७५ मा मञ्जुरी सम्बन्धमा प्रमाणको अनुमान (Evidential presumptions about consent) गर्नुपर्ने कुरा अन्तर्गत प्रतिवादीले वारदात घटाएको देखिएको, मञ्जुरी नभएको मानिने परिस्थितिहरुको बिद्यमानता रहेको र प्रतिवादीलाई त्यस्ता परिस्थितिहरुको जानकारी भएको अवस्थामा प्रतिवादीले प्रयाप्त प्रमाण पेश गरेको अवस्थामा बाहेक पीडितको मञ्जुरी नभएको मानिन्छ । मञ्जुरी नभएको मानिने परिस्थिति भन्नाले कुटपिट गरी वा गर्ने धम्की दिई, गैरकानूनी थुनामा राखी, निन्द्रा वा अन्य कारणले अचेत रहेको, शारीरिक अशक्तताको कारणले मञ्जुरी दिन नसक्ने अवस्थामा रहेको, जाहेरवालाको सहमतिबिना बेहोस हुने वा प्रतिकार गर्न नसक्ने पदार्थको सेवन गराई लिईएको मञ्जुरीलाई प्रतिवादीले प्रमाणद्वारा खण्डन नगरेसम्म मञ्जुरी मानिदैन भन्ने व्यवस्था गरेको देखिन्छ । दफा ७६ मा करणी सम्बन्धी कार्यको प्रकृति र उद्देश्यको सम्बन्धमा प्रतिवादीले जानीजानी झुक्याएको र व्यक्तिगतरुपमा जाहेरवालासँग चिनजान भएको व्यक्तिको भ्रम सिर्जना गरी त्यस्तो कार्य गर्न जाहेरवालालाई जानिजानी उत्प्रेरित गरी लिएको मञ्जुरीलाई वास्तबिक मञ्जुरी मानिँदैन ।

६८. भारतीय अपराध संहिता (Indian Penal Code, 1860-IPC) को दफा ३७५ को दोस्रो खण्डमा महिलाको मञ्जुरी बिना (Without her consent) गरिने यौनक्रियालाई जवर्जस्ती करणी मानी सोको स्पष्टीकरण २ मा मञ्जुरीको परिभाषा गरिएको पाइन्छ । सो व्यवस्था

अनुसार Consent means an unequivocal voluntary agreement when the woman by words, gestures or any form of verbal or non-verbal communication, communicates willingness to participate in the specific sexual act. Provided that a woman who does not physically resist to the act of penetration shall not by the reason only of that fact, be regarded as consenting to the sexual activity. महिलाले कुनै प्रकारको यौन कार्यमा भाग लिनको लागि शब्द, इशारा वा अन्य कुनै प्रकारको मौखिक वा गैरमौखिक माध्यमबाट इच्छा ब्यक्त गरी गरेको एक स्पष्ट स्वैच्छिक सहमति । तथापि, महिलाले शारीरिक रुपमा प्रतिरोध नगरेको कारणले मात्र यौन कार्यमा निजको मञ्जुरी थियो भन्न सकिँदैन ।

६९. महिला र पुरुषकावीचमा हुने यौन क्रियालाई नेपालीमा संभोग पनि भन्ने गरिन्छ । संभोगको अर्थ समान तरिकाले भोग गर्नु हो । यौन क्रियामा दुबै पक्षको समान चाहना तथा सहभागिता रहेको अवस्थामा संभोग हुने हो । कुनै एक पक्षको चाहना र सहभागिता नरहेको अवस्था देखिन्छ भने त्यस्तो यौनक्रिया मञ्जुरीविनाको हुने हुनाले जवरजस्ती हुन्छ । कुनै यौनक्रियामा असहमत हुने पक्षले अर्को पक्षका विरुध्दमा प्रतिकार गरेको र त्यसरी प्रतिकार गर्दा संघर्षका चिन्हहरु देखिन्छन् भने त्यस्तो क्रियामा असहमति रहेको भन्ने कुरा सहज रुपमा नै अनुमान गर्न सकिन्छ । तर प्रतिकार नगरेकै कारणले मात्र अर्को पक्षको मञ्जुरी रहेको भनि अनुमान गर्न भने मिल्दैन । एक पक्षबाट भौतिक बलको प्रयोग गरेको वा त्यस्तो बल प्रयोग गर्ने धम्की दिएको अवस्था तथा अर्को पक्ष कुनै कारणबाट अचेत रहेको तथा शारीरिक रुपमा अशक्त रहेको अवस्थामा अर्को पक्षले प्रतिकार गर्न नसकि समर्पण गर्नुपर्ने हुन्छ । यसरी समर्पण गरेको कुरालाई मञ्जुरी मानिदैन ।

७०. जवरजस्ती करणीको कसूर शक्तिहीनका विरुध्द शक्ति सम्पन्नले गर्ने कसूर हुँदा यौनक्रियामा संलग्न रहने पक्षहरुको शक्ति सन्तुलनलाई पनि हेर्नुपर्ने हुन्छ । समाजमा आर्थिक सामाजिक रुपमा कमजोर रहेका व्यक्तिहरु शक्ति सम्पन्नबाट सहज रुपमा प्रभावित हुन्छन् । कैद थुना वा हिरासतमा रहेका, अरु कसैको संरक्षण वा सुरक्षामा रहेका कुनै कार्यालयगत वा पेशागत सेवा प्राप्त गर्न गएका मानिसहरु त्यसरी हिरासतमा राख्ने, संरक्षणमा राख्ने वा सेवा दिने व्यक्तिहरुबाट सहज रुपमा प्रभावित हुन्छन् । यसैगरी एउटै कार्यालयमा रहने माथिल्लो तह र तल्लो तहको कर्मचारी, एउटै विद्यालयको शिक्षक र विद्यार्थी, छात्रावासमा वार्डेन र विद्यार्थी, फिल्म वा कला क्षेत्रमा ख्यातीप्राप्त नायक निर्देशक र भर्खर प्रवेश गरेका नवप्रवेशी कलाकार, होटलका मालिक व्यवस्थापक र सहायक कामदार, धर्मगुरु र अनुआयी, कुनै क्षेत्रमा विशेष ख्याती प्राप्त

गरेका व्यक्ति र समर्थक आदि अन्य उदाहरण हुन सक्छन् । यस्ता असमान शक्ति सम्बन्धमा रही कमजोर रुपमा रहेका व्यक्तिहरु अर्को व्यक्तिप्रति सहज रुपमा विश्वासमा परेका हुन्छन्, कुनै कुराका लागि आभारी हुन्छन्, कसैको अधीनमा वा आश्रित हुन्छन् । यस्ता निर्बल व्यक्तिहरुलाई अर्को पक्षले सहज रुपमा दुरपयोग गर्न सक्ने हुँदा त्यस्ता व्यक्तिहरु यौन जोखिममा रहेका हुन्छन् । यसरी जोखिममा रहेका व्यक्तिसँग हुने यौनक्रियाका सम्बन्धमा मञ्जुरीको प्रश्न उठेमा असमान शक्ति सन्तुलनको दृष्टकोणबाट पनि हेरिनुपर्ने हुन्छ ।

७१. मुलुकी अपराध संहिता, २०७४ को दफा २२१ मा कैद वा थुनामा रहेको कुनै व्यक्तिसँग सरकारी कर्मचारीले करणी गर्न वा करणी गर्न अरु कसैलाई संयोग पारी मिलाइदिइ करणी गराएको, दफा २२२ मा कसैले आफुले संरक्षण वा सुरक्षा दिएको वा आफ्नो हेरविचारमा रहेको कुनै व्यक्तिसंग करणी गर्न वा करणी गर्न अरुलाई सहयोग गर्न वा होस ठेगानामा नरहेको शारीरिक वा मानसिक रोग लागी उपचार वा पुनर्स्थापना गर्ने कुनै संस्थामा राखिएको कुनै व्यक्तिसँग त्यस्तो संस्थाका पादाधिकारी वा कर्मचारीले करणी गरेको अवस्थामा र दफा २२३ मा सरकारी वा निजी कार्यालयमा कार्यरत वा कुनै पेशागत सेवा वा व्यावसायिक कामको लागि सम्पर्कमा आएको वा रहेको कुनै व्यक्तिसँग त्यस्तो कार्यालयमा काम गर्ने कर्मचारी वा त्यस्तो सेवा उपलब्ध गराउने व्यक्तिले कार्यालयको काम गर्दा वा त्यस्तो सेवा उपलब्ध गराउँदा वा गराउने स्थानमा करणी गर्न वा करणी गर्न अरुलाई सहयोग गर्न हुदैन भन्दै करणीको कार्यलाई नै कसूर घोषित गरेको देखिन्छ । यस्ता व्यक्तिहरुका वीचमा करणी स्थापित भएको अवस्थामा स्वत कसूर मानिन्छ । मञ्जुरी भए नभएको कुनै कुरा हेरिदैन ।

७२. नेपाल कानून पत्रिका २०७२ निर्णय नंवर ९०३५ मा सर्वोच्च अदालतबाट मञ्जुरीका सम्बन्धमा "...एउटा वयष्क र स्वस्थ महिला अथवा पुरुषलाई उनिसरहको महिला अथवा पुरुष एक्लैले निजको इच्छाविरुध्द जवरजस्ती करणी गर्न सक्दैन । पीडितले रोई कराई संघर्ष आदि गरेर प्रतिरोध गर्नुपर्छ । पीडित तथा प्रतिवादीको शरीरमा प्रतिरोधको चिन्ह देखिनुपर्छ भनि पीडितको शरीर र उमेर मात्र हेर्ने दृष्टिकोणलाई मान्यता दिदैंन । पीडितको मानसिक अवस्था र परिवेश पनि हेर्नु आवश्यक हुने । ...पीडितबाट कसरी असहमति ब्यक्त हुनुपर्छ, पीडितको असहमति आम समुदायले बुझ्ने गरी नै ब्यक्त हुनुपर्छ भन्न मिल्दैन । सोच्दै नसोचेको घटना घट्दा सबैले एकै हिसाबले सुझबुझका साथ यस्तै प्रतिक्रिया ब्यक्त गर्नुपर्छ भन्न मिल्दैन । पीडितबाट अनजान ठाउँमा आफू एक्लै र असुरक्षित अवस्थामा रातिमा भएको यो वारदातमा भएको त्यो हदसम्मको

प्रतिक्रिया स्वाभाविक हुने । ... जबरजस्ती करणी मुद्दामा पीडित र प्रतिवादी एक आपसमा यौन समागम गर्नका लागि समान हैसियतमा छन् छैनन् अर्थात यिनीहरूमा equality of bargaining power छ छैन समेत विचार गर्नुपर्ने हुन्छ । जो कमजोर र अरूबाट सहज प्रभावित हुन सक्छन् अथवा जो कसैको विश्वासमा परेका हुन्छन्, कसैबाट कुनै कुराका लागि आभारी छन् वा कसैको अधीनमा वा आश्रित छन् यस्ता vulnerable को हक हित सम्मानको रक्षाको लागि यौन कसुरको विधिशास्त्र प्रत्येक दिन विकसित हुँदै गइरहेको देखिन्छ" भनि व्याख्या गरेको पाइन्छ ।

७३. यसैगरी नेपाल कानून पत्रिका २०७६ निर्णय नंवर १०३४२ मा "...आफ्नो पदीय प्रभावमा पारी अफिसर स्तरको सैनिकले सैनिक सेवाभित्रको तल्लो तहको महिला सैनिकसँग यौन सम्बन्ध राख्नका निम्ति लिएको सहमतिलाई अनुचित प्रभावमा पारी लिएको सहमति भनी बुझ्नु पर्ने हुन्छ । अनुचित प्रभावमार्फत लिइएको सहमति प्रपञ्च (delusion) कै स्वरूप मान्नु पर्दछ । यस्तोमा स्वतन्त्र मनको प्रयोग गरी जानेर वा बुझेर दिइएको सहमति मान्न नसकिने । यस्तो सम्बन्धलाई यौन शोषणकै एउटा प्रकृतिको रूपमा हेरिनु पर्ने" भनि व्याख्या भएको पाइन्छ ।

७४. प्रस्तुत मुद्दामा वादी पक्षबाट पीडित १८ वर्ष नपुगेकी नाबालिग रहेको कारणबाट निजसँग करणी भएको अवस्थामा स्वतः जवरजस्ती करणी हुने भनि र प्रतिवादी पक्षबाट करणीको वारदात नै भएको छैन भनि मञ्जुरीका सम्बन्धमा वादी प्रतिवादी दुबै पक्षबाट कुनै जिकिर लिएको देखिदैन । गौशाला २६ (छ)(१)(०७९।८०) भर्खर १८ वर्ष पुगेकी देखिन्छन् । निजले भरखर मात्र एस.इ.इ. उत्तीर्ण गरेको भन्ने देखिन्छ । निजको आर्थिक अवस्था अत्यन्त कमजोर रहेको तथा पारिवारिक अवस्था पनि राम्रो नरहेको भन्ने देखिन्छ । सो कुरा घटना विवरण कागज गर्ने देव खनालले बकपत्र गर्दा "आफ्नो पारिवारीक स्थिति राम्रो छैन भनेर भन्थिन् । आर्थिक सहयोग Sponsorship खोजी गरिरहेको कुरा गर्थिन्" भनि लेखाएको कुरा, प्रतिवादीका साक्षी तथा पीडितसँगै एउटै कोठामा बस्ने सलिना शर्माले बकपत्र गर्दा "...निजलाई तिमी किन सन्दिप लामिछानेलाई भेट्न जान लागेको हो भनी भन्दा निजले आफुलाई होस्टल फी र अन्य खर्चको लागि स्पोन्सरसिप चाहिएको हुँदा र भोली नै सन्दिप लामिछाने २ महिनाको लागि बाहिर जान लागेको हुँदा आजै भेटेर कुरा गर्नुछ भनेकी थिईन्" भन्ने भनाइ र प्रतिवादी सन्दिप लामिछानेले यस अदालतमा वयान गर्दा "...निजको व्यक्तिगत कुराहरुको बारेमा सोध्दा निज आफु एकदमै दयनिय स्थितिमा रहेको बताईन । निजको बुवा आमाको सम्बन्ध विच्छेद पछि निजले धेरै समस्याहरु भोग्नु परेको बताईन । आफ्नो एउटा दाई रहेको र

उ पनि कुलतमा फसेको र घरमा पनि खासै वास्ता नगर्ने र आफुलाई जहिल्यै पनि गाली गरीरहने र खर्च समेत मागी रहने बताईन् । निजको आर्थिक स्थिती पनि गंभिर रहेको र आफुले आफ्नो पढाई लगायतका अन्य खर्चहरु पनि व्यहोर्न गाह्रो रहेको बताईन," "...निजको भनाई अनुसार देव खनालले पनि निजलाई भेटेको र समय समयमा आर्थिक सहयोग समेत गरेको कुरा बताईन् । यो कुरा भन्दा निज भावुक मुद्रामा देखिन्थिन । केही समयपछि निजले आफुलाई आर्थिक सहयोग चाहिएको र आफु Sponshorship को खोजीमा रहेको बताएकी थिईन् । यदी मेरो तर्फबाट केही सहयोग हुन सक्छ भनेर निजले मसँग जिज्ञासा राख्दा सो सम्बन्धमा मैले विचार गरेर भन्छु भनी भनेको थिएँ" भन्ने भनाईबाट पनि प्रमाणित हुन्छ । प्रतिवादी सन्दिप लामिछाने २२ वर्षका र निज नेपाली क्रिकेट टिमका कप्तान रही क्रिकेट खेलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याती कमाएका मानिस देखिन्छन् । पीडित सन्दिप लामिछानेको खेल समर्थक (Fan) देखिन्छन् । पीडितको उमेर, निजको पारिवारिक तथा आर्थिक अवस्था समेत र प्रतिवादीको शारीरिक तथा राष्ट्रिय अन्तर्राष्ट्रिय व्यक्तित्व समेत हेर्दा यी दुई वीचमा समानता रहेको भन्ने देखिदैन । पीडितको आर्थिक अवस्था समेतका कारणबाट निज सहज रुपमा दुरुपयोग हुने अवस्थाको देखिन्छिन् । आर्थिक सहयोगको आसको कारणबाट निज प्रतिवादीसँग भेट गर्न गएको भन्ने देखिन्छ । सोही अवस्थामा प्रस्तुत घटना भएको देखिन्छ । जवरजस्ती करणी मुद्दामा पीडित नै घटनाको आधारभूत गवाह भएको र अन्यथा नभएसम्म निजको भनाइ नै सर्वाधिक महत्वको प्रमाण हुने हुँदा पीडितले जवरजस्ती गरेको भनि भनेको अवस्था र पीडित तथा प्रतिवादीको असमान हैसियत रहेको देखिएको अवस्थामा भएको करणीको कार्यलाई मञ्जुरीमा भएको भन्न मिल्ने देखिएन ।

**७५.** तसर्थ माथि विवेचना गरिए अनुसार परिवर्तित नाम गौशाला २६ (छ)(०७९/०८०) को जाहेरी दरखास्त, प्रतिवादी सन्दिप लामिछानेको बयान, परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०), राजन राणा, बाबुकाजी थापा मगर, सविन श्रेष्ठ, अनिश श्रेष्ठ, समिर पुरी, सन्तोष प्रसाद अधिकारी, लाल बहादुर बानियाँ, साहव आलम, देव खनाल समेतले गरिदिएको घटना विवरण कागज तथा निजहरुको बकपत्र लगायत मिसिल संलग्न सी.सी. टी.भी. फुटेजबाट परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) तथा प्रतिवादी सन्दिप लामिछाने काठमाडौ देखी नगरकोट गई पुनःकाठमाडौं आई होटल काठमाडौं ईनको एउटै कोठामा बसेको देखिन्छ । सो कुरामा वादी प्रतिवादीको विवाद रहेको समेत देखिंदैन । राती एउटै कोठामा बसेको अवस्था देखिएको, सो समयमा परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) ले करणी भएको भनेको र

परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) तथा प्रतिवादी सन्दिप लामिछानेको घटना हुँदाको दिनको क्रियाकलापको घटनाक्रम समेतलाई विचार गर्दा प्रतिवादी तथा परिवर्तित नाम गौशाला २६(छ)(१)(०७९/०८०) का बीचमा करणी भएको देखियो ।

७६. रालुका गा.वि.स. नुवाकोटको बसाईसराई दर्ता रजिष्ट्रर, शंकरापुर नगरपालिका काठमाडौंको बसाईसराई दर्ता किताब, नारायणी उप-क्षेत्रीय अस्पताल वीरगंजको डेलिभरी रजिष्टर, परिवर्तित नाम गौशाला २६(छ)०७९/०८०) को बकपत्र, तादी गाउँ पालिका २ नम्बर वडा कार्यालय, नुवाकोटको मिति २०८०।०५।०५ गते तथा मिति २०७९।०७।२९ को पत्र र सोसाथ संलग्न प्रमाणसमेतबाट परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) को जन्म मिति २०६१।०३।१८ मा भएको देखिई वारदात हुँदाका दिनमा निजको उमेर १८ वर्ष पुगिसकेको देखियो । १८ वर्ष उमेर पुगेकी परिवर्तित नाम गौशाला २६ (छ)(१)(०७९/०८०) को नाजुक आर्थिक अवस्थासमेतको फाइदा उठाई करणी भएको देखिंदा सहमतीको करणी भन्ने नदेखिएकोले प्रतिवादी सन्दिप लामिछानेले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (१), (२) र (३)(ङ) बमोजिमको कसूर गरेको ठहर्छ । सो संहिताको दफा २१९ (३) (घ) बमोजिमको कसूर कायम गरी सजाय गरी पाउँ भन्ने अभियोग दावी सो हदसम्म पुग्न सक्दैन ।

७७. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ९ बमोजिम सजाय निर्धारण सुनुवाईको लागि मिति २०८०।०९।२५ को पेशी तोक्नु । सो मिति अगावै वादी, प्रतिवादी तथा जाहेरवाला पक्षका कानून व्यवसायीबाट सजाय पूर्वको प्रतिवेदन तथा पीडितलाई भराउनु पर्ने क्षतिपूर्तिको रकम र सोको आधारसमेत पेश गर्न लगाउनू भन्ने समेत बेहोराको मिति २०८०।०९।१३ को कसुर ठहर आदेश ।

## सजाय निर्धारण खण्ड

७८. नियम वमोजिम सजाय निर्धारणको लागि पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारतर्फबाट उपस्थित सहायक जिल्ला न्यायाधिवक्ता श्री सूरबहादुर परियार, जाहेरवालातर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ताहरु प्रा.डा. श्री शशि अधिकारी र श्री सुनिता रेग्मी, विद्वान अधिवक्ताहरु श्री आश्मा आचार्य, श्री प्रतिमा कँडेल खरेल, श्री मोहना अंसारी, श्री शान्ती रिसाल काफ्ले र श्री सविता विमलीले प्रतिवादीवाट भएको कसूर गंभीर किसिमको भएको, पीडितको आत्म सम्मानमा चोट पुऱ्याएको, प्रतिवादीले न्यायिक प्रकृयालाई सहयोग नगरेको तथा प्रतिवादी उच्च हैसियतमा रहेको अवस्था समेतलाई विचार गरी प्रतिवादीलाई उच्च हदको सजाय हुनुपर्ने, फौजदारी कसूर (सजाय

निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १५ (२) (ङ) बमोजिम डेढी सजाय समेत हुनुपर्ने र पीडितमा पर्न गएको मानसिक असर, काम गर्न नसक्ने अवस्था समेतलाई विचार गरी न्यूनतम दश लाख क्षतिपूर्ति भराउनुपर्ने भनी तथा प्रतिवादीतर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता श्री सविता भण्डारी बराल, विद्वान अधिवक्ताहरु श्री मुरारी सापकोटा, श्री रोशनी पौड्याल र श्री सरोजकृष्ण घिमिरेले अनुसन्धानको प्रकृयालाई प्रतिवादीले सहयोग गरेको, अदालतबाट भएका आदेशहरुको निरन्तर पालना गरेको, अन्य कसूर गरेको नदेखिएको र पीडितलाई शारीरिक तथा मानसिक हानी नोक्सानी भएको भन्ने अवस्था नदेखिंदा न्यूनतम सजाय गरि पीडितले पहिला नै रु एक लाख अन्तरिम राहत लिइसकेको देखिंदा अब क्षतिपूर्ति भराउने अवस्था नरहेको भनि प्रस्तुत गर्नुभएको बहस सुनी वादी पक्षबाट सहायक जिल्ला न्यायाधिवक्ता श्री सूरबहादुर परियार, जाहेरवालातर्फबाट विद्वान अधिवक्ता श्री आश्मा आचार्यसमेतले र प्रतिवादी पक्षबाट विद्वान अधिवक्ता श्री सरोजकृष्ण घिमिरेले पेश गर्नुभएको सजाय पूर्वको प्रतिवेदन सहितको मिसिल अध्ययन गरी हेर्दा प्रतिवादीलाई के कस्तो सजाय हुने हो सो सम्बन्धमा नै निर्णय दिनुपर्ने हुन आयो ।

७९. प्रतिवादी सन्दिप लामिछानेले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (१), (२) र (३)(ङ) बमोजिमको कसूर गरेको ठहर भएको अवस्था रहेको छ । सो कसूर ठहर भएको अवस्थामा दफा २१९(३)(ङ) बमोजिम सात वर्षदेखि दश वर्षसम्म कैद र दफा २१९ (३क) (घ) बमोजिम रु तीन लाख जरिवाना हुन सक्ने देखिन्छ । जरिवानाको सजाय कानूनमा नै निश्चित गरेको अवस्था देखिंदा सो तर्फ केही बोलिरहनु परेन सोही तोकिएको जरिवाना नै हुने अवस्था देखियो । प्रतिवादीलाई हुने कैदको सम्बन्धमा विचार गर्दा प्रतिवादी सन्दिप लामिछाने २२ वर्ष उमेर पुगेका देखिन्छन् भने पीडितको उमेर १८ वर्ष रहेको देखिन्छ । प्रतिवादी नेपाली क्रिकेट टिमका कप्तान भै सो खेलमा अन्तर्राष्ट्रिय ख्याती कमाएका व्यक्ति देखिन्छन् । यी प्रतिवादीले यो भन्दा पहिला कुनै अपराधिक कार्य गरेको भन्ने देखिदैन । २ महिनाको लागि खेल खेल्नको लागि विदेश गएकोमा सो समय अवधि व्यतित गरिसकेपछि पनि त्यतै बसि नेपाल नआएको भन्ने नदेखिइ स्वाभाविक समयमा नै नेपाल आइ न्यायिक प्रकृयालाई सहयोग नै गरेको देखिन्छ । पीडितलाई गंभीर शारीरिक हानी नोक्सानी पुगेको भन्ने अवस्था देखिदैन । यस्तो अवस्थामा कसूरको गंभीरता बढाउने अवस्था नदेखिइ पहिलो पटकको कसूरदार देखिएको र न्यायिक प्रकृयालाई सहयोग गरेको अवस्था समेत देखिंदा ८ वर्ष कैदको सजाय गर्दा पर्याप्त नै हुने देखियो ।

८०. जाहेरवालातर्फबाट फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १५(२) (ङ) वमोजिम डेढी सजाय समेत हुनुपर्ने भन्ने जिकिरका सम्बन्धमा विचार गर्दा वादी पक्षले अभियोग दावी लिँदा नै सो सजायको माग दावी गरेको नदेखिएकोले माग दावी नै नभएको विषयमा केही बोलिरहनुपर्ने अवस्था देखिएन ।

८१. क्षतिपूर्ति सम्बन्धमा विचार गर्दा पीडितलाई भराउनुपर्ने क्षतिपूर्तिको रकम र सो को आधार खुलाइ प्रतिवेदन पेश गर्न आदेश भएकोमा सो सम्बन्धमा वादी तथा जाहेरवालाबाट पेश भएको सजायपूर्वको प्रतिवेदनमा कुनै निश्चित रकम र सो को आधार उल्लेख गरेको देखिदैन । अपराध पीडित संरक्षण नियमावली, २०७७ वमोजिम पीडित प्रभाव प्रतिवेदन पेश भएको देखिदैन । जाहेरवालातर्फबाट उपस्थित विद्वान कानून व्यवसायीले वहसको क्रममा एकमुष्ठ दश लाख वा मासिक रु पचास हजारका दरले भराइदिनुपर्ने भनि जिकिर लिनुभएको पाइन्छ । श्री सर्वोच्च अदालतमा अन्तरिम राहतको लागि निवेदन दिंदा र.३६,८६१।- को विल पेश गरी शिक्षा तथा बसोबास खर्च समेत भनि रु.२,१४,६१०।- को माग दावी गरेको देखिन्छ । पीडितलाई गंभीर रुपमा शारीरिक हानी नोक्सानी भएको भन्ने कुरा शारीरिक परीक्षण प्रतिवेदनबाट देखिदैन । कसूरको कारणबाट पीडितले दैनिक कार्य गर्न नसकेको भन्ने देखिन्छ । कसूरको कारणबाट निजलाई दैनिक जनजीविकामा परेको प्रतिकुल प्रभाव तथा मानसिक तथा भावनात्मक क्षति समेतलाई विचार गर्दै जरिवाना वापत निजलाई प्राप्त हुने रकम समेतलाई मध्यनजर गर्दै निज प्रतिवादीबाट पीडितलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ वमोजिम रु दुई लाख क्षतिपूर्ति भराइदिंदा पर्याप्त नै हुने देखियो ।

८२. तसर्थ माथि उल्लेख भए अनुसार पीडित गौशाला २६ (छ) (१) (०७९।८०) को उमेर, प्रतिवादी सन्दिप लामिछानेको उमेर, घटना हुँदाको अवस्था प्रतिवादीको सामाजिक हैसियत, पीडितलाई परेको मानसिक असर समेतलाई विचार गर्दा प्रतिवादी सन्दिप लामिछानेलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (३) (ङ) वमोजिम ८।०।०(आठ) वर्ष कैद र दफा २१९ (३क) (ग) वमोजिम रु.३,००,०००/- (तीन लाख रुपैंया) जरिवाना हुने तथा पीडितलाई पुग्न गएको मानसिक असर समेतलाई विचार गरी दफा २२८ वमोजिम प्रतिवादीलाई भएको जरिवाना रु.३,००,०००/-(तीन लाख रुपैंया) र थप रु.२,००,०००/-(दुई लाख रुपैंया) रकम क्षतिपूर्ति बापत प्रतिवादी सन्दिप लामिछानेबाट पीडित गौशाला २६ (छ)(१)(०७९।०८०) लाई भराईदिने ठहर्छ । सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ बमोजिम यो फैसला गरिदिएको छ ।

## तपसिल खण्ड

- माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी सन्दिप लामिछानेलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१), (२) र (३)(ङ) बमोजिम ८।०।० (आठ वर्ष) कैद र रु.३,००,०००/-(तीन लाख रुपैयाँ) जरिवाना हुने ठहरी फैसला भएकोले कैद जरिवानाको लगत कसी निज प्रतिवादी मिति २०७९।०६।२० गतेदेखि मिति २०७९।०९।२८ सम्म ०।३।८ (तीन महिना आठ दिन) थुनामा बसेको देखिंदा सो ०।३।८ (तीन महिना आठ दिन) असुल जनाइ बाँकी कैद ७।८।२२ (सात वर्ष आठ महिना बाईस दिन) असुल गर्नु र जरिवाना रु.३,००,०००/- (तीन लाख रुपैंया) असुल गरी पीडित राहत कोषमा जम्मा गर्नु भनी तहसिल शाखालाई लगत दिनू.................................१
- प्रतिवादी सन्दिप लामिछानेलाई ८।०।०(आठ वर्ष) कैद र रु.३,००,०००/-(तीन लाख रुपैंया) जरिवाना हुने ठहर भएकोले अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३) बमोजिम निज प्रतिवादी सन्दिप लामिछानेबाट रु.१२,०००/-(बाह्र हजार रुपैंया) क्षतिपूर्ति शुल्क असुल गर्नुपर्ने भएकोले सो क्षतिपूर्ति शुल्क प्रतिवादीबाट असुल गरी पीडित राहत कोषमा दाखिला गर्नु भनी तहसिल शाखामा लेखी पठाउनू............................................................२
- प्रतिवादी सन्दिप लामिछानेबाट असुल भइ पीडित राहत कोषमा जम्मा हुने जरिवाना रु.३,००,०००/-(तीन लाख रुपैंया) तथा पीडितलाई प्रतिवादीबाट भराइदिने ठहर भएको क्षतिपूर्ति रकम रु.२,००,०००/-(दुई लाख रुपैंया) समेत जम्मा रु.५,००,०००/- (पाँच लाख रुपैंया) मध्ये पीडितले अन्तरिम राहत स्वरुप लिएको रु.१,००,०००/-(एक लाख रुपैंया) कटाइ बाँकी रु.४,००,०००/-(चार लाख रुपैंया) पीडितलाई नियमानुसार दिलाई दिनू .....................................३
- प्रतिवादी सन्दिप लामिछानेलाई लागेको कैद जरिवाना असुल भएपछि मुद्दाको अंतिम किनारा लागेपछि प्रतिवादी सन्दिप लामिछानेले यस अदालतमा र.नं.१७८९ बाट मिति २०७९।०९।२९ मा राखेको धरौटी रु.२०,००,०००/- (बीस लाख रुपैंया) फिर्ता पाउँ भनि निवेदन दिएमा नियमानुसार फिर्ता दिनू .....................४
- यो फैसलामा चित्त नबुझे वादी प्रतिवादीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ बमोजिम श्री उच्च अदालत पाटनमा पुनरावेदन गर्न सक्ने नै हुँदा वादी प्रतिवादीलाई पुनरावेदनको म्याद दिइरहनु परेन.........................५

- फैसलाको प्रतिलिपि साथै राखी फैसला भएको जानकारी जिल्ला सरकारी वकिलको कार्यालय काठमाण्डौं तथा पीडितलाई दिनू ..............................................६
- सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल माग गर्न आएमा लाग्ने दस्तुर लिई कानूनको रीत पुऱ्याई नक्कल दिनू........................................................७
- प्रस्तुत फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा र अदालतको वेबसाइटमा प्रकाशित गर्नू.............. ...................................................................८
- प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा अपलोड गर्नू र मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू................................९

.......................

जिल्ला न्यायाधीश

<u>फैसला लेखनमा सहयोग गर्नेः</u>

शाखा अधिकृतः- प्रकाश खड्का

ना.सु.ः सुस्मा शर्मा पौडेल

इति सम्बत २०८० साल पुष महिना २५ गते रोज ४ शुभम्..................................।

फैसला प्रमाणीकरण मिति २०८०।१०।१२ अदालतको छाप

न्यायाधीशको दस्तखत